# अध्याय एक

# सिर्जन परिचय

## १.१ सिर्जन शीर्षक

Formatted: Justified

प्रस्तुत सिर्जनपत्रको शीर्षक **'एक्काइसौं शताब्दीलाई उपहार'** नामक निबन्ध ~~संग्रह~~संङ्ग्रह रहेकोछ ।

## १.२ सिर्जनाकार्यको प्रयोजन

Formatted: Justified

प्रस्तुत सिर्जनपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तरगत रत्नराज्यलक्ष्मी क्याम्पस नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका लागि रहेकोछ ।

## १.३ विषय परिचय

प्रस्तुत सिर्जनपत्र अर्न्तगत यो 'एक्काइसौं शताव्दीलाई उपहार' नामक निबन्ध ~~संग्रह~~संङ्ग्रहभित्र निबन्धको परिचय, सिद्धान्त, परिभाषा, निबन्धको पर्यावरण तत्त्व विकास क्रम, प्रस्तुत निबन्धहरूको विश्लेषण एवं आत्मपरक शैली अन्तरगतका समसामयिक दसओटा निबन्धहरू संग्रहित रहेका छन् ।

## १.४ सिर्जन कार्यको उद्देश्य

यो सिर्जनपत्रको प्रमुख उद्देश्य भन्नु नै आत्मपरक शैलीका समसामयिक निबन्धहरू लेखी यस कोटिका निबन्धह~~रु~~रूका माध्यमद्वारा नेपाली ~~नेपाली~~ साहित्यमा निबन्ध विधाको भण्डारलाई बढाउन सहयोग पुऱ्याउनु रहेको छ ।

## १.५ सिर्जनाकार्यको औचित्य

साहित्य एउटा कलात्मक प्रक्रियाको अभिव्यक्ति भएको र निबन्ध विधाले अझ यसमाथि आफ्नो निजी भावनालाई सशक्त रूपमा प्रकट गरी यथार्थतालाई कलात्मक रूपमा अभिव्यक्त गरी वर्तमान समयका विसङ्गति, विकृती, कुरीति, आडम्बर, बिडम्बनाहरूलाई निडर रूपमा प्रकट गर्न पाइने हुनाले र यस सङ्ग्रहभित्रका निबन्धहरूले पनि यसै दायराभित्र रहेर आफ्नो अस्तित्व कायम गर्ने तथा समसामयिक नेपाली निबन्धको

भण्डारलाई श्रीबृद्धि गर्ने भएका कारण यो सङ्ग्रहको औचित्य पनि महत्त्वपूर्ण नै देखिएको छ ।

### १.६ सिर्जनको सीमाङ्कन

यो सङ्ग्रहमा **एक्काइसौं शताब्दीलाई उपहार**भित्र आत्मपरक शैलीका ~~१०~~ दसओटा~~वटा~~ निबन्धहरू समावेश गएिका छन् ।

### १.७ सिर्जनपत्रको रूपरेखा

यस सिर्जनपत्रको ~~रु~~रूपरेखाअन्तर्गत अध्याय एकदेखि अध्याय पाँचसम्म रहेका छन् जसमा क्रमशः सृजन परिचय, सैद्धान्तिक आधारमा निबन्धको परिचय, आधुनिक नेपाली निबन्धको विकासक्रम र आफूलाई मनपर्ने निबन्धकारहरू, सङ्ग्रहभित्रका दस~~व~~ओटा निबन्धहरूको दृष्टिकोण, दसवटा निबन्धह~~रु~~रूको लेखन र अन्त्यमा सन्दर्भसामग्रीहरूको सूची रहेको छ ।

# अध्याय दुई

# सैद्धान्तिक आधारमा निबन्धको परिचय

## २.१ निबन्धको परिचय

सर्जकको स्वतन्त्र विचारलाई प्रत्यक्षरूपमा कलात्मक अभिव्यक्ति दिएर लेख्न पाइने यो विधाको महत्त्व अन्य विधाका तुलनामा सर्वोपरी नै देखिन आउँछ । यसै कारण यस लेखमा यो निबन्ध विधालाई नै सर्सर्ति रूपमा चिनाउने काम गरिनेछ ।

साहित्यका प्रमुख विधाहरूमध्ये निबन्ध छोटो र छरितो एक गद्य विधा हो । निबन्ध एक प्रकारको कुरा गराइ हो । मनमा भएका कुरालाई लिखित रूपमा व्यक्त गरिएको रूप निबन्ध हो । **चिन्तक वा लेखकका सोचाइ, विचार, आग्रह, प्रतिभा र खुबीको नापजोख निबन्धबाट हुन्छ । यसले लेखक र विषयका बीच सम्बन्ध जोड्ने साँधघुका रूपमा काम गरेको हुन्छ ।** [1]

साहित्य कलाअन्तरगत पर्ने गद्यात्मक र पद्यात्मक शैलीअन्तरगत गद्यात्मक शैलीमा प्रस्फुटन गरी लेखिएको साहित्यिक कला अभिव्यक्तिको नाम नै निबन्ध हो । निबन्ध संस्कृत व्याकरणको शव्द निर्माण प्रक्रियामा 'नि' उपसर्ग लागेको बन्ध धातुमा 'घञ' प्रत्यय लागेर बनेको व्युत्पन्न शव्द हो । **यसको अर्थ हुन्छ निशेष हिसाबले बाँध्ने काम गर्नु अर्थात भाव वा विचारका विकीर्ण कणहरूलाई अभिव्यक्तिका आयतनमा सङ्ग्रहीत गर्नु र निजात्मक अभिव्यक्ति दिनु भन्ने बुझिन्छ ।**[2]

यस कारण भन्न सकिन्छ निबन्ध स्रष्टाको कलात्मक तथा निजात्मक स्वतन्त्र अभिव्यक्ति हो । जहाँ स्रष्टाले आफ्नो विचारसँग पाठकलाईसँगै हिडाउनका लागि अनेकौं शिल्पको आयोजना गरेको हुन्छ । आफ्ना निजी भावनालाई स्वतन्त्र रूपमा पोख्न पाउने हुनाले निबन्ध विधाको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ ।

सर्वप्रथम निबन्ध शव्दको उत्पत्ति सोह्रौं शताव्दीका मिचेल डि मोन्तेनबाट भएको देखिन आउँछ । यो मोन्तेनले सिर्जना गरेको कृतिलाई ग्रिसेली शव्द भण्डारले Essais

[1] गोपीकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, २०५५, रत्न पुस्तक भण्डार, काठमाडौं ।

[2] राजेन्द्र सुवेदी, ~~ऐ.ऐ.~~ सिर्जनात्मक लेखन, सिद्धान्त र विश्लेषण (२०५७), पाठ्य सामग्री पसल, काठमाडौं ।

(एसाइज) शव्दले चिनाउने काम गऱ्यो । **यो एसाइजको अर्थ नै अंग्रेजीमा Essay (एस्से) भयो अनि यसै एस्सेलाई नै नेपाली भाषा वा साहित्यमा निबन्ध भन्ने गरेको पाइन्छ ।**[3]

### २.२ निबन्धको परिभाषा र स्वरूप

सर्वप्रथम निबन्ध विधाको उठान पाश्चात्य साहित्यबाट नै भएको हुनाले यहाँ पाश्चात्य विद्वान् एवं साहित्यकारहरूले दिएका निबन्धका परिभाषालाई हेर्ने काम गरिन्छ :

#### २.२.१. निबन्धसम्बन्धी पाश्चात्य धारणा

अँग्रेजीमा एस्से (ESSAY) र फ्रान्सेलीमा एसाइ (Essais) भनेर निबन्धलाई भनिन्छ । निबन्धका सम्बन्धमा पाश्चात्य साहित्यका मोन्तेय, बेकनसँगै जोन्सन, मेरे, हयूवाकर, कार्ल वेन्सन, अर्थर गान्ज, काल्भिन एस ब्राउन, गुराल्किन, जे.बी. प्रिस्टली, अलेक्जेण्डर स्मिथ, हलवर्ड, हिल, हड्सन, सेन्ट व्यूभ, रूवटलिण्ड, जर्जक्याब आदिले आ-आफ्नै तरिकाले परिभाषित गरेका छन् । यससन्दर्भमा कसैले निबन्ध लेखन उच्चकोटिको आत्म-अभिव्यक्तिको गद्यात्मक माध्यम भनेका छन् भने कसैले असक्षम लेखकले आत्मप्रकाशन गर्ने निम्नस्तरको अभिव्यक्तिको माध्यम भन्न पनि पछि परेका छैनन् । यहाँ केही निबन्धकारको निबन्धसम्बन्धी धारणा उदधृत गर्नु उपयुक्त हुन्छ ।

**मोन्तेय:-** म नै मेरा निबन्धको विषय वस्तु हूँ किनभने मलाई सबैभन्दा बढ्ता चिन्ने व्यक्ति म स्वयं हुँ ।[४]

**बेकन:-** निबन्ध छरिएको चिन्तन हो ।[5]

**जोन्सन:-** निबन्ध भनेको मनको विचरण हो । यो यस्तो अनियमित र अपरिपक्व रचना हो जसमा कुनै नियम वा क्रम रहदैन ।[6]

**रबटलिण्ड:-** प्रसन्न मनस्थितिको ज्ञान र सामान्य अवस्थाको मधुर अभिव्यक्ति नै निबन्ध हो ।[7]

---

[3] राजेन्द्र सुवेदी, ऐ.ऐ. ।

[4] राजेन्द्र सुवेदी, स्रष्टा - सृष्टि, २०४३, साझा प्रकाशन ~~२०४३~~, काठमाडौं । ~~प्रथम संस्करण पृ. १८~~

[5] गोपीकृष्ण शर्मा, नेपाली निबन्ध परिचय, २०४०, रत्न पुस्तक भण्डार ~~२०४०~~, काठमाडौं । ~~प्रथम संस्करण, पृ. ९~~

[6] गोपीकृष्ण शर्मा, पूर्ववत, पृ. ९ ।

[7] राजेन्द्र सुवेदी, पूर्ववत् पृ.२०-२१

Formatted: Font: Preeti

Formatted: Font: Preeti

**जर्ज क्याब**:- निबन्ध भनेको सबभन्दा चल्ती पाराको लेख हो । यो त्यस्तो लेखकलाई सुहाउँछ जसको न प्रतिभा छ न शोधखोजको क्षमता नै छ । विविधता र देखावटीमा नै रम्नेको लागि यो विधा सुहाउँछ ।[8]

**सेन्ट व्यूम**:- निबन्ध साहित्यको कठिनतम र रमाइलो विधा पनि हो किनभने यसमा संक्षिप्तमा नै धेरै कुरा भन्न सकिन्छ ।[9]

**जे.डब्लू. मरेट**:- असल निबन्ध विचारपूर्ण अनुसन्धानको एक प्रकार हो । यो प्रफुल्ल हृदयले व्यक्तित्ववादी पाराले प्रस्तुत गरिएको हुन्छ ।[10]

यसरी निबन्ध विधा पाश्चात्य साहित्यको उर्बर उपज हुनाले नै पूर्वीय क्षेत्रका भन्दा पाश्चात्य क्षेत्रका विद्वान् साहित्यकारहरूबाट स्पष्ट व्याख्या भएको छ ।

### २.२.२. **निबन्धसम्बन्धी पूर्वीय धारणा**

पूर्वीय भनौं वा संस्कृत साहित्यमा भनौं कविताका बारेमा प्रशस्त समीक्षकहरूले आफ्नो आफ्नो मत स्पष्ट रूपमा व्यक्त गरेको पाइन्छ । तर यसरी नै निबन्धका बारेमा यथेष्ट परिभाषा पाउन सकिएको छैन ।

**"निबन्धीति निबन्ध"**, संस्कृतमा निबन्धको अर्थ बाँध्नु हो ।[11]

**याज्ञवल्क्य स्मृतिमा** :- निबन्ध द्रव्यको अर्थमा (निबन्धो द्रव्यमेव) ।

**हेमचन्द्रले**:- गीतामा र भोजपत्रहरूमा बन्धनको अर्थमा प्रयोग गरेका छन् ।[12]

आत्मालाई संसारिक मायाजालमा बाँधेर राख्ने आसुरी संपत्तिलाई निबन्धका रूपमा "गीता" मा श्री कृष्ण भगवान्ले स्वीकारेको पाइन्छ ।[13]

नेपालीमा आएर निबन्धले संस्कृतकालीन प्राचीन स्वरूपलाई त्यागी अनेकौं साहित्यिक विधाहरू मध्येको एउटा खास विधा जुन आकृतिमा छोटो र छरितो नयाँ अर्थलाई स्वीकार गर्‍यो ।[14]

---

[8] गोपीकृष्ण शार्मा, पूर्ववत् पृ. १०

[9] अच्युतशरण अर्ज्याल, अभ्फेटाका बान्कीहरू, २०४१, -त्रि.वि.वि.-२०४१,-पृ. ख- काठमाडौं ।

[10] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. १०

[11] डा. हिमांशु थापा, साहित्य परिचय, २०४२, साझा प्रकाशन, काठमाडौं ।२०४२, पृ. १८०

[12] बालकृष्ण पोखरेल, कलेजस्तरका निबन्धै निबन्ध, २०२७, सहयोगी प्रकाशन, २०२७, काठमाडौं । पृ. ३

[13] ज्योति-प्रसाद गौतम, श्रीमदभगवात् गीता, २०४८, अध्याय - १६ श्लोक - ५, रत्नपुस्तक भण्डार । २०४८

निबन्ध विधाले पूर्वीय धारणाबाट प्राप्त प्रमुख उपलब्धिका क्रममा उपर्युक्त कथनहरूले कतै बन्धनका अर्थमा त कतै उन्मुक्त वातावरणमा सिर्जित स्वतन्त्र चिन्तन वा लेखलाई नै निबन्ध भनेको पाइन्छ ।

### २.२.३. निवन्धसम्बन्धी नेपाली साहित्यकारहरूको धारणा

पूर्वीय र पाश्चात्य सँगसँगै नेपाली साहित्यकारहरूले पनि निबन्धका सम्बन्धमा आफ्नै किसिमले मौलिक अभिव्यक्ति दिन पछि परेका छैनन् । यस सन्दर्भमा नेपाली विद्वान साहित्यकारहरूको भनाइ यहाँ प्रस्तुत गर्नु उपयुक्त हुन्छ ।

**लक्ष्मीप्रसाद देवकोटा :-** एक किसिमको रङ्गीचङ्गीपन मन पर्ने सजीवन कोमलता, जो बौद्धिक शक्तिहरूसँगभन्दा हार्दिक कोमलतासँग सम्बन्ध राख्छ ।[15]

**बालकृष्ण पोखरेलः-** सबैभन्दा माथिल्लो तहको निबन्ध हो निजात्मक । यस कारण हरेक निजात्मक निबन्ध लेखकले आफ्नो हृदयभित्र लुकेर बसेको अदृश्य श्रोतलाई सुनाएको गन्थन हो ।[16]

**हिमांशु थापाः-** निबन्धमा वैयक्तिक विचार वा अनुभूति विशेषको गद्यात्मक अभिव्यक्ति हुन्छ ।[17]

**हृदयचन्द्र सिंह प्रधानः-** आफ्नै मार्मिक कथा र अनुभव आफ्ना दिली दोस्तलाई बताउँदै कुनै गन्त्तव्क्य स्थानमा गइरहेको जस्तो पाठकलाई पार्नु पर्छ ।[18]

**वासुदेव त्रिपाठीः-** एस्से वा निबन्धको व्युत्पत्तिमूलक अर्थ प्रयास हुन्छ । वस्तुपरक अर्थमा निबन्ध विकीर्ण चिन्तन हो । आत्मपरक सन्दर्भमा द्वन्द्वको विकीर्ण प्रस्फुटन ।[19]

**दयाराम श्रेष्ठः-** अन्तरङ्ग विचार वा भावना अभिव्यक्त भएको अथवा बहिरङ्ग वर्णन र विवरण प्रस्तुत भएको समय र स्थानगत सीमाभित्र बाँधिन बाध्य नभए पनि निश्चित प्रकारको

---

[14] बालकृष्ण पोखरेल, पूर्ववत, पृ. ४

[15] लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्ध ~~संग्रह~~संङ्ग्रह, २०२०, नेपाली भाषा प्रकाशिनी समिति, ~~२०२०, तेस्रो संस्करण, पृ. ख~~ काठमाडौं ।

[16] बालकृष्ण पोखरेल, पूर्ववत पृ. ११

[17] डा. हिमांशु थापा, पूर्ववत् पृ. १८५

[18] डा. हिमांशु थापा, पूर्ववत् पृ. १८४

[19] डा. वासुदेव त्रिपाठी, विचरण, भानु प्रकाशन, २०२८, पृ. २७

सिलसिला तथा अनुक्रमयुक्त विषय विशेषमा केन्द्रित कलात्मक गद्य रचनालाई "निबन्ध" भनिन्छ ।[20]

**बदरीनाथ भट्टराई**:- निबन्ध सत्य वस्तु देखाउने लेखकीय अन्तर ज्योतिको शाब्दिक स्वरूप हो ।[21]

**माधवप्रसाद घिमिरे**:- वस्तुलाई आफ्नो बनाउन सक्नु र आफूलाई वस्तुको बनाउन सक्नुमा नै निबन्धकारको कौशल रहन्छ ।[22]

**तारानाथ शर्मा**:- निजात्मक अनुभूतिले सिँगारिने गद्यात्मक रचना हुनाले नै निबन्ध प्रबन्ध जस्तो वस्तुपरक तटस्थ वा गणितमय हुँदैन । कवितात्मक खदिलोपन, सूक्ष्मता वा सूत्रात्मकताबाट समेत निबन्ध फुक्का हुन्छ, फैलिएको हुन्छ र फिजारिएको हुन्छ ।[23]

**गोपीकृष्ण शर्मा**:- निबन्ध सरल र जटिल अभिव्यक्तिको दोसाँधमा हिँड्ने आत्मा र वस्तु दुवै वा कुनै एक पक्षमा केन्द्रित स्वतः स्फूर्त पनि हुन सक्ने रमाइलो र छोटो गद्य विधा हो ।[24]

**राजेन्द्र सुवेदी**:- कुनै पनि विषयमा स्वतन्त्र हिसाबले सोच्नु, लेख्नु र आफ्नो भावनात्मक प्रवाहमा अनियन्त्रित रूपले पोखिनु निबन्ध हो ।[25]

यसरी नेपाली साहित्यका निबन्धकार एवं स्रष्टाहरूका परिभाषाहरूलाई हेर्दा पनि निबन्ध निबन्धकारहरूको आत्माभिव्यक्ति हो । यसमा स्वतन्त्र एवं निजी भावहरूको श्रृंङ्खला एवं सुसंबद्ध वर्णन भएको हुन्छ । निबन्धकारले आफूले देखेको भोगको परिस्थितिले पारेको प्रभावबाट आफ्ना मनले रोजेको विषयवस्तु र भावलाई यथार्थ रूपमा कल्पनाको जलप लगाई लिखित रूपमा पाठकसामु उपस्थित हुने गद्य विधालाई निबन्ध भनिन्छ जहाँ लोटामा सागर अटाउन प्रयत्न गरिएको हुन्छ ।

यस प्रकार निबन्धमा निबन्धकारले आफूले रोजेको र उसको मनले छोएको विषयवस्तुलाई नै आफ्नो निबन्धको दायराभित्र राख्न खोज्छ तर निबन्धले दर्शनिकता छाँट्दैन, अर्ति र उपदेश दिँदैन तर मनको लहडको जाल विछ्याएर माछा भने मार्न खोज्छ अथवा आफ्ना हृदयभावनाका तारतम्यसँग पाठकलाई सँगै लिएर हिड्न खोज्छ, आफू रिसाउँछ तर अरूलाई हसाउँछ, कतै काउकुती लगाउँदै गाली गर्छ, आनन्दमा रमाएर

---

[20] दयाराम श्रेष्ठ र मोहन–राज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, २०४०, साझा प्रकाशन ~~२०४०~~, ~~पृ. १२८~~काठमाडौं ।

[21] गोपी कृष्ण शर्मा, नेपाली निबन्ध परिचय, २०४०, रत्नपुस्तक भण्डार, काठमाडौं । ~~२०४०, पृ. १२~~

[22] डा. तारानाथ शर्मा, नेपाली निबन्धका पच्चीस वर्ष, २०३९, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, काठमाडौं, ~~२०३९,~~ पृ. ५ (प्रकाशकीय) ।

[23] डा. तारानाथ शर्मापूर्ववत्, पृ. २३ (भूमिका) ।

[24] गोपीकृष्ण शर्मा, पूर्ववत्, पृ. ४

[25] राजेन्द्र सुवेदी, पूर्ववत् पृ. २४

अरूलाई पनि मनोरञ्जन प्रदान गर्छ : हो यस्तै प्रवृत्ति र विशेषताहरूले खँदिलो र भरिपूर्ण भएर आएको साहित्यिक छोटो गद्य रचना नै निबन्ध हो ।

## २.३ निबन्धको वर्गीकरण

निबन्ध विधा एउटा निश्चित आयतनमा बाँधिएको अथवा रहेको पाइए पनि यसका ढङ्ग ढाँचा तथा प्रस्तुतिहरू निबन्धकारपिच्छे फरक पर्दछन् । हरेक निबन्धकारले निबन्धको लेखनकार्यका लागि आ-आफ्नै शैली एवं तरिकाहरू अबलम्बन गरेका हुन्छन् । यसै स्वरूपको तथा शैलीका आधारमा रहेर निबन्ध विधालाई वर्गीकरण गर्न सकिन्छ भने निबन्धले लिएको वस्तुका आधारमा अर्को तरिकाले वर्गीकरण गर्न सकिन्छ ।

गोपीकृष्ण शर्माले निबन्ध विधालाई यस प्रकारले वर्गीकरण गरेको पाइन्छ ।[२६]

**(क) विषयका आधारमा**

(अ) विषयनिष्ठ वा परात्मक निबन्ध

(आ) विषयीनिष्ठ (व्यक्तिनिष्ठ) वा निजात्मक निबन्ध

**(ख) अभिव्यक्तिका आधारमा**

(अ) वर्णनात्मक

(आ) विवरणात्मक

(इ) विचारात्मक

(ई) भावनात्मक

त्यसै गरी निबन्धलाई वर्गीकरण गर्ने क्रममा राजेन्द्र सुवेदीले गरेको वर्गीकरणलाई यसरी हेर्न सकिन्छ :

**(क) आत्मपरक**

१. विचारात्मक

२. भावनात्मक

३. वैयक्तिक

**(ख) वस्तुपरक**

यसमा पर्ने निबन्ध अन्तर्गत

१. वर्णनात्मक

२. विवरणात्मक

[२६] गोपीकृष्ण शर्मा ऐ.ऐ.

**प्रवन्ध अन्तर्गत** :प्रलेख, लेख, जीवनी, यात्रा विवरण, शोधलेख, शोध प्रबन्ध, भूमिका, आत्म जीवनी, सम्पादकीय, प्रत्त्विदन, टिप्पणी, सन्धीपत्र ।[२७]

यसै गरी शिल्पका दृष्टिले निबन्ध्ध विधालाई राजेन्द्र सुवेदीले आठ प्रकारमा वर्गीकरण गरेको पाइन्छ ।[२८]

(क) शुद्ध ललित

(ख) हास्यव्यङ्ग्य

(ग) नियात्रा

(घ) चेतन प्रवाह

(ङ) पत्रात्मक

(च) दैनिकी

(छ) संस्मरण

(ज) जीवनी

~~निबन्धले आफूलाई सर्वव्यापीकरण एवं आफ्नो स्थायीत्त्वलाई कायम गर्नको लागि पर्यावरणलाई लिंदा निम्नलिखित पर्यावरणलाई निबन्धले अवलम्बन गर्नुपर्छ ।~~

यी माथिका निबन्धहरूलाई वर्गीकरण गर्दा समग्र रूपमा तालिका बनाएर यसरी प्रस्तुत गरिन्छ :

[२७] राजेन्द्र सुवेदी ~~ऐ.ऐ.~~, स्नातकोत्तर निबन्धसंङ्ग्रह, (२०५६), पाठ्यसामग्री पसल, काठमाडौं ।
[२८] राजेन्द्र सुवेदी ऐ.ऐ. ।




आत्मापरक निबन्ध–अन्तर्गत भावात्मक र विचारात्मक निबन्धलाई राख्न सकिन्छ । यसरी नै शैलीका हिसाबले आगमनात्मक र निगमनात्मक शैली गरी दुई प्रकारबाट विभाजन गर्न सकिन्छ ।[30] निबन्ध लेख्दा भाव र प्रस्तुतिलाई पनि उत्तिकै महत्त्व दिइन्छ । लेखकले आफ्ना कृतिमा हास्यात्मक, व्यङ्ग्यात्मक, भावात्मक, चिन्तनात्मक, यात्रात्मक, संस्मरणात्मक आदि विभिन्न पाराले भावहरूलाई प्रस्तुत गरेको हुन्छ । पाठकलाई रोचकता प्रदान गर्छ ।

माथि उल्लेखित विषय, प्रकार, शैली र प्रस्तुतिको संयुक्त रूपबाट नै एउटा सिङ्गो निबन्धको सिर्जना हुन्छ र यिनै विविधरूपलाई हेरेर नै निबन्ध विधाको वर्गीकरण गर्नु औचित्यपूर्ण पनि ठहर्छ ।

निबन्धले आफूलाई सर्वव्यापीकरण एवं आफ्नो स्थायीत्त्वलाई कायम गर्नको लागि पर्यावरणलाई लिदा निम्नलिखित पर्यावरणलाई निबन्धले अवलम्बन गर्नुपर्छ ।

Formatted: Indent: First line: 0"
Formatted: Font: 6 pt

[29] डा. हिमांशु थापा, पूर्ववत्, पृ. १८५-१८७
[30] डा. हिमाशुं थापा, पूर्ववत्, पृ. १९३

## २.४~~५~~ निबन्धको पर्यावरण

~~सजेन्द्र सुवेदीका अनुसार ।~~[31]

निबन्धको पर्यावरणका सम्बन्धमा प्रायः जसो निबन्धकारहरू मौन रहेको पाइन्छ । यस विषयमा लेख्ने निबन्धकारहरूले पनि प्रष्ट पार्न सकेजस्तो लागेको छैन । यसलाई प्रष्ट रूपले व्याख्या विश्लेषण गर्ने निबन्धकार एवं समालोचकहरू मध्ये प्रा. राजेन्द्र सुवेदीले गरेको पाइन्छ । यहाँ यसैलाई अधार मानेर निबन्धको पर्यावरणलाई चिनाउने काम गरिन्छ ।

(क) प्रकाशनको सुव्यवस्था

(ख) भाषागत प्रौढता

(ग) अभिव्यक्तिको स्वतन्त्रता ।[32]

Formatted: Font: Mercantile

### (क) प्रकाशनको सुव्यवस्था

निबन्ध स्वतः आत्मालाई प्रकाशन गर्ने विधा भएका कारण यसलाई सर्वव्यापीकरण र सार्वजनिकरण गरी सबै पाठकका सामु ल्याउने कामको लागि निबन्धको प्रकाशन सुव्यवस्थित हुनुपर्दछ । यसको लागि प्रेसको स्थापना, सरल छपाइ सुविधा, सामग्रीको उचित व्यवस्था तथा वितरणको उचित तौर–तरिका आदि यस अन्तर्गत पर्न आउँछन् ।

### (ख) भाषागत प्रौढता

निबन्धमा भाषा कलात्मक बनेर परिपक्व विचारलाई लिएर अगाडि बढ्न सक्ने खालको हुनुपर्छ । यसका लागि अभिव्यक्तिको तीव्रता, कवितात्मक प्रवाह, सुललित अन्वितिको वा कार्यान्विति भएको शव्द, पद, पदावली, वाक्य एवं अनुच्छेद आदि सबै तह र क्षेत्रले सिङ्गो रचनालाई नै उच्च भाव सौन्दर्यात्मक कला देखा परेर त्यसमा अलंकङ्कार र ध्वन्यात्मकता समेत आएको हुनु पर्दछ ।

[31] राजेन्द्र सुवदी, ऐ. ऐ.

[32] बालकृष्ण पोखरेल, पूर्ववत् पृ. १३, १४

Formatted: Font: Mercantile

**(ग) अभिव्यक्ति स्वतन्त्रता**

निबन्ध स्वतः स्वतन्त्र अभिव्यक्तिबाट जन्मने विधा भएको हुनाले यसमा कुनै पनि तत्त्वहरूले अभिव्यक्तिमा बाधा वा छेक थुन गर्नु हुँदैन । विचार वा भावलाई स्वतन्त्र रूपले बग्न दिनु–पर्छ र निबन्धकार यसका लागि सम्पूर्ण बन्धनबाट मुक्त र निडर भएर स्वतन्त्र रूपमा उभिन सक्नु–पर्दछ ।

## ~~२.६~~ २.५ निबन्धका तत्त्व

निबन्ध विधा एउटा कलात्मक लेखन भएका कारण यो पनि एउटा निश्चित आयतन भित्र सिर्जिएर विभिन्न तत्त्वहरू यसमा आएका हुन्छन् । निबन्धका आधारहरू नै निबन्धका तत्त्व अन्तर्गत देखिन्छन् । यसकारण निबन्ध विधाका तत्त्वहरूलाई यस–प्रकार उल्लेख गरिएको पाइन्छ ।

(क) विषयवस्तु

(ख) अन्विति

(ग) शैली

(घ) प्रस्तुति

(ङ) उद्देश्य

Formatted: Level 1

(च) दृष्टिविन्दु ~~(सुवेदी, ऐ.ऐ.)~~

यसै–गरी निबन्धका तत्त्वहरूलाई उल्लेख गर्ने क्रममा गोपीकृष्ण शर्माले यसरी उल्लेख गरेको पाइन्छ ।[३३]

(क) वस्तु

(ख) शैली

(ग) उद्देश्य

[३३] गोपी कृष्ण शर्मा, ऐ.ऐ.

यसरी निबन्ध विधाको तत्त्वलाई निर्धारण गर्ने क्रममा कसैले कुनै तत्त्वलाई अन्य तत्त्वभित्रै– समावेश गरेको पाइन्छ–।– यसकारण निबन्धका तत्त्वहरूलाई निर्धारण गर्दा निम्नानुसार देखिन आउँछन् ।

(क) विषय-वस्तु

(ख) हार्दिकता/वौद्धिकता

(ग) वैयक्तिकता

(घ) संक्षिप्तता

(ङ) भाषा शैली

(च) उद्देश्य

(छ) दृष्टि विन्दु ।

यसरी निबन्ध विधाको चर्चा परिचर्चा तथा व्याख्या एवं परिभाषा तथा तत्त्वहरूको सामान्य निर्धारण गरि–सकेपछि अब यहाँ वर्तमान समयका समसामयिक निबन्धहरूको सिर्जना एवं लेखन कार्य गरिनेछ । यस ~~संग्रह~~संङ्ग्रहमा सिर्जित निबन्धहरूले समसामयिक निबन्ध धाराको गुणात्मकता वृद्धि तथा समय सापेक्षता गराई पाठकलाई आफ्नो कर्तव्य प्रतिको सचेतता एवं राष्ट्र र राष्ट्रियताप्रतिको दायित्त्वलाई बबोध गराउँदै विसंगति र समाजका विकृतिप्रति स्वतन्त्ररूपले कलम चलाई एउटा निश्चित मार्ग अबलम्बन गर्न सक्छ भन्ने धारणा लिन सकिन्छ ।

**२.७६ नेपाली निबन्धको विकास-क्रम**

~~नेपाली निबन्धको विकासक्रमको थालनी गर्नु भन्दा पहिले निबन्धका विविधतालाई स्पष्ट पार्नु युक्तिसँगत हुन्छ । यस अनुसार निबन्धलाई निम्नअनुसार विभाजन गरिएको छ ।~~

माथि उल्लेखित विषय, प्रकार, शैली र प्रस्तुतिको संयुक्त रूपबाट नै एउटा सिङ्गो निबन्धको सिर्जना हुन्छ भन्नुमा कुनै भ्रमण सिर्जना नहोला ।

नेपाली निबन्ध विधाको जगलाई खोज्दै जाँदा पूर्ण–प्रकाश नेपालको खोज–अनुसार वि.सं. १०३८ को राजा दामुपालको दुल्लुको शिलालेखलाई मान्न सकिन्छ । नेपाली भाषाको गद्य रूप नै आजको निबन्धको पूर्वाधार हो । वि.सं. १९५८ को “गोरखापत्र” को प्रकाशन पश्छिश्चात नेपाली भाषाले पूर्णता प्राप्त गरेपछि “सुन्दरी”(१९६३), “चन्द्रिका” (१९७५), “जन्मभूमि”(१९७९), “गोर्खा संसार”(१९८३) आदि पत्रिकाहरू नेपाली भाषामा निस्कन थाले ।

यी पत्रिकाहरू–मध्ये वि.सं. १९६५ मा निस्केको “‘माधवी”’ मा वर्णनात्मक, वि.सं. १९७९ मा “‘जन्मभूमि”’ मा विचारात्मक एवं भावनात्मक, वि.सं. १९७३ को “‘चन्द्र”’ र वि.सं. १९७५ को “चन्द्रिका” मा देशप्रेम–जस्ता निबन्धले धर्मप्रति आस्था, भाषाको सेवा, समाज सुधार, जातीय चेतना, नैतिकता, व्यङ्ग्यलाई छोएका छन् ।[*]

“राजा गगनीराजको यात्रा” (वि.सं. १५५०) अहिलेसम्म प्राप्त सबभन्दा पुरानो यात्रा संस्करणात्मक कृति हो । यस्तै “जंगबहादुर को बेलायत यात्रा” (वि.सं. १९१०) अर्को कृति हो । यस्ते रागमणि आ.दी.ले “बनारसको पैदल यात्रा” (वि.सं १९८२) लेखेका छन् । तीर्थ भ्रमणलाई आधार मानेर लेखिएका कृतिहरूमा हरिनाथ प्याकुरेलको “तीर्थ जाँदाको वृतान्त” (वि.सं. १९७४) र श्री रत्न शर्माको “बद्रीकेदार पथ प्रदर्शनी” (वि.सं. १९८०) अर्को कृति हो । यस्तै खालका कृति लेख्ने अर्का निबन्धकारको नाम हो केदारमणि आ.दी. उनले लेखेका कृतिहरूमा “बेलायत जाँदा”, “बद्री केदार यात्रा”, “रतनकोशी जाँदा”, “चारधामको यात्रा”, “एक फन्को”, “यताउताका कुरा”, “तीनतिर” आदि हुन् ।

---

[*] बालकृष्ण पोखरेल, पूर्ववत् पृ. १३, १४

चन्द्रिकामा शुम्भुप्रसादका दुई विवरणात्मक निबन्ध "महेन्द्र मल्ली" र "जुनकिरी" प्रकाशित भए ।[35] यसरी निबन्ध साहित्यमा भावनाशैलीको प्रखरता "शारदा" को प्रकाशन पछि वि.सं. १९९१ मा मात्र आयो ।[36]

यसरी नेपली निबन्धको ———प्राथमिक र माध्यमिक कालको सामान्य चर्चापछि आधुनिक नेपाली निबन्धको विशेष चर्चा गर्नु पर्ने भएको हुँदा त्यसलाई अर्को अध्यायअन्तर्गत राखिएको छ ।

Formatted: Centered

[35] साझा निबन्ध, साझा प्रकाशन २०३०, पृ. २ (भूमिका)

[36] बालकृष्ण पोखरेल, पूर्ववत् पृ. १४

# अध्याय तीन

Formatted: Font: 20 pt, Bold, Complex Script Font: 20 pt

# आधुनिक नेपाली निबन्धको विकास क्रम र आफूलाई मन पर्ने केही निबन्धकारहरू

Formatted: Font: 20 pt, Bold, Complex Script Font: 20 pt

## ३.१. आधुनिक नेपाली निबन्धको विकासक्रम

Formatted: Font: 18 pt, Bold

नेपाली निबन्धले मूलतः वस्तुपरक र आत्मपरक गरी दुई रूपलाई अंगालेको पाइन्छ ।

वस्तुपरक निबन्धमा लेखक विषयमुखी हुन्छ र उसको व्यक्तित्त्व गौणरूपमा रहेको हुन्छ । यसका साथै लेखकको औपचारिक र सर्वमान्य हेराई हुन्छ । निबन्ध वर्णनात्मक, विवरणात्मक, विचारात्मक, भावात्मक जस्तो–सुकै पनि हुन–सक्छ । यसमा वास्तविकताले हैकम जमाएको हुन्छ । जसमा मनगढन्ते कुरा मात्रामा हुन्छन् । वस्तुपरक वा विषयपरक निबन्धमा आधुनिक–कालका प्रमुख स्रष्टाका रूपमा बालकृष्ण समलाई लिन सकिन्छ । सम भन्ने–वित्तिकै उनका निबन्धमा विचारात्मकता दार्शनिकता, चिन्तन, नाटकीयता, कवित्त्व आदि गुण पाइन्छन् । यसको पुष्टि समको "'नियमित आकस्मिकता"' बाट पाउन सकिन्छ । समको वस्तुवादी दृष्टिकोणलाई यदुनाथ खानल, भेषराज शर्मा, बदरीनाथ भट्टराई, खड्कमान मल्ल, भीमनिधि तिवारी, चूडानाथ भट्टराई आदिले अगाडि बढाए ।

आत्मपरक निबन्धमा लेखक स्वतन्त्ररूपले आफ्नोपन र व्यक्तित्त्वको प्रकाश गरिरहेको हुन्छ । यस्ता निबन्धमा लेखकको पूरा व्यक्तित्त्व झल्मलाउँछ । आफ्ना भावहरूलाई प्रष्ट रूपमा, कसिलो रूपमा, व्याख्यात्मक रूपमा वा चित्रात्मक रूपमा आत्मपरक निबन्धको लेखकले प्रस्तुत गर्छ र आफ्ना निजी धारणालाई केन्द्रबिन्दु बनाएर अभिव्यक्त गरेको हुन्छ ।

वि.सं. १९९१ मा आएको निबन्धको तीव्र लहरमा एकातिर समको व्यक्तित्व छ भने अर्कातिर लक्ष्मीप्रसाद देवकोटाको व्यक्तित्त्व पनि उत्तिकै सशक्त रूपमा फेला पर्छ । यस अभियानले नेपाली साहित्यमा एक सशक्त निबन्धधाराको प्रार्दुर्भाव ~~मर्दै~~हुन्छ, जसको कल्पना-उडान, कवितात्मक शैली, विषयको व्यापकता र विचारको गहिराइले नेपाली साहित्य निबन्ध~~–साहित्य~~मा आधुनिक धाराको पदार्पण हुन्छ, यस धाराका प्रवर्तक निबन्धका महारथी हुनु~~हुन्थ्यो~~ -लक्ष्मीप्रसाद देवकोटा ।[37]

[37] साझा निबन्ध, पूर्ववत पृ. ५ ।

“आषाढको पन्ध्र” निबन्ध लिएर देखा परेका देवकोटाका निजात्मक प्रवृत्तिका ६७ भन्दा बढी निबन्धहरू प्रकाशित भएको पाइन्छन् ।[38] उनका “‘लक्ष्मी निबन्ध संग्रहसंङ्ग्रह”’ र “दाडिमको रूखनेर” निबन्ध संग्रहसंङ्ग्रह आत्मपरक निबन्धको संगालो होन् । आत्मपरक निबन्धका सम्पूर्ण आवश्यक तत्त्वहरूले पूर्ण, नेपाली निबन्ध साहित्यको केन्द्रीय प्रतिभाका रूपमा प्रतिस्थापित देवकोटा व्यापक प्रतिभाका धनी हुन् । ~~उनको प्रतिभा क्षितिजमा आत्मपरक निबन्धकारहरू अन्तमूर्त हुन् ।~~

आत्मपरक निबन्धका फाँटमा देखिने निबन्धकारका विशेषताहरूमा हास्य व्यङ्ग्यात्मक प्रवृत्ति पनि प्रवल रूपमा पाइन्छ । यस्ता व्यङ्ग्यात्मक निबन्धहरूमा पनि कतिपय वैचारिक दृढता र त्यसको प्रतिपादन गर्ने, आग्रह एवं चिन्तनको सूक्ष्मतम रूपमा व्यङ्ग्यात्मकताको झटारो हान्ने प्रवृति पाइन्छ । यस—मध्ये यस्ता गुणहरू देवकोटाका निबन्धमा पनि पाइन्छ । देवकोटाको यही व्यङ्ग्यात्मक शैलीलाई आत्मसात् गर्ने आत्मपरक निबन्धका दोस्रा व्यक्तित्वका रूपमा देखा—पर्ने अर्का श्रस्रष्टा हुन्- हृदयचन्द्र—सिंह प्रधान । उनका “‘जुँगा”’, ‘कुरा साँचो हो’, “‘तीस रूपियाँको नोट”’, “‘भू स्वर्ग”’ जस्ता निबन्ध संग्रहसंङ्ग्रह प्रकाशित भएका छन् । विचारको केन्द्रीभूतता, भनाइको प्रष्टता र छरितोपन एवं शैलीको सरलता, हास्यव्यङ्ग्यको छिपछिपेसाथ कथात्मक ढंगमा वैचारिक अभिव्यक्ति दिनु प्रधानको निबन्धगत विशेषता हो ।[39]

हृदयचन्द्रलाई पछ्याउने अर्का आत्मपरक निबन्धकार हुन् - श्यामप्रसाद शर्मा । उनको “तँ, तिमी, तपाँई हजुर” जस्तो निबन्ध संग्रहसंङ्ग्रह प्रकाशित छ । यस्तै शैलीलाई आत्मसात गर्दै **“एव्स्ट्रयाक्ट चिन्तन प्याज”** र **“गोधुली संसार”** नामक दुई अद्धिद्वतीय निबन्ध संग्रहसंङ्ग्रह प्रदान गर्ने अर्का सशक्त प्रतिभा हुन् -शंकर लामिछाने । यसरी नै नेपालभित्र र बाहिर बसेर आत्मपरक निबन्ध लेख्ने अन्य निबन्धकारहरूमा रामकृष्ण शर्मा, कृष्णचन्द्र प्रधान, कमल दीक्षित, इन्द्रबहादुर राई, नगेन्द्र शर्मा, रमेश विकल, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, कृष्ण—प्रसाद पराजुली, चूडामणि रेग्मी, कृष्णप्रसाद ज्ञवाली, मोहनराज शर्मा, पुष्कर लोहनी, रामलाल अधिकारी, वासुदेव त्रिपाठी, घनश्याम कँडेल,

Formatted: Font: Bold

Formatted: Font: Bold

[38] अच्युतशरण अर्याल, पूर्ववत पृ. छ ।

[39] अच्युतशरण अर्याल, पूर्ववत पृ. ज ।

किशोर नेपाल, राजेन्द्र सुवेदी, आनन्द–देव भट्ट, राममणि रिमाल, राजव, मदनममणि दीक्षित आदिको नाम लिन सकिन्छ ।

माथि उल्लेखित आत्मपरक निबन्धका निबन्धकारहरूमा पनि कथात्मक पाराले आफ्ना अनुभूति व्यक्त गर्ने कथात्मक वा आख्यानात्मक, मानवीय गुण वा मानवभित्र रहेको हाँस्य–रसलाई जुर्मुऱ्याएर हाँसोसँग आफ्ना भाव व्यक्त गर्ने हास्यात्मक र समाजमा देखा परेका अमिल्दा कुरा कटु स्थितिलाई अप्रत्यक्ष रूपमा भन्न व्यङ्ग्यात्मक शैलीलाई अवलम्बन गरेर निबन्ध लेख्ने ~~–श्रस्र~~ष्टाहरूमा रामलाल अधिकारी, बालकृष्ण पोखरेल, रमेश विकल, तारानाथ शर्मा, भैरव अर्याल, केशवराज पिँडाली, बानीरा गिरी, शंकर लामिछाने, प्रेमराज शर्मा, कृष्णप्रसाद चापागाई, अच्छाराई रसिक, रामकुमार पाँण्डे, श्याम गोतामे, विष्णु नवीन, विपिनदेव ढुङ्गेल, लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह प्रधान, बल्लभमणि दाहाल, मोहनराज शर्मा, श्रीधर खनाल, चूडामणि रेग्मी, राजेन्द्र सुवेदी, गोविन्द भट्ट आदि प्रमुख छन् ।

यात्रालाई पनि निबन्ध विधामा समाहित गरेर निबन्ध लेख्ने परम्पराको थालनी भएको पाइन्छ । लैनसिंह बाङ्गदेल यात्रा साहित्यका प्रवर्तक हुन् र उनी विवरणात्मक विषयमा धेरै रूचि लिन्छन् ।[६०] उनीपछि उनलाई आधार मानेर निबन्ध लेख्ने निबन्धकारहरू प्रशस्त छन् । यात्रा पनि नेपाल भित्र र बाहिर गरी दुई भागमा विभक्त भएको छ । विदेश भ्रमणमा जाँदा वा तीर्थ जाँदा गरिएको भ्रमणलाई आधार मानेर लेख्ने निबन्धहरू एकातिर छन् भने स्वदेश–भित्र विभिन्न क्षेत्रमा भ्रमण गरेर निबन्ध लेख्ने निबन्धकारहरू~~मा~~ पनि कमी छैनन् ।

~~"राजा गगनीराजको यात्रा" (वि.सं. १५५०) अहिलेसम्म प्राप्त सबभन्दा पुरानो यात्रा संस्करणात्मक कृति हो । यस्तै "जंगबहादुर को बेलायत यात्रा" (वि.सं. १९१०) अर्को कृति हो । यस्तै राममणि आ.दी.ले "बनारसको पैदल यात्रा" (वि.सं १९८२) लेखेका छन् । तीर्थ भ्रमणलाई आधार मानेर लेखिएका कृतिहरूमा हरिनाथ प्याकुरेलको "तीर्थ जाँदाको वृतान्त" (वि.सं. १९७४) र श्री रत्न शर्माको "बद्रीकेदार पथ प्रदर्शनी" (वि.सं. १९८०) अर्को कृति हो । यस्तै खालका कृति लेख्ने अर्को निबन्धकारको नाम हो केदारमणि आ.दी. उनले लेखेका कृतिहरूमा "बेलायत जाँदा", "बद्री केदार यात्रा", "रतनकोशी जाँदा", "चारधामको यात्रा", "एक फन्को", "यताउताका कुरा", "तीनतिर" आदि हुन् ।~~

[६०] बालकृष्ण पोखरेल पूर्ववत् पृ. १५ ।

यसरी विदेश भ्रमण र तीर्थ यात्राबाट थालनी भएको निबन्ध यात्राले स्वदेश भ्रमणलाई पनि निबन्धमा वि.सं. २००० देखि भित्र्यायो । विदेश भ्रमणलाई विषय बनाएर निबन्ध लेख्ने केशर–बहादुर के.सी.को "कदेश– देशावरको बयान", (वि.सं. १९९८) र भवानी भिक्षुको "सिमलासम्म" (वि.सं. १९९९) लाई लिन सकिन्छ ।

यस यात्रा पद्दद्धतिलाई निबन्ध यात्रामा अगि बढाउने व्यक्तित्त्वहरूमा धर्मराज थापा, पूर्णप्रसाद ढुङ्गेल, देवीचन्द्र श्रेष्ठ, तारानाथ शर्मा, अजनकलाल शर्मा, योगी नरहरिनाथ, सूर्यबहादुर सेन ओली, रमेश विकल, पूर्ण–प्रकाश नेपाल यात्री, काजी रोशन, बद्री पोखरेल, घटराज भट्टराई, श्रीकृष्ण गौतम, भूपहरि पौडेल, मंजुल, मातृकाप्रसाद कोइराला, भिक्षु अमृतानन्द, यादव खरेल, घनश्याम राजकर्णिकार, महेश्वर राय, कुमार घिसिङ, गंगाप्रसाद उप्रती, देवेन्द्रराज उपाध्याय, डोर–बहादुर विष्ट, बानीरा गिरी, विजय चालिसे, जगदीश घिमिरे, नानीमैया मानन्धर, विश्वनाथ ढकाल, मोहन सिटौला, सुधा त्रिपाठी, संजय/विजय घिमिरे, चन्द्रप्रसाद पाण्डेय –आदिको नाम उल्लेखनीय रूपमा लिन सकिन्छ ।

माथि उल्लेख गरिएका निबन्धकारहरूले यात्रालाई विषय बनाई निबन्ध लेख्दा प्रस्तुत गर्ने शैलीमा पनि विविधता पाइन्छ । कसैले संस्मरणात्मक त कसैले आख्यानात्मक यस्तै व्यङ्ग्यात्मक, चिन्तन परक र हास्यात्मक शैलीमा आफ्नो अभिव्यक्ति दिएको पाइन्छ ।

निबन्ध विधाको विकासक्रममा वि.सं. १९९१ देखि यता हालसम्म चाहे वस्तुपरक होस चाहे आत्मपरक चाहे जीवनीपरक होस् वा विवरणात्मक, चाहे कथात्मक होस् वा संस्मरणात्मक त्यस्तै व्यङ्ग्यात्मक वा हाँस्यात्मक, चिन्तनात्मक वा कलात्मक जे जस्ता खालका निबन्ध लेखिएका छन् ती निबन्धहरू र निबन्धकारबाट नेपाली निबन्ध भण्डारमा दिनानुदिन बबृद्धि भइरहेको छ । यस क्रमलाई अघि बढाउन नयाँ निबन्धकार नयाँ शैली र बान्कीमा देखा परेका छन् । कोही विसंगतिलाई व्यङ्ग्यमा व्यक्त गर्छन् भने कोही यथार्थलाई स्पष्ट पार्छन् । कोही राजनीतिक दुर्गन्ध हटाउन आफ्ना कृतिमा कडा आक्रोश व्यक्त गर्छन् त कोही सुधारका लागि आह्वान गर्न पुग्छन् ।

माथि उल्लेखित–बाहेक अन्य उदीयमान निबन्धकारहरूमा खगेन्द्र संङ्ग्रौला, निर्मोही व्यास, रवि किरण निर्जीव, मुन पौडेल, माधव पोखरेल, होम सुवेदी, भीष्म उप्रेती, नरेन्द्रराज पौडेल, चोलेश्वर शर्मा शिव अधिकारी, दिनेश अधिकारी, कृष्ण धम्र्मारावासी, मनुजबाबु मिश्र, मोहन दुवाल, सुनील पौडेल, सुनील अधिकारी, युवराज नयाँघरे, रूद्र खरेल, नरेन्द्र लामा, श्याम लामा, नरेन्द्रराज प्रसाईं, गंगा उप्रेती, विमल निभा, मँजुल, सुधा त्रिपाठी, विश्व

शाक्य, दिनेश सत्याल, कलानिधि दाहाल, भीम खतित्वडा, गान्धीराज काफ्ले, श्री ओम श्रेष्ठ, रोदन, सन्तोष भट्टराई, विष्णु प्रभात, अभिम सुवदी, वसन्त प्रकाश, हरिकला अधिकारी, विन्धिया प्रधान, अमृता बाँस्कोटा, राजव, शिव रेग्मी, सुलोचना मानन्धर, सुशीला कोइराला, पुरूषोत्तम घिमिरे, गोपाल गुरागाइँ, कृष्णप्रसाद दाहाल, भीष्म काफ्ले, उदय निरौला, विनोदप्रसाद धिताल, राजेश गौतम, कपिल घिमिरे, नरेश शाक्य, कृष्णराज खनाल, प्रेम प्रधान, जगत क्षेत्री, शरद क्षेत्री, ए.एम. सञ्जित, गेहेन्द्रभुषण पोखरेली, मरायज, शैलेन्द्र प्रकाश नेपाल, साफल्य अमात्य, उषा हमाल, अच्युतशरण अर्ज्याल, छायाँदत्त न्यौपाने, आदि प्रतिभाहरूको योगदानलाई लिन सकिन्छ ।

आधुनिक निबन्ध यात्राको विकासक्रममा सभ्भुरूदेखि हालसम्म पनि निबन्धकारहरूले आफ्नो निबन्धः यात्रालाई सशक्त–रूपले निरन्तर गति प्रदान गरिरहेका छन् । ती निबन्ध स्रष्टाहरूमा केशव पिडाली, कृष्णचन्द सिंह प्रधान, कमल दीक्षित, मदनमणि दीक्षित, तारानाथ शर्मा, बालकृष्ण पोखरेल, श्यामप्रसाद शर्मा, मोदनाथ प्रश्रित, श्रीधर खनाल, विष्णुगोपाल रिसाल, आनन्ददेव भट्ट, रामलाल अधिकारी, शिव अधिकारी, राजेन्द्र सुवेदी, श्यामप्रसाद उपाध्याय, भिक्टर प्रधान, वासुदेव त्रिपाठी, मोहनराज शर्मा, गोविन्द भट्ट, जनकलाल शर्मा, कृष्ण–प्रसाद पराजुली, मञ्जुश्री पराजुली, घनश्याम पराजुली, घनश्याम कँडेल, पद्मरत्न तुलाधर, बालमुकुन्द देव पाण्डे, रमेश विकल, राममणि रिसाल, चूडामणि रेग्मी, गणेश भण्डारी, बैंरागी काइँला, मनु ब्राजाकी, अशेष मल्ल, टुकराज मिश्र, भीम विराग, घटराज भट्टराई, इन्द्रबहादुर राई, रघुबिर घिमिरे, विनोद मञ्जन, देविीचन्द्र श्रेष्ठ, तेजेश्वर बाबु ग्वङ्मा, जनकप्रसाद हुमागाइँ, घनश्याम राजकर्णिकार, चन्द्रप्रसाद पाण्डेय, युवराज नयाँघरे आदि धेरै धेरै निबन्धकारहरूको नाम उल्लेख गर्न सकिन्छ ।

यसरी नै धार्मिक, आध्यात्मिक क्षेत्रमा निबन्ध विधाको माध्यमबाट विशेष योगदान दिने निबन्धकारहरूमा बदरीनाथ भट्टराई, क्षितीशचन्द्र चक्रवर्ती, नरेन्द्रनाथ भट्टराई, शिवगोपाल रिसाल, चेतोनाथ आचार्य, हेमचन्द्र पोखरेल, खेमराज केशवशरण आदिको नाम उल्लेखनीय छन्न् भने यस क्षेत्रमा नवोदित प्रतिभाका रूपमा जनार्दन ढुङ्गानाको नाम पनि लिन सकिन्छ ।

माथिका निबन्धहरूको विकासक्रमलाई अध्ययन गरी छोटकरीमा यसरी पनि उल्लेख गर्न सकिन्छ । साहित्यलाई अध्ययन गर्दा जेठो विधा कविता र कान्छो विधा निबन्ध हो । पूर्वीय र पाश्चात्य दुवै साहित्यिक क्षितिजमा निबन्ध धेरै पछि जन्मियो । पूर्वको साहित्यमा

निबन्ध उर्वर समृद्ध हुन सकेन । यो उपाख्यान र भाषाको –टोकरीमा मात्र कुँजिएर रह्यो । वर्तमान नेपाली साहित्यमा बरू यसले फुल्ने र फैलिने अवसर पायो । यसरी नेपाली निबन्ध साहित्यको काल विभाजनका सम्बन्धमा धेरै विद्वानहरूका सहमतिलाई ध्यानमा राखी निबन्धविधाको कालविभाजन –तपसिल अनुसार गर्न सकिन्छ :[४९]

| समय | काल |
| --- | --- |
| १. वि.सं. १९६५-१९८६ | प्राथमिक |
| २. वि.सं. १९८७-१९९० | माध्यमिक |
| ३. वि.सं. १९९०- आजसम्म | आधुनिक |

माथिका विभिन्न समय तथा कालमा रचित निबन्धहरूको आ-आफ्नै कालक्रमिक विशेषता छ । प्राथमिक कालमा सामाजिक जागरणको आवश्यकता भएकोले उपदेश-प्रधान निबन्धहरू जन्मिए । यी निबन्धहरूमा कलात्मकताको अभाव रह्यो । माध्यमिक कालमा नवीन र मनोरम निबन्धहरू भेटिए । त्यो बेला प्रतीभाको आश्रय लिएर हास्य र व्यंग्यका निबन्धहरू रचित गरिए । यो बेला निबन्धकारहरू कलात्मक शैलीतिर अभिमुख भए । यस कालावधिमा राजनीतिक पृष्ठभूमिका निबन्धहरू जन्मिए । यस युगका मुर्धन्य निबन्धकार हुन् लक्ष्मीप्रसाद देवकोटा । आधुनिक कालमा सृजित निबन्धहरू पूर्णतः कलापक्ष लिएर उद्घाटित भए र व्यंग्यको राम्रो थालनी भयो । देवकोटा र हृदयचन्द्र सिंह–बाहेक निजात्मकता अरू निबन्धकारहरूमा उति राम्रो प्रस्फुटन भएन ।

प्रथमतः मोतीराम भट्टले बनारसमा बस्ता आफू पनि निख्खर निबन्ध लेख्ने र अरूलाई पनि लेख्न लगाउने सत्प्रयास गरे । जय पृथ्वीवहादुर सिंहले “निडर” पाठ्यपुस्तक लेखेर निबन्धलाई प्रेषित हुने मौका दिए । बनारसमै सुन्दरी (१९६९) र माधवी (१९६९) साहित्यिक पत्रिकाहरू प्रकाशित भए ।

आत्मपरक निबन्धको थालनी प्राथमिक कालमा शम्भुप्रसाद ढुङ्गेलबाट भएको पाइन्छ । उनले वि.सं. १९७४ सालपछि “समयको मूल्य”, “महेन्द्र मल्ली” र “प्रभात” आदि

[४९] ईश्वर बराल, पूर्ववत ।

निबन्धहरू लेखेर यस विधाको स्वस्थ र सृजनात्मक थालनी गरेका हुन् ।[42] यी निबन्धहरू नेपाली साहित्यका मौलिक निबन्धहरू मानिएका छन् ।

पछि “जन्मभूमि” र “गोर्खा संसार” जनाउँका साहित्यिक पत्रिकाहरू पनि निस्किए । वि.सं. १९८१ मा दार्जीलिङबाट “नेपाली साहित्य सम्मेलन” पत्रिका प्रकाशित भयो । यो पत्रिकाबाट सूर्य–विक्रम ज्ञवाली, धरणीधर कोइराला र पारभसमणि प्रधान आदि विद्वानहरूका निबन्धहरू प्रकाशित हुन थाले –। यी पत्रिकाहरूले प्राथमिककालीन निबन्धलाई अघि बढ्ने मौका दिए । देहरादुन, दार्जिलिङ्ग, खर्साङ र बनारसले नेपाली गद्य साहित्यलाई धेरै समृद्ध तुल्याए । यसरी

———१९५८–८६ गद्य साहित्यको विकासको उर्वर काल हो । गोरखापत्र (१९५८) र शारदा (१९९१) ले नेपाली निबन्धको ढोका नै उघारी दिए ।

निबन्धमा संस्मरणात्मक मूल्यलाई समाविष्ट गर्ने निबन्धकारहरू पारसमणि प्रधान (रोचकसस्मरण १९६९), बालकृष्ण पोखरेल (एकमुखे रूद्राक्षको खोजी १९४१), रमेश विकल (सम्झनाको तितो मिठो रूप २०४८), कमल दीक्षित (बिर्सेको संझेको २०४९), डिल्लीराम तिमिल्सेना (वनारसको चिठी) लोकराज बराल (ताज महलको घुइँचो) आदि हुन् ।

जहाँ चरित्रलाई समाख्यानको रूपमा प्रयोग गरिन्छ ती निबन्धहरू चरित्र प्रधान मानिन्छन् । यो शैलीको निबन्ध लेखन लक्ष्मीप्रसाद देवकोटाले “कविराजको च्याङ्ग्रे खच्चर” बाट प्रारम्भ भयो । यस शैली तथा सीपलाई अगाडि घचेट्ने  निबन्धकारहरू हुन् – केशवराज पिँडाली (केशवराजको मेनिफेष्टो), शंकर लामिछाने (शंकर लामिछाने: शंकर लामिछानेको दृष्टिमा), रामलाल अधिकारी (रामलाल र म) इत्यादि ।

हाँसो मानिसको जन्मजात सँगैको अभिव्यक्ति हो । मानिस आँसु र हाँसोको राजमार्गबाट भौतारिने गर्छ । अमुक चिजको विकृतपन वा अस्वाभाविकता नै हाँसोको स्रोत हो भनी विद्वानहरू तर्क पेश गर्छन् । चिकित्सकका अनुसार हाँसो स्वस्थकर कार्य हो । फ्रायड दमित काम वासना हाँसोको स्रोत मान्छन् । पूर्वीय साहित्य शास्त्रीहरू हास्यलाई काव्यको एक रस मान्छन् । हाँसो मनोरञ्जनको साधन मात्र हैन अपितु यो व्यक्तिमा निहित प्रवृत्ति विचारको संशोधन तथा सुधारको स्रोत पनि हो ।

[42] राजेन्द्र सुवेदी, गरिमा, पूर्णाङ्क १३, २०४०, पृष्ठ २६ ।

यस हाँस्य तत्त्वका दृष्टिले प्रेमराज शर्मा, कृष्णप्रसाद चापागाइँ, भैरव अर्याल, केशवराज पिंडाली, अच्छा राई रसिक, रामकुमार पाँडे, श्याम गोतामे आदि प्रमुख निबन्धकार मानिन्छन् ।

पूर्वीय संस्कृत साहित्य सिद्धान्तअनुसार वाक्यका तीन अर्थ हुन्छन् । वाच्य अर्थ, कथ्य अर्थ र व्यंग्य अर्थ । साहित्यमा व्यङ्ग्य अर्थको ठूलो प्रभाव र महत्व  छ । नेपाली साहित्यको परिप्रेक्ष्यमा घोचपेचद्वारा मानवीय दुर्वलतालाई हटाउनु व्यङ्ग्य हो । अंग्रेजीमा यसलाई सेटाएर भनिन्छ । यो आनन्ददायक भए पनि अत्यन्त मार्मिक हुन्छ ।

नेपाली साहित्यमा हाँस्य र व्यङ्ग्यलाई एकै ठाउँमा राखेर व्यवहार गरेको पाइन्छ । अंग्रेजी साहित्यमा झैँ यिनीहरूलाई अलग-अलग रस तथा शैलीको रूपमा मान्यता गरेमा राम्रो हुने थियो ।

आफ्ना निबन्धहरूमा व्यङ्ग्य तत्त्वलाई समाविष्ट गरी तिनलाई संप्रेषणीय तथा प्रभावशाली तुल्याउने निबन्धकारहरू हुन् – लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह प्रधान, भैरव अर्याल, धच गोतामे, बल्लभमणि दाहाल, मोहनराज शर्मा, श्रीधर खनाल, चुडामणि रेग्मी, राजेन्द्र सुवेदी, विमल निभा, गोविन्द भट्ट आदि ।

यात्रात्मक निबन्ध लेखनमा निजी अनुभूति पोखिने हुँदा तिनीहरू ज्ञानवर्धक, रोचक र आनन्ददायक रहन्छन् । यस्ता निबन्धहरू नेपाली साहित्यमा प्रशस्त लेखिएका छन् । यस्ता शैलीका निबन्धहरूमा पहिला सौन्दर्य थप्ने नेपाली विद्वान् हुन् : श्री लैनसिंह वाङ्देल र उनका प्रमुख निबन्धहरू **यूरोपको चिठी** र **स्पेनको संझना** हुन् । केदारमणि आदीका निबन्धहरूले पनि यात्रा वर्णनमा विविधता र व्यापकता थपेका छन् । उनका दसभन्दा बढी यात्रासम्बन्धी कृतिहरू प्रकाशित छन् । उनका कृतिहरूमा निजात्मकता र कल्पना - सौन्दर्यभन्दा यथार्थ एवं व्यवहारिक विवरण यथेष्टरूपमा पाइन्छन् ।

नियात्राको रूपमा तारानाथ शर्मा आफ्नो रचना "बेलायततिर बरालिँदा" (२००६) र अरू कृतिले गर्दा अत्यन्त चर्चित र प्रशंसित छन् । उनी स्वदेश तथा विदेशको यात्रानुभूतिलाई सजीवताका साथ अभिव्यक्त गर्न प्रवीण छन् ।

देवीचन्द्र श्रेष्ठको **नेपाल बाहिर** (२०२८) यादव खरेलको **समुद्र पारि** (२०३२), काजी रोशनको **मानसरोवरमा डुबुल्की मार्दा** (२०३५) घनश्याम राजकर्णिकारको **विदेशको यात्रा स्वदेशको संझना** (२०३७), गंगाप्रसाद उप्रेतीको **स्मृतिको छालमा इटाली** (२०४४), चन्द्रप्रसाद पाण्डेयको **कश्मिर यात्रा** (२०६३) विदेश यात्राबारे लेखिएका सुन्दर रचनाहरू

Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold

हुन् । त्यस्तै स्वदेशी संस्कृति तथा धर्तीप्रति हुरूक्क भएर नियात्रा रचना गर्ने र तिनीहरूलाई नवीनतम शैली तथा कौशलले सजिसजाउ गर्ने निबन्धकार हुन् : जनकलाल शर्मा (कौतुकमय डोल्पो - २०३९), रमेश विकल (सात सूर्य : एक फन्को ०३४), पूर्ण प्रसाद नेपाल यात्री (नियात्रीको नौलो सुशेली इत्यादि) । यी नियात्राहरू शिल्प, वस्तु, चिन्तन तथा अन्वेषण आदि सबै विशेषताले भरिभराउ भएका छन् ।

नेपाली साहित्यको निबन्ध क्षेत्र तथा विधामा सशक्त गति र नवीनतम शैली अवलम्बन गरेर निबन्धहरू रचना गर्ने दर्जनौं निबन्धकारहरू छन् । जसको नाम उल्लेख असम्भव भएकोले यहाँ स्थान दिन सकिएन । यिनीहरूले नेपाली निबन्धको विकासलाई गति प्रदान गरिरहेका छन् र निबन्ध अग्राभिमुख भएर बढ्दैछ । यसले नयाँ चिन्तन, शिल्प र अभिव्यक्ति सबैलाई समेटेर अगाडि बढ्दछ । हाल २०६३ पछि यो विधाले झन बढी स्वतन्त्र भएर फुक्ने, फैलने र फस्टाउने मौका पायो । यो क्रम हाल पनि जारी छ ।

## ३.२.~~द~~ आफूलाई मनपर्ने केही नेपाली ~~प्रमुख~~ निबन्धकारहरू

### ३.२.१. लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) ~~र निबन्ध~~

विक्रम संम्वत् १९६६ कार्तिक २७ गते काठमाडौंको डिल्लीबजारमा जन्मिएका लक्ष्मीप्रसाद~~लक्ष्मीप्रसाद~~ देवकोटाले बी.ए. बी.एल. र अंग्रजीमा एम. ए. सम्मको अध्ययन गरेका हुन् । सानैदेखि साहित्यगर्फ रुचि राख्ने देवकोटा सर्वप्रथम वि. स. १९९१ को गोरखापत्र पत्रिका मार्फत "पूर्णिमाको जलधि" शीर्षकको कविता लिएर औपचारिकरूपमा देखा पर्छन् । निबन्ध विधातर्फ भने १९९३ को "शारदा" पत्रिकामा "आषाढको पन्ध्र" लिएर आउँछन् ।[43] यो निबन्ध नै नेपाली साहित्यको इतिहासमा प्रथम आधुनिक निबन्ध बनेर देखा पर्छ ।

निबन्धलाई एउटा "टेबिल गफ" का रूपमा लिने देवकोटा निबन्धलाई वेदान्त दर्शन र बौद्धिक खोराकबाट टाढा राख्न खोज्छन् । यसैले उनका निबन्धमा पनि कल्पनाको अधिकता र रमरम बौद्धिकता पाइन्छ । देवकोटाका प्रमुख दुई निबन्धसंङ्ग्रहमा **लक्ष्मी निबन्धसंङ्ग्रह** (२००२) र **दाडिमको रूखनेर** (२०३९) रहेका छन् । यी सबै निबन्धहरूलाई

[43] राजेन्द्र सुबेदी, दाडिमको ~~रूरू~~खनेर, २०३९, (सम्पादन), साझा प्रकाशनको छापाखाना, पुल्चोक ललितपुर ।

Formatted: Font: Bold
Formatted: Font: Not Bold
Formatted: Font: 13 pt
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: 10 pt

हेर्दा देवकोटामा आत्मपरक शैलीको प्रांचुर्यता पाउन सकिन्छ । देवकोटाले आफूलाई आत्मपरक वा वैयक्तिक शैलीमा होमिनुको प्रमुख कारणका रूपमा उच्च शिक्षा अध्ययनको क्रममा पाश्चात्य उवं अंग्रेजी साहित्यको प्रत्यक्ष प्रभाव परेको कुरालाई लिन सकिन्छ ।[44]

सर्वप्रथम प्रकाशित भएको **“लक्ष्मी निबन्धसंङ्ग्रह”** (२००२) भित्र जम्मा एक्काइसवटा आत्मपरक निबन्धहरू संग्रहित छन् । यी निबन्धहरूमध्ये पनि “पहाडी जीवन,” “के नेपाल सानो छ ?,” “भलादमी”, “कला र जीवन”, “कल्पना” मलाई अति मन पर्ने निबन्धहरू हुन् । यी निबन्धमा लयात्मकता, कोमलता, हार्दिकता, सहजता एवं मिठासता समेत पाउन सकिन्छ । वास्तवमा भन्ने हो भने यिनै निबन्धको प्रभावस्वरूप मेरा “आनन्द” “जीवनको ज्योति असल शिक्षा र आचरण”, “एक्काइसौं शताब्दीलाई उपहार” नामक निबन्धहरू जन्मिएका हुन् । हुन त देवकोटाका अन्य निबन्धहरू पनि कम मूल्य र महत्वका छन् भन्न त सकिन्न तर मैले यी निबन्धहरूलाई नै सबैभन्दा उच्चस्तरका निबन्धकारूपमा गणना गरेको छु ।

**“लक्ष्मी निबन्धसंङ्ग्रह”** मा रहेको दोश्रो निबन्ध “पहाडी जीवन” ले नै हाम्रो देश नेपालका सबै दुर्गम पहाडी गाउँलाई नै चित्रित गराउने काम गरेको छ । झिल्टुङ एउटा सानो दुर्गम पहाडी गाउँ हो तर त्यसमा हाम्रो नेपाल र संपूर्ण नेपालीको जीवनशैली पाउन सकिन्छ । प्रकृतिको सुन्दर वर्णन छ, लयात्मक भाषा शैली छ अनि यो निबन्ध पढ्दा कसको पो दिल छुँदैन र ।! निबन्धकारले झिल्टुङको शान्त र सुन्दर वातावरणको वर्णन गर्दै हाम्रो देश नेपालका दुर्गम भनेका गाउँहरू पनि प्रकृतिका धनी छन् र मान्छेको दिल, मन र स्वभाव पनि त्यहींको वातावरण जस्तै सुन्दर, शान्त र सफा छ भनी शहरबासी एवं अन्य विदेशीहरूलाई पनि गाउँतर्फ आकर्षित गरेका छन् । यो निबन्धकारको सुन्दर कला हो ।

यसैगरी **“लक्ष्मी निबन्धसंङ्ग्रह”** मा एघारौंस्थान ओगट्न सफल निबन्ध हो “के नेपाल सानो छ ?” यसमा पनि भाषाको लयात्मकता र कोमलता पाईन्छ । यसैगरी हाम्रो देशको सुन्दर वर्णन गर्ने क्रममा सानोको उदाहरण आँखाको नानी, मणि, हीरा आदि दिएर तिनको महत्त्व झल्काएर हाम्रो देशलाई ठुलो र गौरवशाली राष्ट्रका रूपमा चिनिएका छन् । यसले गर्दा यो निबन्धमा राष्ट्रप्रेमको भावना समेत पाउन सकिन्छ । “यहाँ वाग्नर कोदाली खन्छन् शेक्सपियर हलो जोत्ता हुन् : ..... हेलेन र केलरहरू गीत गाउँछन् ....... ।[45] भन्दै

[44] राजेन्द्र सुबेदी, ऐ.ऐ. ।

[45] लक्ष्मीप्रसाद देवकोटा ऐ.ऐ., के नेपाल सानो छ ?, (निबन्ध) ।

नेपालीहरूले पनि अवसर पाउनासाथ के पो गर्न सक्तैनन् र सबै चिज यहीं छ, सीप र जाँगर पनि छ, नेपालमा के पाउन कठिन छ र, केहीमा पनि कम छैन भनेर हाम्रो देशको, आफ्नो मातृभूमिको सुन्दर वर्णन गरी सबैलाई आकर्षण गरेका छन् । यसैकारण यो निबन्धको प्रेरणास्वरूप मेरो निबन्ध जन्मियो "जीवनको ज्योति असल शिक्षा र आचरण" ।

देवकोटाको चर्चित निबन्धका रूपमा "कला र जीवन" ले पनि महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । यसमा देवकोटाले तार्किक, वैयक्तिक शैलीलाई अगाडि सारेर विषय वस्तुलाई बढी गहनतर्फ लगेका छन् । जीवन र कलालाई नङ र मासुको सम्बन्ध देखाउँदै एकअर्काको घनिष्ठ सम्बन्धलाई केलाएका छन् । यस निबन्धमा भएका वाक्य गठनको प्रकृयाले पाठकलाई भावनातिर विचरण गराइरहेको पाइन्छ । यिनै वाक्य गठन प्रकृयाबाट बढी प्रभावित भएर मेरो निबन्ध आएको छ "मुटु" ।

यसैगरी देवकोटाका **लक्ष्मी निबन्धसंङ्ग्रह**मा परेका निबन्धहरू "श्री गणेशाय नमः" "मेरी शिशु", "सुकुलमाथि", "लेख्ने बानी", "नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरूष", पाँचवटा चाहिने कुराहरू", "सरिताको कलकल", "मान्छे जादु", "हाइहाइ अंग्रेजी", "वीरहरू", "फूल", "आषाढको पन्ध्र", "गधा बुद्धिमान् कि गुरु?", "हास्यरस", "कविराजको च्याङ्ग्रे खच्चर", "छन्द र लय" सबै निबन्धहरू उच्च कोटीमा गणना गर्न सकिने आत्मपरक तथा निजात्मक शैलीका निबन्धहरू हुन् ।

माथि उल्लेखित देवकोटाका निबन्धहरूको प्रभाव प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा मेरा निबन्धहरूमा पनि देखा परेको छ । देवकोटाले भनेका छन् - "यी प्रबन्धमा म कविजस्तो केही मात्रामा देखिन्छु, किनकि कवितात्मक कल्पना प्राचुर्य र कविताशक्ति धेरै ठाउँमा स्पष्टतया झल्किरहेका होलान् ।"[46] देवकोटाले भनेकै भाषा अन्तर्गत मेरा निबन्धहरूमा पनि कवितात्मक भाषा बढी मात्रामा रहेको म आफैं स्वीकार्छु भने यस कुरालाई निर्देशक श्री रघु घिमिरेले समेत स्वीकार्नुभएको छ । यसकारण मेरा निबन्धहरूमा सर्वप्रथम देवकोटाका निबन्धहरूको छाप परेको छ । यसैले मैले पनि देवकोटाले भनेझैं "पोथी गद्य"[47] लाई लिएर हिँड्ने काम गरको छु ।

२००२ सालमा आफ्नो जीवन कालमा नै प्रकाशित गरेको 'लक्ष्मी निबन्ध सङ्ग्रह' देवकोटाको पहिलो निबन्ध सङ्ग्रह हो र मरणोपरान्त प्रा. राजेन्द्र सुबेदीको सम्पादकत्वमा

[46] लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्धसंङ्ग्रह, (२००२), साझा भूमिका ।
[47] ऐ.ऐ.

प्रकाशित **दाडिमको रूखनेर** (२०३९) निबन्ध सङ्ग्रह दोस्रो निबन्ध सङ्ग्रह हो । यसरी देवकोटाका दुवै निबन्ध सङ्ग्रहहरूलाई हेरेको खण्डमा 'लक्ष्मी निबन्ध सङ्ग्रह'लाई पहिलो चरण र 'दाडिमको रूखनेर' निबन्ध सङ्ग्रहलाई दोस्रो चरणका रूपमा लिन सकिन्छ । हुन त बासुदेव त्रिपाठीले 'लक्ष्मी निबन्ध सङ्ग्रह'लाई नै पूर्वार्द्ध र उत्तरार्द्ध गरी दुई लघु मोडमा स्वीकारेको देखिन्छ ।[48] तर यसै कुरालाई प्रा. राजेन्द्र सुबेदीले १९९८ पूर्वलाई एक मोड, १९९८ देखि 'लक्ष्मी निबन्ध सङ्ग्रह' प्रकाशन पर्यन्त दोस्रो मोड र त्यसपछि समापन पर्यन्त तेस्रो मोड मानेको देखिन्छ । कुरा जे होस् देवकोटाका दुवै सङ्ग्रहभित्र रहेका निबन्धहरू उच्च कोटीमा पर्दछन् ।

'लक्ष्मी निबन्ध सङ्ग्रह' भित्र रहेका निबन्धहरूको सामान्य चर्चा र तिनको प्रभाव माथि नै भइसकेको हुनाले यहाँ **दाडिमको रूखनेर** (२०३९) निबन्धसङ्ग्रहमा रहेका निबन्धहरूको चर्चा र तिनबाट पर्न गएको छापको सामान्य जानकारी गराउने काम गरिन्छ ।

**दाडिमको रूखनेर** निबन्धसङ्ग्रहमा सङ्कलित निबन्धहरू देवकोटाले देशविदेशका विभिन्न पत्रिकाहरूमार्फत प्रकाशित गराएका हुन् । अझ यस सङ्ग्रहका प्रसिद्ध निबन्ध "दाडिमको रूखनेर" र "कवि हुने धुनमा"मरणोपरान्त "रूपरेखा" पत्रिकामा २०१८ सालमा आएका कुरालाई प्रा. राजेन्द्र सुवेदीले प्रष्ट पारेको देखिन्छ र कुरा जे भएपनि राजेन्द्र सुबेदीले सम्पादक बनेर छरिएर रहेका देवकोटाका उत्तरार्द्धतिरका सबै निबन्धहरूलाई **दाडिमको रूखनेर** २०३९ मा सङ्ग्रहित गरी देवकोटाका निबन्धहरूलाई बचाउने काम गरेको देखिन्छ । **दाडिमको रूखनेर** निबन्ध सङ्ग्रहमा भएका निबन्धहरू पहिलेका **लक्ष्मी निबन्ध सङ्ग्रह**मा भएका निबन्धहरूभन्दा बढी चिन्तन र मनन गरेर लेखिएका देखिन्छन् । यसका साथै **दाडिमको रूखनेर**मा भएका निबन्धहरू क्रान्तिकारी र स्वच्छन्दतावादी स्वर समेत पान सकिन्छ । देवकोटाको चिन्तन र मनन गरेर लेखिएका निबन्धहरूमा "निद्रा", "दाडिमको रूखनेर", "साहित्यमा शिवत्व" "कवि हुने धुनमा" प्रमुख छन् । यसैगरी क्रान्तिकारी तथा स्वच्छन्दतातर्फ उन्मुख रहेका निबन्धहरूमा "नर-नारी", "म सुवासिनी मान्छे भए के गर्ने थिएँ", "साँढे", "शिशुभक्षकका लागि क्षमा प्रार्थना" प्रमुख छन् । यसरी नै देवकोटाको "दाडिमको रूखनेर"मा सङ्ग्रहित निबन्धहरू "बेलामा", "फर्सीको झोल", "मातृभाषाको लागि", "कट्टरता", "नेपाली भाषा", "श्रीपंचमीको दिन २०१०", "दान",

[48] बासुदेव त्रिपाठी, विचरण, (२०२८), भानु प्रकाशन, काठमाडौं ।

"भ्रमणको महत्त्व", "धुम्रपानको क्षमा प्रार्थना", "मेरो पाल्पा तानसेनतर्फको यात्रा" निबन्धको प्रभाव स्वरूप मैले "तातो" र "भनेजस्तो" निबन्ध लेख्न पुगें । यी निबन्धहरूमा पनि धेर-थोर प्रभाव देवकोटाको "दाडिमको रूखनेर" बाट परेकै देखिन्छ । त्यहाँ भएका वाक्य गठन प्रक्रिया, स्वच्छन्दता, क्रान्तिकारी चिन्तन र मनन मेरा निबन्धमा पनि पाउन सकिन्छ ।

यसकारण निबन्ध सिर्जना गर्ने क्रममा मलाई प्रेरणाको रूपमा देवकोटाकै निबन्धहरूले काम गरेका छन् । जसरी देवकोटाका निबन्धमा आत्मपरकता, लयात्मकता, चिन्तन, मनन, क्रान्तिकारी भावना, स्वच्छन्दता, मिठासता आदि पाउन सकिन्छ । त्यसैगरी मेरा निबन्धमा पनि यी कुराहरू भएको आफूले महसुस गरेको छु । यसैगरी देवकोटाले ईश्वर, प्रकृति र मानवलाई जसरी त्रिकोणात्मक रूपमा हेरेका छन्, सायद म पनि यो धरातलभन्दा टाढा गएको छैन जस्तो आफूलाई लागेको छ ।

### ३.२.२. भैरव अर्याल (वि.सं. १९९३- २०३३)

Formatted: Font: 17 pt, Bold

Formatted: Font: 17 pt, Bold

भैरव अर्यालको जन्म वि.सं. १९९३ मा ललितपुर जिल्लाको कुपण्डोलमा भएको हो । यिनी वि.सं. २०१३ सालको "हालखबर" पत्रिकामा "खोलापारिका प्रेतबाजे" निबन्ध लिएर औपचारिक रूपमा निबन्ध विधामा देखा परेका हुन् । भैरव अर्यालको पहिलो प्रकाशित निबन्ध सङ्ग्रह भने **काउकुती** (२०१९) हो । भैरव अर्यालका **काउकुती** निबन्ध सङ्ग्रहभित्रका निबन्धहरू "चरिचुच्चे च" देखि लिएर "कन्याकेटी खोज्दा" सम्म जम्मा एघारओटा निबन्धहरू सङ्ग्रहित छन् । यी निबन्धहरूबाट भैरव अर्याललाई एक कुशल हास्यव्यङ्ग्य निबन्धकारका रूपमा लिन सकिन्छ । अर्यालका निबन्धहरू पढ्दैजाँदा एक्लै भएपनि पाठक खितितित्त हास्न पुग्छ । यो कला अन्य नेपाली निबन्धकारहरूमा कमैमात्रमा पाइन्छ । हास्यको साथमा व्यङ्ग्य समेत प्रहार गरेर समाजमा रहेका कुरीति, विसङ्गति, अन्याय र अत्याचारहरूलाई हटाउन खोजेका छन् । अर्यालका निबन्धहरूले समाजका सामान्य विषयवस्तुदेखि लिएर अन्तर्राष्ट्रियस्तरका विषयलाई समेत समेटेको पाइन्छ । समाजमा घटेका घटनाहरूलाई आफ्नै घटना बनाएर निजात्मक भाषाशैली प्रयोग गर्ने अर्यालले उखान

Formatted: Font: Bold

Formatted: Font: Bold

र तुक्काहरू पनि त्यत्तिकै मात्रामा प्रयोग गरेका छन् । समाजमा घट्ने घटनालाई आफ्नै घटना बनाएर व्यङ्ग्य प्रहार गर्ने निबन्धहरूमा "नाम फेर्ने धुनमा", "टि पार्टी", "कन्या केटी खोज्दा" प्रमुख छन् । यसैगरी समाज, राष्ट्र र अन्तर्राष्ट्रिय विसङ्गतिलाई व्यङ्ग्य प्रहार गरेर लेखिएका निबन्धहरूमा "नयाँ भाखा र नयाँ कवित्व" "अन्तर्राष्ट्रिय भ्यागुता सम्मेलन", "मिनिष्टर एन. मुनि नेपालमा", "जयभोलि" प्रमुख छन् ।

भैरव अर्यालको दोस्रो निबन्ध सङ्ग्रह **जयभुँडी** (२०२२) रहेको छ । "जयभुँडी"लाई माइलो र माइलाको दाजु "काउकुती" (२०१९) भनेर निबन्धकार स्वयम्ले नै स्वीकारेका छन् ।[49] यसैगरी उनका निबन्ध सङ्ग्रहहरू हुन् : **गलबन्दी** (२०२६), **इतिश्री** (२०२८), **दस औतार** (२०३३) ।

यसरी अर्यालले मुख्य पाँचओटा निबन्ध सङ्ग्रहहरू प्रकाशित गराएर आफूलाई हास्यव्यङ्ग्य निबन्धका हस्तिका रूपमा उभ्याएका छन् । यसबाहेक उनले अन्य विभिन्न निबन्धहरू प्रकाशित गराएको कुरा विभिन्न समालोचकहरूले गरेका छन । **काउकुती** (२०१९) बाट **जयभुँडी** (२०२२) मा आइपुग्दा अर्यालको भाषा गहनतर्फ धकेलिएको छ । **'काउकुती'**मा ठट्यौलोपन बढी देखिन्छ भने **जयभुँडी**मा आएपछि विचारहरू र तर्कहरूले बढी ठाउँ लिएका छन् । तर पनि **जयभुँडी**मा भएका निबन्धहरूले पनि अर्यालको अस्तित्व हास्यव्यङ्ग्यलाई राम्ररी नै जोगाएर राखेको भेटिन्छ ।

**जयभुँडी**मा भएका निबन्धहरूमा "मपाईं", "लाहुरेको यात्रा संस्मरण", "पल्नोस्" निबन्धहरूले मान्छे र समाजको बेथिति, बिकिृति र विसङ्गतिलाई व्यङ्ग्य प्रहार गरेका छन् भने "चन्द्रलोक कस्को", "नेता नम्बर एक सय एक" महापुरूषको सङ्गत, "जयभुँडी" निबन्धहरूले राष्ट्रदेखि अन्तर्राष्ट्रिय विसङ्गति एवं हेपाहा प्रवृत्तिलाई उजागर गर्ने काम गरेका छन् ।

समग्ररूपमा भन्नुपर्दा अर्यालले आफ्ना निबन्धहरूमा मानिसका कुप्रवृत्ति एवं सामाजिक कुरीतिहरूको भण्डाफोर गरेका छन् । राष्ट्रिय अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा लेखिएका उनका निबन्धहरूमा विषयको गहनतालाई व्यङ्ग्यद्वारा रोचक बनाइएको छ । च्वास्स मुटुमा बिभ्ने मीठो शैलीमा शिष्ट भाषा प्रयोग गरेर व्यङ्ग्यको तीखो बाण प्रहार गर्नु अर्यालको विशेषता हो ।

[49] भैरव अर्याल, जयभुँडी, २०२२ (भूमिका), रत्नपुस्तक भण्डार, काठमाडौं ।

Formatted: Font: Bold
Formatted: Font: Mercantile, 12 pt
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Not Bold
Formatted: Font: Not Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Mercantile
Formatted: Font: 10 pt
Formatted: Font: Preeti

**जयभुँडी** (२०२२), पछिको तेस्रो निबन्ध सङ्ग्रहका रूपमा भैरव अर्यालको **गलबन्दी** (२०२६) देखा परको छ । यस निबन्ध सङ्ग्रहमा भएका निबन्धहरू विभिन्न पत्र पत्रिकाहरूमा अगाडि नै प्रकाशित भइसकेको उल्लेख गलबन्दीमा भएका निबन्धले नै प्रष्ट पारेका छन् । यस निबन्ध सङ्ग्रहमा भएका निबन्धहरूकै अन्त्यमा पत्रिकाको नाम र मिति उल्लेख गरिएबाट यो कुरा प्रष्ट हुन्छ । **काउकुती** र **जयभुँडी** मा जस्तै यस सङ्ग्रहमा भएका दसओटा निबन्धहरूले पनि रोचक शैलीमा हास्यव्यङ्ग्यलाई नै टपक्क टिपेर अगाडि बढेका छन् । यस विषयमा ताना शर्माको भूमिकाको एक वाक्य पर्याप्त छ - "**गलबन्दी** निबन्धले एकातिर तुलेगाँडोको विवशतालाई अघि तेर्स्याएर हामीलाई मरीमरी हसाउँछ भने अर्कातिर दोष, कुरूपता र अयोग्यता लुकाएर गुण, रूप र योग्यताको पगरी गुत्ने फटाहाहरूको आन्द्राभुँडी केलाएर सत्यको उद्घाटन व्यङ्ग्यात्मक रूले गर्छ ।"[५०]

यसपछाडि **इतिश्री** (२०२८) निबन्ध सङ्ग्रहमा भैरव अर्यालका बाह्रओटा निबन्धहरू देखापरेका छन् । यस सङ्ग्रहमा परेका निबन्धहरूले अन्य सङ्ग्रहमा भएकाभन्दा केही फरक ढङ्गमा आफ्नो अस्तित्वलाई कायम गरेका छन् । अझ "आस्थाको फाइल" र "असनको डबली" जस्ता निबन्धले त आफ्नो स्वरूप एवं आकृतिलाई निकै साँघुऱ्याएका छन् । तर पनि यी निबन्धमा वाक्यजालभन्दा शब्द वैचित्र्य अति राम्रो छ । अर्याल 'इतिश्री' सङ्ग्रहका निबन्धमा शब्दै शब्दमा खेल्छन् अनि शब्द शब्दैको  साङ्लो बुनी शङ्कर लामिछानेको चेतनप्रवाह शैलीलाई पछ्याउन खोज्छन् जसको सबुद प्रमाण "असनको डबली" निबन्ध रहेको छ । काठमाडौंको असनमा टेपरेकर्ड गराएर विभिन्न मानिसहरूले बोलेका बोलीहरू पस्किएजस्तो छ "असनको डबली" । सबैभन्दा कम आयममा फैलिएको निबन्धचाहिँ "आस्थाको फाइल" नै हो । जम्मा ७/८ ओटा स-साना अनुच्छेदहरूमा फैलिएको यो निबन्धले लगभग एक पेज आधामा मात्र आफ्नो आयामलाई लिएको छ तर निबन्धपूर्ण छ र निबन्धले सत्ता, शक्ति, सम्पत्ति, बिलास आदिले जरो गाडेर अनाचार, क्रान्ति, द्वन्द्व, अन्याय, अत्याचार आएर आस्था एवं विश्वासको महल नै ढलेको कुरालाई उठाएर सबैलाई विस्वास एवं आस्थातर्फ केन्द्रित गरेको छ ।

**इतिश्री** पछि भैरव अर्यालका निबन्धहरूको संगालो **दस औतार** (२०३३) देखा पर्छ । यसमा भएका शीर्षकलाई हेर्दा समालोचना समेत व्यङ्ग्यशैलीमा लेखिएको हो कि जस्तो लाग्छ तर पनि शब्दहरूको रखाइ र वाक्यगठनलाई हेर्दा यो **दस औतार** पनि निबन्ध नै हो ।

---

[५०] तानासर्मा, गलबन्दी, २०२६, (भूमिका), कौवा प्रकाशन, काठमाडौं ।

यहाँभित्र प्राथमिक, माध्यमिक एवं आधुनिक कालका प्रसिद्ध केही नेपाली साहित्यकारहरूलाई विभिन्न ढङ्गमा चिनाउने काम भएको छ । कुनै निबन्धमा पत्रात्मक शैली अवलम्बन गरिएको छ भने कतै वर्णनात्मक शैली पनि पाइन्छ तर जे होस् सबै निबन्धहरूमा हास्यव्यङ्ग्य शैली प्रसस्तै मात्रामा पाइन्छ । भाषाको रोचकता, मिठासता, व्यङ्ग्यात्मकता भैरव अर्यालका सबै निबन्धहरूमा पाइने साझा विशेषता हो । यस ‘दस औतार’ भित्रका निबन्धहरूमा पनि भानुभक्त आचार्य, लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, शङ्कर लामिछाने जस्ता साहित्यकारहरूलाई अति रोचक तरिकाले वर्णन गरी चिनाउने काम गरिएको छ ।

यसैगरी अर्यालका अन्य निबन्ध सङ्ग्रहहरूमा **प्रवेशिका निबन्ध** (२०२७), **साझा निबन्ध** (२०२५) पनि प्रख्यात छन् । यी सबै निबन्धहरूमा पनि अर्याललाई हास्यव्यङ्ग्य निबन्धकारकै रूपमा उभ्याउन सकिन्छ ।

यसरी भैरव अर्यालका समग्र निबन्धहरूलाई हेरेको खण्डमा उनी हास्यव्यङ्ग्य निबन्ध विधाका ठुला स्तम्भ नै हुन् भन्न सकिन्छ । अर्यालको  भाषा, वाक्य गठन, शब्दक्रम, उखान, तुक्का आदिलाई हेर्दा ठ्याक्क मिलेर आएको भेटिन्छ भने कतै शब्दका जालमा परेर नेपाली शब्द नभेटी अन्य भाषाबाट पनि सापटी लिएको पाइन्छ ।  तर पनि उनका निबन्धमा ठेट नेपाली झर्रा शब्दहरूकै बाहुल्यता रहेको पाइन्छ ।

भैरव अर्यालका प्रसिद्ध पाँच निबन्ध सङ्ग्रहहरू **काउकुती, जयभुँडी, गलबन्दी, इतिश्री** र **दसऔतार**लाई वि.सं. २०६० मा **श्री भैरव पुरस्कार गुठी**ले एउटै पुस्तकका रूपमा **भैरव अर्यालका हास्यव्यङ्ग्य** (निबन्ध) शीर्षकबाट प्रकाशित गरेर सबै निबन्धहरूलाई एकै ठाउँमा वा एउटै कृतिमा बटुल्ने काम गरेको छ । यसले एउटा किताबबाट नै अर्यालका विभिन्न निबन्धहरूको पठन पाठकहरूले लिन सकिन्छ ।

भैरव अर्यालका निबन्धहरूमा भएको रोचक एवं मीठो भाषा, हास्यव्यङ्ग्यात्मक शैलीले जोसुकै पाठकवर्गलाई छोएकै हुन्छ । त्यसमा पनि साहित्यकारहरूलाई त यसले झन् ठुलो प्रभाव पारेकै हुन्छ । यसैले मलाई पनि भैरव अर्यालका पछाडिका भन्दा पनि अगाडिकै **काउकुती** र **जयभुँडी** निबन्ध सङ्ग्रहमा भएका निबन्धहरूले ज्यादै प्रभाव पारेका छन् । यिनै निबन्धहरूमा भएका रोचकता र हास्यव्यङ्ग्यात्मकतालाई मैले पनि आफ्ना  निबन्धहरूमा भित्र्याउने काम गरेको छ । यसैको फलस्वरूप लेखिएका मेरा निबन्धहरू ‘मिठो’, ‘टालो’,



Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold

शोषण, विकृति तथा विडम्बना–प्रति उनका निबन्धहरू ~~न~~चोटिला प्रहार बनेका छन् । ती निबन्धहरूमा विसंङ्गतिबोध पनि पाइन्छ ।

**३.२.३.२. शंकर लामिछाने** ~~रामकृष्ण शर्मा (१९७८-२०३४) का निबन्धहरू तर्क चिन्तनले पूर्ण हुन्छन् । तिनीहरूमा आत्मपरकता र वस्तुपरकताको संयोजन पाइन्छ । "प्यारो सपना र अन्य लेखहरू" (२०१७), "टेबुल गफ नै बैठक" (२०२८) र "एक बिसौनी" (२०३८) शर्माका निबन्ध संग्रह हुन् । उनी प्रवासी निबन्धकार हुन् ।~~

~~कृष्णचन्द्र सिंह प्रधानले (१९८२) आफूलाई नेपाली साहित्यमा विशुद्ध निजात्मक निबन्धकारको रूपमा स्थापित गरेका छन् । उनी जीवनका विभिन्न मोडहरूलाई चिन्तनका रूपमा कतै विश्लेषणका रूपमा र कतै भातृत्त्वका रूपमा प्रस्तुत गर्न निपूर्ण छन् । "सालिक" (१९८४) उनको निबन्ध सँगालो हो ।~~

शंकर लामिछाने (१९८४-२०३२) निजात्मक निबन्धका प्रतिनिधि निबन्धकार हुन् । उनका निबन्धहरू खास गरी चिन्तन पक्षका हुन्छन् । ती कवितात्मक पनि हुन्छन् । उनका निबन्धका भावहरू जटिल प्रतीत हुन्छन् । प्रस्तुतिमा अनौपचारिक शैलीमा निजात्मकता र प्रविधिमा अमूर्तता उनको निबन्धको वैशिष्टय हो । देवकोटा झैँ लामिछाने पनि आफ्ना निबन्धहरूको मार्गबाट साहित्य, संगीत र कला आदि क्षेत्रमा प्रवेश गर्छन् र त्यसमाथि चिन्तन र अध्ययन गर्छन । **"गोधुली संसंस्कार"** (२०२८) र **"एब्स्ट्रयाक्ट चिन्तन प्याज"** (२०३३) उनका लोकप्रिय निबन्ध कृतिहरू हुन् ।

**३.२.३.३. मोहनराज शर्मा** ~~श्यामप्रसाद शर्मा (१९८६) एक सफल निजात्मक निबन्धकार हुन् । उनको "तँ, तिमी, तपाइँ, हजुर" (२०१४) सालमा छापिएको निबन्ध संग्रह हो । यो सङ्कलनका निबन्धहरूमा समाजमा विद्यमान साघुरो र फाकिला संस्कारहरूलाई उजागर पारेका छन् । उनका पछिल्ला प्रहरका निबन्धहरू चिन्तनका दृष्टिले ग्रहङ्गा र सामाजिक विषमता तथा बेथिति प्रति विरोधका दृष्टिले चोटिला छन् ।~~

~~कमल दीक्षित (१९८६) पनि एक क्रियाशील निबन्धकार हुन् । विषयवस्तुको क्षेत्र तथा सीमाभित्र रहेर तथ्य कुरालाई कोट्याउनु उनको निजात्मक निबन्ध लेखनको विशेषता हो । "उखान मिलेन" (२०३७) उनको निबन्ध संग्रह हो । ईन्द्र बहादुर राई (१९८८) निजात्मक निबन्धको चिन्तन पक्षका बलवान निबन्धकार हुन् । यस्तै नगेद्र शर्मा (१९८८) को "नगेन्द्रका निबन्ध" सङ्कलन (२०२६) लाई अध्ययन गर्दा त्यहाँ निजात्मकताको राम्रो~~

Formatted: Font: Bold

Formatted: Font: Bold

Formatted: Font: Bold

Formatted: Font: Bold

प्रयोग भएको छ । यो प्रयोग उनको निबन्ध "उखेल्न पर्ने उखान" मा राम्रोसित व्यक्त भएको छ ।

रमेश विकल (१९८९) आफ्ना निजात्मक निबन्धहरूमा चिन्तनलाई उद्घाटित गर्न प्रयत्न गर्छन । "म माने नाश्लोन" (रपः २५) र युगबोध निबन्धहरूले निजात्मकतालाई पुरापुर गरेका छन् ।

बालकृष्ण पोखरेल (१९९०), निबन्धका सशक्त हस्ताक्षर हुन् । उनका उकुस मुकुस (२०२९) कलेज स्तरका निबन्धै निबन्ध (२०३७) र "एक मुखे रूद्राक्षको खोजी" (२०४९) तीन निबन्ध संग्रह छन् । उनका निबन्धहरू विवित विशेषताहरूले भरपुर छन् । उनी वस्तुपरक र भावपरक निबन्धहरूमा चिन्तन र भावलाई समन्वय गरी प्रस्तुत गर्छन् ।

तारानाथ शर्मा (१९९१) एक कुशल निबन्धकार हुन् । उनका निबन्धहरूमा बौद्धिकता र हार्दिकता दुवै चिज प्रस्तुत छन् । निजात्मक अनुभूतिका साथै सल र घतलाग्दो प्रस्तुतिकरण गर्नु नै उनको निबन्धको विशेषता हो । "नमस्ते" (२०१८), "जमर्काहरू" (२०२६) "जीवनको छाल" (२०३०) यी शर्माका निबन्ध संग्रहहरू हुन् । निबन्धकार कृष्णप्रसाद पराजुली (१९९२) आफ्ना निजात्मक निबन्धहरूमा सरल र सहज भाषा प्रयोग गर्छन् । यस सीपमा उनी पोख्त छन् । आफ्नो साहित्यिक बाटोमा (रम १०१) उनको उत्कृष्ट निबन्ध हो । निबन्धमा निजात्मकता प्रयोगका दृष्टिले चुडामणि रेग्मी (१९९३) सफल निबन्धकारमा देखिन्छन् । विषयवस्तु सामान्य भए पनि भावको गहिराई भेट्नु उनको वैशिष्ट्य हो । "घुम्दा फिर्दा", (२०३३), "धुनमा धुन" ( ) उनका निबन्ध संग्रहहरू हुन् ।

मोहनराज शर्मा (१९९७) उत्तरवर्ती फाँटका निबन्धकार हुन् । निजात्मक निबन्धमा नवीन प्रयोगका निम्ति उनी प्रख्यात छन् । शर्माका **इन्टरम्भ्यु स्पेसलिष्ट मि. झप्पुसिं डबकल टम.र एम. ए.** (२०३८) र **"पुछारको पातो"** (२०४०) प्रकाशित निबन्ध संग्रहसंङ्ग्रहहरू हुन् । पहिलोमा अन्तर्वार्ता शैलीको अवलम्बन गरिएको छ । प्रयोगात्मक नवीनता, नाटकीयता, ध्वश्वन्यात्मक प्रस्फुटन उनका निबन्धका विशेषता हुन् । पुष्कर लोहनी (१९९७) यौन चिन्तक निबन्धकारका रूपमा प्रतिष्ठापित छन् ।

### ३.२.३.४. रघुनाथ घिमिरे

रघुनाथ घिमिरेको **राम्रो म** (२०५८) निबन्धसङ्ग्रह निकै नै चर्चित निबन्ध सङ्ग्रह हो । यसमा भएका निबन्धहरूले निबन्धकारलाई उच्च स्थान दिएका छन् । ~~समम्लाल्स अधिकारी (१९९८) नेपाल बाहिरका सुप्रसिद्ध निबन्धकार हुन् ।~~समसामयिक कुराहरूलाई लिएर आत्मपरक शैलीमा मीठो र रोचक तरिकाले निबन्धलाई पाठकसामु पुऱ्याउने खुबी निबन्धकारमा रहेको पाइन्छ । सामान्य कुराबाट गहनातर्फ धकेल्दै समयका जल्दाबल्दा समस्याहरूलाई सहज तथा रोचक ढङ्गबाट पाठकलाई कुतुहलता पैदा गराइ आनन्द प्रदान गर्ने क्षमता निबन्धकारमा प्रखर मात्रामा रहेको पाइन्छ ।

**३.२.३.५. बासुदेव त्रिपाठी** ~~"भोकाएको कुकुर के भन्छ" (२०१६), "अलौटा र ठेट्ना" (२०३३) उनका प्रकाशित निबन्ध संग्रह हुन् । उनका निजात्मक निबन्धहरू चिन्तन प्रधान र भावप्रधान दुवै छन् ।~~

बासुदेव त्रिपाठी (१९९९) का निबन्धहरू निजात्मक हिसाबले उत्कृष्ट र उच्च छन् । उनका विभिन्न पत्र-पत्रिकामा प्रकाशित **"नयाँ वर्ष"** (२०२६), **"मेरो सुन्दर देश"** (२०३३) का साथै "श्र~~द्~~द्धाका पक्षमा" निबन्धहरूमा बौद्धिक व्यंग्य र निजात्मक अनुभूति पाइन्छ । वर्तमान समयमा समयकै स्थितिलाई टिपेर हिड्ने प्रमुख निबन्धकारहरूमध्ये ~~घनश्याम कण्ेल (२००२)को "नयाँ वर्ष" २०२७ निबन्ध वस्तुपरकता र आत्मपरकताको संयन्त्र हो ।~~ अग्र पङ्तिमा बासुदेव त्रिपाठीलाई लिन सकिन्छ ।

## अध्याय चार

## सङ्ग्रहित निबन्धहरूप्रतिको दृष्टिकोण

**~~आनन्ददेव भट्ट, सममणि रिसाल, मदनमणि दीक्षित, रोजन्द्र सुवेदी, मोदनाथ प्रसित, मेघराज मन्जुल, खगेन्द्र संग्रौला, पारिजात, सजव, घनश्याम ढकाल आदि व्यक्तिहरू पनि पहिला तीन पुराना र पछिल्ला सबै नयाँ पिँढीमा सशक्त निबन्धकारहरू हुन् ।~~**

**~~आख्यान तथा आत्मकथालाई पनि निबन्धमा प्रमुखता दिने परम्परा विद्यमान रहेको छ ।~~**

**~~निबन्धमा संस्मरणात्मक मूल्यलाई समाविष्ट गर्ने निबन्धकारहरू पारसमणि प्रधान (सेवक स्मरण १९६९), बालकृष्ण पोखरेल (एकमुखे रूद्राक्षको खोजी १९४१), रमेश विकल (सम्झनाको तिते मिठो रूप ४८), कमल दीक्षित (विर्सेको संभ्केको~~**

Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: 17 pt, Bold
Formatted: Centered
Formatted: Font: 17 pt, Bold

२०४९), डिल्लीराम तिमिल्सेना (वनारसको चिठी) लोकराज बराल (ताज महलको घुइँचो) आदि हुन् ।

जहाँ चरित्रलाई समाख्यानको रूपमा प्रयोग गरिन्छ ती निबन्धहरू चरित्र प्रधान मान्छिन् । यो शैलीको निबन्ध लेखन लक्ष्मीप्रसाद देवकोटाले "कविराजको च्याङ्ग्रे खच्चर" बाट प्रारम्भ गरे । यस शैली तथा सीपलाई अगाडि भचेट्ने निबन्धकारहरू हुन् – भैरव अर्याल (कवि चम्रलजी : एक शब्द चित्र) केशवराज पिँडाली (केशवराजको मेनिकेष्टो), शंकर लामिछाने (शंकर लामिछानेः शंकर लामिछानेको दृष्टिमा), रामलाल अधिकारी (रामलाल र म) इत्यादी हुन् ।

हाँसो मानिसको जन्मजात सँगैमको अभिव्यक्ति हो । मानिस आँसु र हाँसकोको राजमार्गबाट भौतारिने गर्छ । अमुक चिजको विकृतपन वा अस्वाभाविकता नै हाँसोको स्रोत हो भनी विद्वानहरू तर्क पेश गर्छन । चिकित्सकका अनुसार हाँसो स्वस्थकर कार्य हो । फ्रायड दमीत काम वासना हाँसोको स्रोत मान्छन् । पूर्वीय साहित्य शास्त्रीहरू हास्यलाई काव्इको एक रस मान्छन् । हाँसो मनोरञ्जनको साधन मात्र हैन अपितु यो व्यक्तिमा निहित प्रवृत्ति विचारको संशोधन तथा सुधारको स्रोत पनि हो ।

यस हास्य तत्त्वका दृष्टिले प्रेमराज शर्मा, कृष्ण प्रसाद चापागाइँ, भैरव अर्याल, केशवराज पिंडालो, अच्क्षा राई रसिक, रामकुमार पाण्डे, श्याम गोतामे आदि प्रमुख निबन्धकार मानिन्छन् ।

पूर्वीय संस्कृत साहित्य सिद्धान्त अनुसार वाक्यका तीन अर्थ हुन्छन् । वाच्य अर्थ, कथ्य अर्थ र व्यंग्य अर्थ । साहित्यमा व्यंग अर्थको ठूलो प्रभाव र महत्व छ । नेपाली साहित्यको परिप्रेक्ष्यमा घोचपेचद्वारा मानवीय दुर्बलतालाई हटाउनु व्यंग्य हो । अंग्रेजीमा यसलाई सेटाएर भनिन्छ । यो आनन्ददायक भए पनि अत्यन्त मार्मिक र असाक्षर हुन्छ ।

नेपाली साहित्यमा हास्य र व्यंग्यलाई एकै ठाउँमा राखेर व्यवहृत गरेको पाइन्छ । अंग्रेजी साहित्यमा झैँ वियीहरूलाई अलग–अलग रस तथा शैलीको रूपमा मान्यता गरेमा राम्रो हुने थियो ।

आफ्ना निबन्धहरूमा व्यंग्य तत्त्वलाई समाविष्ट गरी तिनलाई संप्रेषणीय तथा प्रभावशाली तुल्याउने निबन्धकारहरू हुन् – लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्र सिंह

~~प्रधान, भैरव अर्याल, भच गोतामे, बल्लभमणि दाहाल, मोहनराज शर्मा, श्रीधर खनाल, चुडामणि रेग्मी, राजेन्द्र सुवेदी, विमल निभा गोविन्द भट्ट आदि।~~

~~यात्रात्मक निबन्ध लेखनमा निजी अनुभूति पोखिने हुँदा तिनीहरू ज्ञानवर्तक, रोचक र आनन्ददायक रहन्छन्। यस्ता निबन्धहरू नेपाली साहित्यमा प्रशस्त लेखिएका छन्। यस्ता शैलीका निबन्धहरूमा पहिला सौन्दर्य थप्ने नेपाली विद्वान हुन श्री केनसिंह वाड्देल र उनका "यूरोपको चिठी" र "स्पेनको संभना"। केदारमणि आदिका निबन्धहरूले यात्रा वर्णनमा विविधता र व्यापकता थपेका छन्। उनका दश भन्दा बढी यात्रा सम्बन्धी कृतिहरू प्रकाशित छन्। उनका कृतिहरूमा निजात्मकता र कल्पना - सौन्दर्य भन्दा यथार्थ एवं व्यवहारिक विवरण यथेष्ट पाइन्छन्।~~

~~नियात्राको रूपमा तारानाथ शर्मा आफ्नो रचना "बेलायततिर बरालिँदा" ( २००६) र अरू कृतिले गर्दा अत्यन्त चर्चित र प्रंशंसित छन्। उनी स्वदेश तथा विदेशको यात्रानुभूतिलाई सजीवताका साथ अभिव्यक्त गर्न प्रवीण छन्।~~

~~देवीचन्द्र श्रेष्ठको (नेपाल बाहिर २०२८) यादव खरेलको (समुद्र पारि २०३२), काजी रोशनको (मानसरोवरमा डुबुल्की मार्दा २०३५) घनश्याम राजकर्णिकारको ( विदेशको यात्रा स्वदेशको संभना-२०३७), गंगाप्रसाद उप्रेतीको (स्मृतिको छालमा इटाली-२०४४) विदेश यात्रा बारे लेखिएका सुन्दर रचनाहरू त्यस्तै स्वदेशी संस्कृति तथा धर्ती प्रति हुरूक्क भएर नियात्रा रचना गर्ने र तिनीहरूलाई नवीनतम शैली तथा कौशलले सजिसजाउ गर्ने निबन्धकार हुन्। जनकलाल शर्मा (कातुकमय डोल्पो - २०३९), रमेश विकल (सात सूर्य : एक फन्को ०३४), पूर्ण प्रसाद नेपाल यात्री ( नियात्रीको नौलो सुशेली इत्यादी)। यी नियात्राहरू शिल्प, वस्तु, चिन्तन तथा अन्वेषण आदि सबै विशेषताले भरिभराउ भएका छन्।~~

~~नेपाली साहित्यको निबन्ध क्षेत्र तथा विधामा सशक्त गति र नवीनतम शैली अवलम्बन गरेर निबन्धहरू रचना गर्ने दर्जनौं निबन्धकारहरू छन्। जसको नाम उल्लेख असम्भव भएकोले यहाँ स्थान दिन सकिएन। यिनीहरूले नेपाली निबन्धको विकासलाई गति प्रदान गरिरहेका छन् र निबन्ध अग्राभिमुख भएर बढ्दैछ। यसले नयाँ चिन्तन, शिल्प र अभिव्यक्ति सबैलाई समेटेर अगाडि बढ्दछ।~~

## ३. आफ्ना निबन्ध आफ्नै अनुभूतिमा

साहित्य सिर्जना गर्नु स्वभावैले त्यति सरल र सहज भने होइन । सिर्जना गर्नु, बनाउनु वा निर्माण गर्नु–पर्ने कार्य आफैमा जोखिमपूर्ण काम बन्न जान्छ । यसमा पनि कला क्षेत्रमा विचरण गर्न निकै कठिन हुन्छ र कलाको पनि साहित्य अनि त्यसमा पनि शीर्षकको बन्धनमा बाँधिएर नदीमा हाम फालेर माछ्यालाई जालमा पार्नु पर्ने निबन्ध झन् महा–कठिन हुन्छ । यसै कारणले हुन–सक्छ साहित्य विधाहरू–मध्येमाको प्रायः कान्छो विधा मानिन्छ निबन्धलाई –र संख्यामा पनि कमै मात्र देखिन आएका छन् र अझ भन्नुपर्दा स्तरीय निबन्धको संख्या त ज्यादै नै कम देखिन्छ । यसै परिप्रेक्ष्यलाई मध्यनजरमा राखेर मैले पनि साहित्य एउटा महासागर हो भने निबन्ध एउटा नदी भएर बहेको छ जसमा केही थोपा पानी थप्ने काम मैले गरेको छु । यसमा केही निबन्धहरू जन्मिएका छन् तर यिनलाई जन्माउन म जति सरल सोच्थें तर त्यति नै कठिन पनि हुँदो रहेछ । मानौं प्रसववेदनाले छटपटाइरहेकी आमालाई मात्र थाहा हुन्छ, कि नवजात शिशुलाई जन्मदिँदा कति कष्ट हुन्छ भनेर अनि त्यस्तै पीडा र वेदना खप्नुपर्ने एउटा साहित्य सिर्जना गर्नलाई र म पनि यसै बेदनामा छट्पटाउँदै दशसओटा निबन्धलाई जन्म दिन पुगेँ जो वर्णानुक्रम अनुसार यसरी रहेका छन् :

"आनन्द", "एक्काइसौँ शताब्दीलाई उपहार", "खरानी", "जीवनको ज्योति असल शिक्षा र आचरण", "टालो", "तातो", "भनेजस्तो", "मीठो", "मुटु" र "हा हा !!" ।

### ३.१.क४.१. आनन्द

वर्णानुक्रम–अनुसार दशस निबन्धहरू–मध्येको सबैभन्दा पहिलो निबन्ध हुन आउँछ निबन्ध "आनन्द" । सामान्यतया मेरा सबै निबन्धहरू आत्मपरक स्वरूपमा प्रस्तुत भए झैँ यो निबन्ध पनि यसै दायराभित्र नै रहेको छ । यो आनन्द निबन्धले मानिसका तीता मीठा अनुभूतिहरूलाई सम्झाउँदै र समेट्दै मानिसको मन र परिस्थितिलाई समेत छोएको छ । मानिसका आ-आफ्ना इच्छा, आकांक्षा, चाहना र आवश्यकताहरू हुन्छन् तितीनको पूर्तिको लागि मानिस संघर्ष गर्छ र सफलता प्राप्त गर्छ भने उसले आनन्द भएको महसुस गरेको

हुन्छ र आनन्दको केन्द्र नै मन हो र मन सफा भएमा छिटै आनन्द प्राप्त हुने कुरा समेत यसमा उल्लेख रहेको छ ।

यसले एकातिर मनको सन्तोष नै आनन्द हो भन्ने कुरालाई इङ्गित गरेको छ भने अर्कोतिर मनलाई आनन्द र सन्तोष दिलाउने कुराहरू पनि प्राप्त हुनुपर्‍यो । शान्ति छाउनु पर्‍यो भनिनी राष्ट्रको वर्तमान समस्यामाथि पनि निबन्ध दौडिएको छ । आफू ताक्छ मुडो, बञ्चरो ताक्छ घुँडो भनेर यस निबन्धले अर्कोतिर वर्तमान परिस्थिति, वातावरण आदि अनुकूल–नरही प्रतिकूल रहेको सङ्केत गरी शासक–सामु व्यङ्ग्य–समेत प्रकट गरेको छ र अन्त्यमा भन्नुपर्दा यस निबन्धले कतै–-कतै चेतना–प्रवाह शैलीलाई समेत अबवलम्बन गरेको

छ ।

## ४३.२१.ख. एक्काइसौं शताव्दीलाई उपहार

एक्काइसौं शताब्दीलाई उपहार सङ्ग्रहभित्रको यो निबन्ध वर्णानुक्रम–अनुसार दोस्रो निबन्धको रूपमा रहेको छ र निबन्ध–सङ्ग्रह नै यो एक्काइसौं शताव्दीलाई उपहार नामक निबन्ध शीर्षकबाटै रहन गएको छ । अन्य निबन्धले जस्तै यस निबन्धले पनि आत्मपरक शैलीलाई नै बढी रूचाएको छ ।

निबन्धको आकार–प्रकारलाई लिएर हेर्दा मझौलो रूपको यो निबन्धले हामीले ध्वंसात्मक र विनाशसक होइन निर्माणका खातिर जुट्नु–पर्छ र आफ्नो व्यक्तिगत स्वार्थभन्दा समाज, देश र विश्वका लागि केही काम गर्नु–पर्छ भन्ने सन्देश दिएको छ । मानिस जन्मिएपछि अवश्य मर्छ तर उसको काम अमर हुन्छ । यसैले समुद्रमा एक थोपा भए पनि पानी नै बरू मिसाऊ भनेजस्तै यो एक्काइसौं शताब्दीलाई थोरै भए पनि राम्रो कुरा दिएर जाऊ, राम्रो काम गरेर जाऊ, यसो गरेमा सबैतिर उन्नति र प्रगति हुन्छ अनि विकासको ढोका खुल्छ जसको लागि आधुनिकतालाई विश्वबन्धुत्त्वको भावनाले अबलम्वन गर्दै जानु पर्छ र समाजका कुरीति, कुसंस्कारलाई पन्छाउन सक्नुपर्छ, यसको खातिर कल्पना र सिद्धान्त हैन वास्तविक, यथार्थ र व्यवहारिक कार्य हुनुपर्ने कुरालाई यस निबन्धले अत्यन्तै मीठो शैलीमा प्रस्तुत गर्दै सबैलाई स्वाबलम्बन तर्फ अग्रसर हुन–समेत प्रेरित गरेको छ ।

### ~~३.१.ग~~४.३ खरानी

यो  सङ्ग्रहको तस्रो निबन्धका रूपमा रहेको निबन्ध हो ‘खरानी’ । आत्मपरक शैलीमा लेखिएको यो निबन्धले एकातिर सामाजिक विकृति र विसङ्गतिलाई व्यङ्ग्य गर्दै ज्यादै सुख र सुविधा अनि भोग, बिलासमा जीवनलाई हिँडाउन थालियो भने आफू नै एकदिन खरानी बनिइन्छ वा सधैँको निम्ति बिलाइन्छ भनेर शून्यवादी दृष्टिकोण–समेत व्यक्त गरेको छ  ।

कोठै–पिच्छे रानीहरू राखेर विलासी जीवन बिताउने ~~द्ध~~द्वापर युगका कृष्णलाई मिथकको रूपमा प्रयोग गरेर वर्तमान समयमा पनि त्यस्ता चरित्रका कृष्ण भ–एभने तिनको पनि अस्तित्त्व सधैँका लागि लोप हुने कुरा टड्कारो रूपमा उठाइएको छ । प्राचीन उखान ‘जसका भैँसी उसको वन, जसका छोरा उसको धन’ अब परिवर्तन भई सकेको छ र थोरै तर राम्रो कुरामा चित्त बुझाउनु पर्ने स्थिति छ । भनाइको मतलब धेरै काम वा नराम्रो काम गरेर दु~~स्~~र्नाम कमाउनुभन्दा थोरै र राम्रो काम गरेर यश वा कीर्ति फैलाउनु राम्रो भन्ने उदाहरण यो निबन्धले प्र~~स्~~ष्ट पारेको छ ।

हाम्रो सृष्टि नै ब्रह्माले खरानीबाट गरेको भन्ने कुरालाई एउटा प्रसङ्गमा उठाएर आखिरमा हुने पनि त खरानी हो नि भनेर शून्यवादी दृष्टिलाई अगाडि सारेको छ भने खरानी भए पनि हामी वीर काठको खरानी बन्नुपर्छ, सुगन्धित र अमर खरानी बन्नु–पर्छ भन्दै निबन्धले कर्मलाई जोड दिएको छ ।

### ४.४.~~३.१.घ~~ जीवनको ज्योति असल शिक्षा र आचरण

चौथो निबन्धको रूपमा यस सङ्ग्रहमा स्थान ओगट्न पुगेको निबन्ध ‘जीवनको ज्योति असल शिक्षा र आचरण’ आत्मपरक शैलीमा लेखिएको निकै नै गहन र मार्मिक विचारहरू प्रस्तुत भएको निबन्ध हो । वाक्य संगठनका दृष्टिकोणबाट हेर्दा ठाउँ–ठाउँमा निकै नै लामा लामा वाक्यहरू–समेत प्रयोग गराएर आफूलाई खहरे भेलको रूपमा हैन तराईको नदीको वेगमा निबन्धले आफ्नो गति लिँदै संसारलाई आधुनिक वा वर्तमान आँखाले हेर्न खाजेको   छ ।

कम्प्यूटरको जमानामा आएर कोरा किताबी अनि सैद्धान्तिक ज्ञानले नहुने र आधुनिक, व्यवहारिक र प्रयोगात्मक शिक्षालाई जोड दिँदै धनी, गरिब, गाउँ, सहर, महल,

झुपडी सबैतिर शिक्षा भेदभाव–रहित तरिकाले आउनु पर्ने कुरालाई निबन्धले चर्को स्वरमा उठाएको छ । यस निबन्धले सिर्जनामूलक, उत्पादनमूलक, विकासमूलक र स्वावलम्बीपनमा अत्यन्तै जोड दिएको छ । मानिसको सहारा नै वास्तवमा शिक्षा हो जसलाई उन्नति र प्रगतिका कार्यमा जुटाउनु पर्छ र प्रत्येक समस्याको समाधान शिक्षाले ~~शिक्षाले~~ नै आफैं गर्न सकोस् भन्ने मर्म यो निबन्धमा एकातिर भेटिन्छ भने अर्कोतिर शिक्षा समय र परिस्थिति अनुकूल गतिशील एवं परिवर्तनशील हुनुपर्ने, स्थान, ठाउँ र समस्या अनुरूपको शिक्षा प्रदान गर्दै जानु नै आजको आवश्यकता हो भन्ने कुरालाई ज्वलन्त उदाहरण दिएर प्रमाणित गरेको छ ।

यसरी शिक्षा नै राष्ट्र विकासको आधारका रूपमा यो निबन्ध रहेको छ भने मानिसको उज्ज्वल जीवन र भविष्यको निर्माण–समेत बनी वर्तमान समयको गहना नै शिक्षा बनेको कुरा यस निबन्धमा उल्लेख छ । निबन्ध कवितात्मक र मिठास शैलीमा अगाडि बढेको छ ।

**४.५~~३.१~~. ~~ङ–~~टालो**

दस निबन्धहरू–मध्येको पाँचौं स्थानमा रहेर आफूलाई स्थायित्त्व कायम गराएको निबन्ध हो "टालो" । झलक्क हेर्दा सामान्य देखिने यो निबन्धले एकातिर समान्य टालो वा कपडा फाटेपछि टालिने वा टाल्ने वस्तुको कुरा उठाएको छ भने अर्कोतिर चेतन–प्रवाह शैलीलाई अवलम्वन गरेर पैसालाई टालो बनाएको छ । सम्पत्तिलाई टालो बनाएको छ, समस्यालाई भ्वाङ र त्यो समस्यासँग सिँगौरी खेल्ने हामी सम्पूर्ण मानवजातिलाई निबन्धले प्रतीकका रूपमा टालो बनाएको छ ।

आकारका दृष्टिले निबन्ध छोटो छ तर मानिसको जीवन अभावै अभावमा जेलिएको छ, ती समस्या नै भ्वाङ हुन् र त्यसलाई पार लगाउनु नै मानिसको दायित्त्व पनि हो । यसरी मान्छे नै वास्तवमा टालो हो र टालो बनेको छ भन्ने कुरालाई निबन्धले अत्यन्तै मीठो शैलीमा कलात्मक ढङ्गले अगाडि बढाएको छ । जति समस्याहरूलाई समाधान गर्दै लग्यो उति नै अन्य नयाँ समस्याहरू थपिदै जाने क्रम जारी छ तर ती समस्यालाई मान्छेले आफ्नो व्यक्तिगत स्वार्थले–गर्दा देश एवं राष्ट्रको ढुकुटी रित्याउन खोज्यो भने त्यस्ता व्यक्तिलाई कालो टालो देखाएर विरोध मात्र हैन देश निकाला नै गर्नुपर्ने चेतना–समेत निबन्धले दिएको छ । किनभने यदि अमृतमा मात्र एकथोपा विष पऱ्यो भने त्यो सबै विष नै बन्न जान्छ ।

त्यस्तै कुनै व्यक्ति वा कुविचार भएको मान्छेका हातमा राष्ट्र वा देश पऱ्यो भने त्यसले देशको विकास मात्र हैन मानिसका स्वतन्त्रता–समेत टालेर मान्छेलाई मृत्युको मुखमा धकेली दिने कुरा–समेत निबन्धमा उठाएर यस्ता अपराधी टालाहरूसँग सावधान–समेत रहेर यी कुप्रवृत्तिका टालाहरूलाई सधैँका निम्ति फ्याँकिदिनु पर्ने कुरालाई जोड दिएको छ ।

यसरी निबन्ध "टालो" शीर्षकले आफूलाई टालो बनाएर विभिन्न दृष्टिकोणबाट आफूलाई आफैँभित्र हेर्ने काम गरेको छ ।

### ~~३.१.~~४.६~~च~~. तातो

यस सङ्ग्रहभित्र रहेका निबन्धहरूमध्ये छैठौँ स्थानमा रहेको निबन्ध हो 'तातो' । मानिस जन्मजात तातो प्राणी हो र मानिसको जन्म नै तातोबाट भएको हो भन्ने सामान्य कुरालाई लिएर निबन्ध अगाडि बढेको छ । यसरी तातो बढ्दै बाहिरी छालाबाट क्रमशः भित्री हृदयमा समेत पुग्न थाल्छ अनि मान्छे केही सोच्न र गर्न थाल्छ र मात्र देशको विकास हुन्छ भनेर तातोलाई विकासको जननीका रूपमा निबन्धले उभ्याएर सामान्यबाट गहनतर्फ धकेलेको छ ।

आत्मपरक शैलीमा लेखिएको यो 'तातो' निबन्धले सबैलाई केही गरौँ र केही बनौँ भन्ने प्रेरणा दिएको छ । हामीहरू अल्छी र परजीवि भएर बिग्रियौँ अनि आभस गरेर बस्ने हाम्रो बानी भयो र अझै पनि हामी अर्कैले दिन्छ अनिमात्र खाऔँला भनेर अरूकै मुख ताकेर बस्ने हो भने हाम्रो स्थिति अझै बिग्रदै जान्छ । यसैले हामीमा आजैदेखि सिर्जना र निर्माणको तातो लागोस् भन्ने कुरालाई उठाएर एकताको लागि निबन्धले एकजुट भएर यो हाम्रो प्रकृति साधनलाई पूर्ण सदुपयोग गर्ने लक्ष्य लिएको छ ।

सबै मानिसमा केही न केही सीप एवं दक्षता रहेको हुन्छ । जसरी पानी–भित्र आगो लुकेर रहेको हुन्छ, ~~—~~ त्यसस्तै मानिसमा भएका तिनै दक्षता, सीप एवं खुवीहरूलाई नै स्वतन्त्र रूपमा हुर्कन र बढ्न दिऔँ अनि त्यसैले देश निर्माण र राष्ट्र विकासको ढोका खोल्न सक्छ भन्ने कुरालाई निबन्धले टड्कारो रूपले अगाडि सारेको छ ।

### ४.७~~३.१~~. ~~छ~~ भनेजस्तो

यो सङ्ग्रहको सातौँ स्थानमा पर्न गएको निबन्ध हो 'भने जस्तो' । आत्मपरक शैलीमा र सामान्यतया चेतनप्रवाह शैली समेतलाई बोकेर हिँडेको यो निबन्धले काम,

कर्तव्य र अधिकारहरू भनेजस्ता वा मनले चिताएजस्ता छन् वा छैनन् भ~~नि~~नी आफैँमाथि प्रश्न तेर्साएको छ र हाम्रा सारा लक्ष्य र उद्देश्य त्यसै निरर्थक भएर दौडिएका त छैनन् भ~~नि~~नी हामीलाई सचेत तुल्याएको छ ।

निबन्धको व्यङ्ग्य आफ्नै ठाउँमा निहित छ । हामी सुख, सुविधा र मनोरञ्जनका निम्ति कयौँ योजनाहरू बनाउँछौँ, विकास गर्न खोज्छौँ तर ती हाम्रा योजनाहरू समय सापेक्ष, युग सुहाउँदिला छन् कि फितला किसिमका छन् । त्यसमा समेत ध्यान पुऱ्याउन निबन्धले हामी सबैलाई घच्घच्याएको छ । हामी जब योजना बनाउँछौँ तब कार्य गर्छौं अनि त्यसमा असफल हुन्छौँ भने हाम्रो त्यो योजना कार्य वा योजना ~~म~~बनाउने दिमाग त सक्षम छ ~~र~~? त्यसलाई समेत राम्ररी बुझेर मात्र समय र परिस्थिति~~ला~~ अनुसारका लक्ष्य र उद्देश्यहरू लिएर काम गर्नु पर्छ । दिगो सोच, विचार गरेर काममा अग्रसर हुनुपर्छ तब मात्र सफलता प्राप्त हुँदै जान्छ तर हाम्रा योजनाहरू र कार्यहरू फितला भए भने हाम्रो जीवन कल्पनाले सजाएको महल–मात्र बन्न जान्छ जुन सानो हावाको झोक्कामा पनि ढलेर चकनाचुर हुन्छ । यसको लागि आजैदेखि हामी सक्षम बन्न सिकौँ, यसको सुरूवात सर्वप्रथम मबाट थालौँ अ~~ग्नि~~नि मात्र हुन्छ देश विकास र तब मात्र आउँछ भनेजस्तो र सोचेजस्तो भनेर निबन्धले परिवर्तनशील भएर समाजलाई डोऱ्याएर लैजाने मार्गलाई सङ्केत गरेको छ ।

### ~~३.१.ज~~४.८. मीठो

वर्णानुक्रम अनुसार यो सङ्ग्रहमा आठौँ स्थान ओगट्न पुगेको छ निबन्ध 'मीठो' ले । आत्मपरक शैलीमा रचिएको मीठो निबन्धले जुन समयमा जसलाई जे–को आवश्यकता पर्छ, उसलाई त्यो नै राम्रो र मीठो हुन्छ भन्ने कुरालाई इङ्गित गरेको छ ।

मानिसको सबैभन्दा राम्रो वस्तु त मन नै हो र मनले जे इच्छा गऱ्यो त्यो प्राप्त भएमा त्यो सबैभन्दा मीठो हुने कुरा निबन्धमा उल्लेख रहेको छ । नेपालीमा एउटा उखानै छ "देही गुनाको फर्सी मीठो", ~~।~~–हो यो उखानलाई लिएर चरितार्थ बनाएको छ निबन्धले । यसरी निबन्धको एक पाटोबाट सरसर्ती हेरेको खण्डमा यिनै कुरा पाइए तापनि निबन्ध–भित्र यी मीठा–भित्रपनि व्यङ्ग्य प्रहार गरेर बाध्यतावशका मीठाहरू धेरै छन्, करले मात्र मीठो भन्नु–पर्ने र अन्य कामको विकल्प तथा जीविको–पार्जनको अन्य कुनै पनि स्थिति नभइदिएपछि त मुटुमाथि ढुङ्गा राखेर भए पनि हाँस्नै पऱ्यो, अनि आफू जे गरिँदैछ, त्यसैलाई

राम्रो भनेर मन पराउनु पऱ्यो, त्यही हो मीठो । तर यी मीठाहरूका परिकारभित्र आफू कैदी बनिइयो भने त्यो मीठो केवल मीठो नभएर तीतो हुन पुग्छ अनि पिंजडा–भित्र दिएको चौरासी व्यञ्जनभन्दा खोलाको लेउ मीठो मान्नु–पर्ने स्थिति देखापर्छ । मानिस स्वतन्त्रताको प्यारो हुन्छ । यसैले मानिसलाई सबैभन्दा मीठो नै स्वतन्त्रता हुन जान्छ । यदि स्वतन्त्रतालाई दवाएर दिएको मीठोले त विस्फोट मात्र गराईदिन्छ र मीठो नै लोप भएर जान्छ भन्ने कुरालाई लिएर निबन्ध बहेको छ । यसैले मीठो पाउन सबैले सङ्घर्ष गर्नैपर्छ र त्यो संघर्षको फल नै सबैभन्दा मीठो हुने कुरामा निबन्ध लक्षित छ ।

## ~~३.१.फ~~४.९ मुटु

आत्मपरक शैलीमा लेखिएको यो निबन्धको मूल मर्म नै राष्ट्र प्रेम, देशप्रेम र आफ्नो प्यारो मातृभूमि प्रेम रहेको छ । मानिसको सबैभन्दा संवेदनशील, कोमल र प्यारो अङ्ग मुटु हो र मुटु छ अनि हामी छौँ । त्यस्तै यो देश छ अनि हामी छौँ भन्ने भावनाको कदर हर व्यक्तिले गर्न सक्नु नै प्रत्येक नागरिकको वास्तविक कर्तव्य रहेको र मूल दायित्त्व भएको कुरा निबन्धमा आएको छ ।

यो निबन्धमा एकातिर राष्ट्रप्रेमको भावना र कर्तव्य उर्लिएको पाइन्छ भने अर्कातिर विश्वबन्धुत्वको र विश्व मित्रताको भावनालाई समेत सम्मान र आह्वान गरेको छ । मुटुलाई भावनाको केन्द्रस्थल र उद्गम–स्थल मानेर यसको सहज सम्बन्ध दिमागसँग भएकोले ~~र~~ यी दुवै मुटु र दिमागको संयुक्त मिलन र प्रयासबाट नै नवसिर्जना हुन्छ । निर्माणको काम हुन्छ, साहित्य–जस्ता महान् कार्यहरू हुन थाल्छन्, यसबाट अन्यलाई प्रेरणा मिल्दै जान्छ र सम्पूर्ण कार्यमा नयाँ खोज, अनुसन्धान र आविष्कार हुँदै राष्ट्र प्रगतिको पथमा लम्किन थाल्छ भन्ने निचोड निबन्धमा रहेको छ ।

निबन्धमा प्रगतिको क्रममा ~~अतिरिक्त~~ हाम्रो देशमा घटेका विभिन्न घटनाहरूलाई सामान्य रूपमा उठाएर यसलाई आफ्नो मुटु दु:खेको सङ्केत दिएर यो राष्ट्रको वर्तमान परिस्थितिलाई परिवर्तन गर्नु पर्ने कुरा समेत ~~निबन्धमा उ~~उठेको छ ।

यस कारण यो निबन्धमा जतातत‍ै राष्ट्र प्रेमका भावना पोखिएका छन् र निबन्धले आफ्नो व्यक्तिगत स्वार्थभन्दा राष्ट्रलाई नै माथि ठानेर काम गर्नु–पर्ने कुरा उल्लेख गरेको हुनाले राष्ट्रप्रेमका लागि यो निबन्ध अनुकरणीय बनेको छ ।

## ४.१० ३.१.ञ हा ! हा !!

हा ! हा !! यस सङ्ग्रहमा रहेको अन्तिम निबन्धका रूपमा देखा–परेको छ । आत्मपरक शैलीमा संरचित यो निबन्धले विश्स्मयादिबोधक चिन्हका साथमा उभिएर कतिपय कुराहरूलाई व्यङ्ग्य–प्रहार गरेको छ ।

हाम्मी सानोतिनो काम गर्नु ज्यादै नै आत्तिने गर्छौं अनि भए नभएका तरिकाहरू अपनाउँछौं र हुनेभन्दा नहुने कामतिर बढी बल गर्छौं । गर्नु–पर्ने र महत्त्वपूर्ण कामलाई भने हामी मामुली वा साधारण सम्झिएर र ख्याल–ख्याल गरेर काम गर्ने गर्दछौं । जसले गर्दा यहाँ विभिन्न कठिनाई एवं समस्या र बाधाहरू उत्पन्न हुन जान्छन् । त्यसैले हामीलाई संसारले खिसी गरेर हाँसिदिन्छ , व्यङ्ग्य गरेर हाँसिदिन्छ अनि त यो निबन्धमा पाइन्छ व्यङ्ग्य–भित्रको अर्को व्यङ्ग्य । हाम्रा यिनै बानीले गर्दा हामी बूढी आमैका हाहा र मन्त्रीका भाषणमा मात्रै अल्मलिएका छौं तर देश विकास र उन्नतिका खातिर हामी अल्छी मानेर बुझ पचाउँदै बसेका छौं मात्र हा हा गरेर । नेपालीमा उखानै छ नि "काम कुरो उएकातिर कुम्लो बोकी ठिमीतिर –।" हो हाम्रो अवस्था ठीक यस्तै भएको छ; । हामी आफ्नो मानो खाएर अर्काको कुरा गर्नमा र अर्काकै कुरा काट्न व्यस्त छौं । अर्कातिर हामी खिसी गर्छौं, खसालेर कुरा गर्छौं तर अरूले आफूलाई के भन्दैछन् र के गर्दैछन् भन्ने कुरालाई चटक्क भुलेका छौं । यसैले यो हाम्रो अमूल्य जीवन पनि मूल्यबिवहीन कुहिएको फर्सीजस्तै बन्न जान्छ भनेर निबन्धले हामी मानवलाई नै व्यङ्ग्य हानेको छ ।

समग्ररूपमा भन्नुपर्दा निबन्धको भाषा तथा शैलीलाई हेर्दा मीठो र राम्रो छ अनि सरलता–भन्दा बढी प्रतिीकात्मक र व्यङ्ग्यात्मकता रहेको छ । आखिर निबन्ध सहज र सरल छ, कलात्मक छ ।

यसरी मेरा–माथि उल्लेख भएका मेरा निबन्धहरूले आफ्नै दायित्त्व एवं स्थायीत्त्व कायम गरेका छन् । यी निबन्धहरूमा वर्तमान समयको कुरीति, अस्तव्यस्तता, ढिलासुस्ती, अशान्ति, झै-झगडा, आदि कुराहरूलाई आत्मसाथ गर्न सकिने र यी सबै निबन्धमा आत्मपरक शैली भित्र प्रतिीकात्मकता र व्यङ्ग्यात्मकता–समेत पाउन सकिन्छ । यी निबन्धहरूको सिर्जना गर्दा आफैलाई एउटा छुट्टै र रमणीय संसारमा विचरण गरिरहेको अनुभव भएको छ । यी निबन्ध मूलतः आफ्नै इच्छा एवं चाहना, लगनशीलता, शीर्षकको

चयन, निर्देशित बुँदाहरूको सङ्कलन, स्वतन्त्र लेखन, सल्लाह सुझाव, पुनः साफीलेखन गरी तयार भएका छन् । यी निबन्धमा नेपालको वर्तमान एवं समसामयिक स्थितिप्रति प्रतीकात्मकता र व्यङ्ग्यात्मकता पाइनुका साथै आफ्नो देश एवं राष्ट्रलाई कसरी विश्वका अन्य देशहरूको दाँजोमा पुऱ्याउन सकिन्छ भनेर राष्ट्रको माया र ममता–समेत निबन्धले बोकेको हुँदा यी सबै निबन्धहरू राष्ट्रप्रेम, देशप्रेम र मातृभूमि–प्रेम–प्रति आधारित छन् भन्न सकिन्छ ।

Formatted: Centered

# अध्याय पाँच

## निजात्मक ~~४. सङ्कलित निबन्धहरू~~दस निबन्धहरूको लेखन

### ~~४.१~~ ५.१ आनन्द

आनन्द शब्दलाई सुन्न पाउँदा त म यति खुशी छु अझ यसलाई आफ्नै निजी वा पेवा सम्पत्ति बनाउन सक्नु हो भने मेरो मन ~~कति~~ उमङ्गले कति नाच्ला र फुरूङ्ग भएर कति रमाउला ? केवल तीन अक्षरले आफ्नो स्थायित्व कायम गरेर आफूलाई भाववाचक संज्ञाको पगरी गुताएको आनन्दले आफ्नो भावलाई खै किन हो भावनै भावनामा डुबाईरहेको म पाउँछु । खुशी पनि भाव, हर्ष पनि भाव अनि उमङ्ग र उत्साह पनि भाव । भावनाको वा भावको केन्द्रबिन्दु हृदयतलभन्दा पनि निकै गहिराईमा बसेको हुन्छ क्यारे ! त्यसैले त आनन्दको पारो नाप्न खोज्यो भने माइनसतिर झरेको म पाउँछु अनि पारो हैन कन्पारो तातेर आनन्दकी सौता दुःख, पीडा, व्यथा र निराशाहरूको ज्वालामुखी विस्फोटनबाट लाभा थुप्रिए विशाल पहाडका थाकहरूले मेरो आफ्नै जीवनलाई शेष नागले झैँ बेरिएको पाउँछु अनि आफैँलाई छाम्छु च्वास्स तिसो अनुभव हुन्छ ।

"म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो" भने झैँ जति–जति म आनन्दको पनि बाबु महानन्दलाई सगुनसहित घरभित्र भित्र्याउन खोज्छु त्यति–त्यति पीडा, दुःख, निराशा वा कुण्ठाकी सहोदर नन्द दुःख मलाई आगाल्न आई पुग्छे तर पनि ठीकै छ, समस्याबाटै जुक्ति फुर्छ भन्ने जस्तो म पनि महानन्दसँग पीडाकी नन्दको विवाह गराइदिने सुरसार गर्दैछु । अनि त महानन्द पनि आफ्नै, नन्द पनि आफ्नै; त्यसपछाडि त मलाई कहाँ दुख्नु र बन्चराले खुट्टा छिन्ने गरी हाने पनि दुख्ने छैन किनभने त्यहाँ मेरा नन्द र महानन्द मात्र हैन ब्रह्मानन्द र परमानन्द समेत आफ्नै भइसकेका हुन्छन् र अझ नढाँटी र कुरा नलुकाई–कन भनौँ भने भाउजूका नन्दबाहेक अरूमा नन्दहरू झन्डै आफ्नै, त्यसपछि त 'दुबै हातमा लड्डु' ।

अँ लड्डु–भन्दा हिँजो मात्रै एउटा कार्यालयमा अकस्मात भेटेका दुई चार लड्डुहरूको याद आयो, गोला-गोला, ठूला-ठूला, अनि ~~सोफामा~~ अति राम्ररी चिटिक्क पारी सजाएर राखिएका । मैले मनमनै सोचेँ कति राम्रा लड्डु । लड्डु बन्नु त यस्ता बन्नु, यसपछि यी लड्डुलाई टिप्ने सुरले दुई कदम अगाडि बढेर एउटालाई के छोइमात्र रहेथेँ तेल दलेर चिपिचिल्लै पारेर राखिएको रहेछ, छुनासाथ चिप्लिएर सातहातमाथि उफ्रियो । अनि त बमै बिस्फोट गराए जस्तो कार्यालय नै थर्किने गरी उफ्रिन्छ बा ! मलाई हाँसो उठ्न खोज्यो

Formatted: Font: 18 pt, Bold

Formatted: Font: 18 pt

तर सभ्यताको सम्झनाले झस्काइ दिएकोले मैले खित्का छख्खाड्न भने सकिन । मनमनै सोचेँ यी लड्डुहरू त दिनमा नै रत्यौली खेल्दा रहेछन्  । त्यसपछि यहाँ बस्नु ठीक छैन भन्ने ठानी त्यहाँबाट फुत्त बाहिर निस्किएँ ।

निस्किन त बाहिरै निस्किएँ तर जाने कता ? आनन्दको खोजीमा भौँतारिएर दुनियाँका नन्दको बिहे महानन्दसँग गराउने लक्ष्य लिएको मान्छे लड्डु कारखानातिर छिरिएछ । कारखानाहरू प्पनि अचम्मका हुँदारहेछन् । कुनै झ्यालखाना, कुनै पाइखाना त कुनै जोखाना, कति हो कति सबै खानै खाना ।

जोखाना; पहिले जो गर अनि पछाडि खाऊ, कति आनन्द ! यसैले त म पनि कसरी सबभन्दा बढी आनन्द आउँछ र कसरी सबैभन्दा बढी आनन्द लिन सकिन्छ भनि हिजोआज जोखाना हेर्न थालेको छु अनि यसैमा आनन्द लिन पनि । जोखानाबाट त मान्छेले सबभन्दा बढी आनन्द प्राप्त गर्न सक्छ । यसै कारण अहिले पनि यस दुनियाँमा सबभन्दा बढी भीडि जोखाना हेर्ने र हेराउनेको लाम लाग्न थालेको छ । कसैलाई कस्तो जीवनसाथी हुने होला भनेर जोखाना हेराउनु परेको छ भने कसैलाई कहिले हाजिर भएर जागिर खाने भन्ने जोखाना हेर्नु र हेराउनु परेको छ त कसैलाई छोराछोरी कति हुन्छन् भनी जोखाना हेर्नु परेको छ भने अझ कसैलाई त सत्तामा कसरी पुग्ने र त्यहाँ कसरी र के गरेर लिसो जस्तै भएर टाँसिइरहन सकिन्छ भनी जोखाना हेर्नु परेको छ । यसैले मान्छे हिजोआज धेरै व्यस्त देखिएका छन् जोखानामा । आफ्नो जोखाना आफै हेरेर मख्ख छन्, आनन्द मनाइ रहेका छन् । जोखानामा निरन्तरता दिएर आनन्दले बसेका छन्, चाहे जोखाना मसानघाटको बगरमा नै किन नहोस् । एकोहोरो भएर जोखानामा ध्यानमग्न भई बसेको समयमा त यति आनन्द आउँछ कि आनन्दभन्दा पनि अझ धेरै र त्यो–भन्दा पनि अझ बढी ब्रह्मान्द र परमानन्द–समेत प्राप्त गर्न सकिन्छ । त्यसैले तपाइँ पनि ब्रह्मानन्द र परमानन्दसँग भेटेर आनन्दले रहन खोज्नु हुन्छ भने आजैदेखि ध्यान गरेर बस्नुहोस्, सुख, ऐश्वर्य र शान्ति प्राप्त गर्नुहोस् ।

ध्यानमग्न भएर त बस्नुहोस्, शान्ति प्राप्त हुनेछ त भनियो तर यसले पनि आनन्द नै ल्याउँछ भनेर भन्न म सक्तिन किनभने सबै मान्छेहरू आजभन्दा छब्बीस सय वर्ष अगाडिका गौतम बुद्ध बन्न सक्तैनन्, हुन सक्तैनन् । समय गतिशील छ, निरन्तर परिवर्तन भइरहन्छ । यसैले हरेक मान्छे समयको दौडाइसँगै आफ्नै जीवनलाई होम्दै अगाडि बढ्नने क्रममा वर्तमानका गौतम बुद्धहरूलाई बन्दुकका गोलीसँग होली खेल्दा आनन्द आउँदो हो ।

यसकारण यो आनन्द भन्ने कुरा पनि समय र परिस्थिति अनुसार अनि इच्छा, आकाङ्क्षा र चाहना–अनुसार फरक-फरक भएर देखा पर्दो रहेछ । यसैले त कसैलाई सडकमा कराउँदा आनन्द आउँछ त कसैलाई जङ्गलमा हराउँदा आनन्द आउँछ, कसैलाई बोलीको आनन्द छ त कसैलाई गोलीको, त कसैलाई फुटाउँदा, कसैलाई फुकाउँदा त कसैलाई लुटाउँदा आनन्द आउँछ । कसैलाई जोडी दिलएर बगैचातिर घुम्न आनन्द आउँछ भने कसैलाई आधारातितिर रेष्टुरेन्टतिर गएर झुम्न आनन्द आउँछ । यस्तै हुन् यी आनन्दहरू कसैलाई पढ्दा, कसैलाई चढ्दा, कसैलाई लड्दा, कसैलाई सुत्दा, कसैलाई कुट्दा, कसैलाई कति कुरा बढ्दा आनन्द आउँछ त कसैलाई कति कुरा घट्दा आनन्द आउँछ । हुन पनि हो यो आनन्दको दुनियाँ आनन्द मनाउन अरूलाई पढाएर हुन्छ कि चढाएर हुन्छ या कराएर हुन्छ अथवा जे गरेर हुन्छ आनन्दका पिपासुहरू सबैलाई एक आपसमा बेस्सरी भिडाएर र जुधाएर आफू टुलुटुलु ट्वाँ परेर आनन्दको रमिता हेरिरहेका रमितेहरू पनि मैले धेरै देखेको छु । यसैले तपाइँहामी सबै होसियार, कसैले आनन्द दिलाउने क्रममा तपाइँ–हामीलाई धेरै–माथि चढायो भनेर मख्ख पर्नु बेकार छ किनकि ज्यादै माथि चढ्दा-चढ्दा एक दिन भन्छन् नि -'सुलीका टुप्पामा अनि ......।' अनि अरू जतिको त्यति आफ्नै हुन्छ सर्वस्व खती ।

खती, सती, रती र मती जे गरे पनि आफ्नै हुन् जोगाउन सके जोगाउनु होला नत्र विज्ञापन गर्दै नहिड्नु होला । म त आनन्द खोज्न निस्किएको मान्छे कहिले सडकमाथि कराएँ त कहिले जङ्गल र कारखानातिर हराएँ । यसरी हराएर त आनन्द भेट्न सक्तिन भन्ने ठानी आफू नहराइकन एकजना अत्यन्त विश्वासिलो र परमहितैषी मित्रलाई भेटेर सारा नालीबेली बताएर एउटा प्रश्नको घोचो तेर्स्याएँ-"मित्र तपाईंलाई कुन समयमा सबैभन्दा बढी आनन्द आउँछ ?" मित्रले पनि यसो गमेर सोचेजस्तो गरी माझ मुखबाट प्वाक्क जवाफ दिए- "पिसाबले बेस्सरी च्यापेको बेला चर्पीमा गएर सु गर्दा ।" म छक्क मात्रै हैन, मित्रका जवाफले तीन छक्क परेँ । यसरी आनन्दका खोजीमा दिनरातै तड्पिएर दसतिर भौँतारिएको मान्छे मित्रका जवाफले मलाई पाइखाना–मै पुऱ्यायो । चर्पीमा गएर सु गर्दै आनन्द आउँछ भने त जलस्रोतको दोस्रो धनी राष्ट्र मेरो देश नेपाल, यहाँ त पिउने पानी पनि पाइन्छ, खाने पानी पनि पाइन्छ । यसैले साथीहरू ! खायो पानी, पियो पानी, दलो पानी, लायो पानी गयो चर्पी फ्याँको पानी, क्या आनन्द, क्या मज्जा ।

मज्जा र आनन्द यी दुवै एउटै काँटाका तराजु त होलान् नि ! नेपाली शव्द कोशमा पनि आनन्दको अर्थलाई प्रशन्नता, हर्ष, खुशी, सन्चो भन्ने शब्दले प्रष्ट्याएका छन् । यसैले

त हो नि तराजु समानताको प्रतीक, बराजु बाबुबाजेको प्रतीक ! यसैले "नानीदेखि लागेको यो हाम्रो बानी ढुङ्ग्रामा लगाएको कुकुरको पुच्छर जस्तै बाङ्गाको बाङ्गै !" यसैले त हामी अरूले राइफलका बिटा बोकाएर जाइफलका बोक्रा दिएकैमा मख्ख छौँ र अरूले सिस्नुपानीले हानेर एकपटक काउकुती मात्र लगाई दियो भने बढी आनन्द मान्छौँ, आनन्द लिन्छौँ र आनन्द थाप्छौँ । यी भिक्षा थाप्ने हातहरू, यी भिक्षा लिने हातहरू, अरूले जति बढी दियो त्यति नै बढी आनन्द मान्छन् : हामी आनन्द अनुभव गर्छौं । हामीले लिन जान्यौँ दुबै हात फैलाएर तर दिन जानेनौँ: खान जान्यौँ खुवाउन जानेनौँ, सुत्न जान्यौँ उठ्न जानेनौँ, यही त होला नि हाम्रो वंशानुगत गुण वंशानुगत आनन्द ।

जिजुबाजे र बराजुदेखिका कुरा ल्याएर जति लामो डोरी बाटे पनि आखिर गाँठो एउटै भने झैँ मलाई मात्र हैन हामी सबैलाई चाहिएको आनन्द नै हो । यसैकारण जसलाई जे गर्दा आनन्द आउँछ त्यसै गर्नु सबैभन्दा बुद्धिमान् ठहर्छ तर मन लागेको भन्दैमा अरूलाई हानि नोक्सानी वा पीर मार्का त पार्नु भए न नि ! नत्र त 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी' भने जस्तो आनन्द खोज्दा खोज्दै तपाइँको भेट परमधामका अधिपति परमानन्दसँग हुन बेर छैन । यसकारण हरेक कार्यका अगाडि र पछाडि दुम्सीका काँडाजस्ता कारणहरू भाला बनी तेर्सिएर बसेका हुन्छन् , तिनलाई राम्ररी ख्याल गरेर मात्र अगाडि बढ्नु होला ।

ख्याल गरेर पस्नु वा अगाडि बढ्नु–भन्दा भन्दै आफू पनि ख्याल गररै पसेको, ख्यालख्यालमा आनन्दको केन्द्रबिन्दुमा नै पुगिएछ क्यारे जति आनन्दलाई कोट्यायो त्यति नै पहिरो जान्छ र बालुवाको पहाड खसेजस्तो सुरूरूरू भएर धारा–प्रवाह रूपमा आनन्दका बालुवाहरू खस्छन्, ती फेरि पहाड बन्छन्, खस्ने क्रम जारी छ, मनका लड्डु घिउसँग खाँदै छु , कल्पनाको सागरमा चुर्लुम्म डुबेको छु , सायद म घोर निद्रामा परिसकेको छु, अब म बिउँझने छैन किनभने आकाशमा कालो सूर्य झुल्किसकेको छ, मैनबत्ती र राँकाहरू बलेर रातो सूर्यलाई खोजिरहेका छन् । मेरो निद्रा यथावत नै छ । म यसैमा आनन्दले परमानन्दसँग सपनामा कुरा गर्दैछु । सायद सपनामा झस्का पस्छ यो मनलाई ऐठन भएको होला, ऐठनमा पनि म आनन्द नै पाउँछु किनकि म चीर निद्रामा परिसकेको छु अनि त चीर निद्रा पनि आनन्द, घोर निद्रा पनि आनन्द, यसैले म भन्छु कराउँछु र जोडले चिच्याउँछु तिमी आऊ आनन्द तिमीलाई शान्तिको दियो बालेर स्वागत छ, तिमी सबैतिर छाउ आनन्द तिमीलाई एकजोडी परेवाहरूले बोकेर विश्व भ्रमण गराउने छन् । यसैले तिमी

अञ्जाऊ, सबैतिर छाऊ, हामीसँग मितेरी साइनो लगाऊ, तिमीलाई पुस्तौँपुस्ता–देखिको लामो साधुवाद छ, तिमी टललल टल्किँदै र झललल झल्किदै अञ्जाऊ– तिमीलाई हृदयदेखि नै स्वागत छ, विश्वास लिएर, विश्वास दिएर र विश्वास जितेर आऊ आनन्द तिमीलाई स्वागतै स्वागत छ, स्वागत छ, आनन्द तिमीलाई सधैं-सधैं ।

## ५.२ एक्काईसौँ शताव्दीलाई उपहार

जीत हैन हार भन्ने शब्दमा 'उप' उपसर्ग लागेर बन्न पुगेको 'उपहार' शब्द तोतेदेखि थोतेसम्ममा नजान्ने र नबुझ्ने त को नै पो छ होला र यस दुनियाँमा ? कसैको कुनै पनि खुशीयालीमा कसैले केही चीज या वस्तु दिनु पर्‍यो भने अथवा बाँड्नु पर्‍यो भने त्यो वस्तुलाई नै उपहार शब्दले सम्बोधन गरिएला । यस कारण कसैलाई उनीहरूको खुशीयालीमा केही वस्तु वितरण गरी मनोबल वढाई दिने अनि हौसला प्रदान गरिदिने वस्तु नै उपहार होला । त्यसैले राजादेखि प्रजासम्म, मन्त्रीदेखि तन्त्रीसम्म उपहार नजान्ने, नबुझ्ने, नचिन्ने, नदिने र नलिने कोही पनि छैन होला । यसले गर्दा यो उपहारको वजार कति छ, यसको विश्व वा संसार कत्रो छ भन्ने कुरा त पूर्व र पश्चिम दुवैतिर दुई हात फैलाएर 'आँ' मुख बाउँदै दक्षिणतिर फर्केका आशामुखीहरूलाई थाहा होला, मैले त खालि उपहार भन्ने शब्द अलि-अलि मात्र सुनेको हुनाले मेरा लागि त यो झिसमिसे मात्र छ ।

अँ दिने, बाँड्ने र अरूलाई सधैका निम्ति वितरण गर्नेभन्दा कवि शिरोमणि ज्यूको एउटा कविता झ्वाट्ट सम्झन पुगेँ- "मै खाऊँ मैलाऊँ सुख सयल वा मोज म गरूँ"— ....।" भन्ने यो आजको जमानामा कसैले कसैलाई कुनै वस्तु दिनु पर्‍यो भने दाँतबाट पसिना निकाल्न बेर छैन किनभने अनिकालै अनिकालले महामारी फैलिएर आफ्नै पेट खोक्रो भएको बेला कसलाई कत्रो उपहार दिने । बरू 'खौरेर मसिनो हुँदैन र दिएर आफ्नो हुँदैन" भन्ने युक्तिलाई गुरूको मूल मन्त्र जस्तै मानेर सधैं जपेर दाहिने भेटे दाहिनेले र देब्रेले भेटे देब्रेले जति भेटिन्छ भेटेजति हसुर अनि कसैलाई उपहारै दिनु पर्‍यो भने बेसरी डकार । बस आफूलाई पनि भयो, अरूलाई पनि छोयो । नजान्ने कोही छैन, नबुझ्ने कोही हैन, यस्तै छ दुनियाँ, यस्तै छ संसार । आँखा भएर पनि अन्धा जस्ता, जिब्रो भएर पनि लाटाजस्ता अनि केही नजान्ने बकभुत्ते नै भए पनि बाठाजस्ता यी एक्काईसौँ शताव्दी नजन्मँदैका पुराना उपहारहरू ।

पुरानाको जमाना गयो, नयाँ जमाना आयो । त्यसैले पुरानालाई श्रद्धाञ्जली, नयाँलाई सलामी, पुरानो छोडौँ नयाँलाई गोडौँ । तर पुरानालाई छोडौँ र नयाँलाई स्वागत गरौँभन्दा पनि हाम्रो वर्तमान नयाँ उपहार के नै पो छ होला र जसले पुरानो बिर्साएर नयाँलाई चुमिरहन सकियोस्, । अँगाली रहन सकियोस्, जुन प्यारो होस्, आफ्नै हृदयको होस् अनि यो हाम्रो एक्काइसौँ शताब्दीलाई सुहाउँने र मनोरम पनि होस् ।

'"काँतर गए सुरा आउँछन्' लेख्दै गए कुरा आउँछन्" भने झैँ एक्काइसौँ शताब्दीको नयाँ उपहार भन्ना–साथ भर्खरमात्र खै कुन्नि कुन मन्त्रीज्यूलाई हो विदेशबाट एउटा राम्रो चारकुने बक्सामा प्रशंसापत्र–सहित चट्ट सजाएर सबैतिर 'उपहारै उपहार' लेखेर पठाएको मन्त्रीको उपहारको सम्झना भयो । मन्त्रीज्यूले पनि आफ्नो मान, ईज्ज्यत, यश तथा प्रतिष्ठा बढ्ने विचार गरेर होला संसदको अधिवेशन बसेकै समयमा खुशीसाथ त्यो बक्सा खोल्न लाग्नुभएछ । अरू सांसदहरू पनि यति राम्रो बाक्साभित्र कति राम्रो उपहार होला भनी उपहार हेर्ने कौतूहलमा नै मखख र व्यस्त । यता मन्त्रीज्यूले पनि हतारहतार बक्सा के खोलेका मात्र थिए, झस्किएर मन्त्रीज्यू त तीनहात माथि उफ्रिएछन् । यो देखेर अरू सांसदहरू छक्कमात्र के परेका थिए एउटा नराम्रो गन्ध वा दुर्गन्धले सबैका नाकमा ठुङमार्न आइपुग्यो । सम्पूर्ण सांसदहरू अधिवेशनै स्थगित गरी आत्तिएर हल्ला गर्दै बाहिरिए, भवनै खाली । त्यति–खेर स्थगित भएको अधिवेशन अझै मूर्छा परिरहन्छ । मन्त्रीज्यूले पनि सबै सांसदहरू बाहिरिएपछि नाकमा रूमाल कोच्दै भएभरको बुद्धि लगाएर उपहार चिन्न खोज्दा उपहार रहेछ कुहिएको फर्सी । अनि एउटा ट्रकमा लगाएर बवाग्मती किनारमा लगेर खाल्डो खन्न लगाई पुर्न लगाएछन् विदेशी अनुदानकै रकम खर्च गरेर । तर अचम्म !! जति पुरे पनि सो दुर्गन्ध नहटी राजधानीभरि फैलिएकोले बाग्मतीमा नै सबै खानेपानी मिसाएर बगाउन थालेछन् । अनि राजधानीबासीलाई खानेपानी कै हाहाकार । म पनि त्यहीँ खानेपानीको अभाव भएको भेलबाढीको समयमा राजधानी पुगी खानेपानीका मुख्य सचिवलाई दर्शन भेटगरी "यो के भएको हजुर ?" भनेर सोधेको मात्र के थिएँ सचिवज्यूले पनि जङ्गिएर जवाफ दिए -"यति ठूलो मन्त्रीको उपहार पनि तपाईलाई थाहा भएन !" म छक्क परेँ अनि सोच्न थालेँ यो कस्तो उपहार रहेछ त यति धेरै खानेपानी नै सुकाउन सक्ने । आफू त परियो कुनामा बसेर दुनामा खाने भन्छन् नि 'कताको जिली, कताको गाँठी' भनेजस्तो यति लामो उपहारको कथा मलाई के को पत्ता, दिमाग नै चकराउन सकेन मेरो सानो दिमागमा घुस्न सकेन ।

मैले जान्ने समाचारदाता भएर राजधानीको राष्ट्रिय समाचार सुनाएको मात्र हैन यो एक्काईसौं शताब्दीको नयाँ उपहार ल्याएर उपहारकै सानो टुक्रा तपाईहरूमाझ पस्किदिएको मात्र हुँ । यसैले अब अरूका उपहारका कुरा छोडौँ आफ्नै उपहारका कुरा गरौँ । आफ्नो उपहारभन्दा म आफैलाई शङ्का लाग्छ कतै यो तपाईं हाम्रो जीवन पनि मन्त्रीज्यूको उपहारजस्तै बाहिर-बाहिर चिटिक्क परेर सिँगारिएको उपहारै त हैनहोइन कसैका निम्ति– ।

कुन्नि है सोच्नुहोस् अनि छातीमा हात राखेर सम्झनुहोस् र मात्रै भन्नुहोस् किनभने उपहारै उपहारका रासमाथि कसैलाई कसैको जिन्दगी नै सधैंका निम्ति उपहार दिएको पनि तपाई हाम्रा आँखा अगाडि सदा झल्झली छ –। अनि त मलाई भन्न कर लाग्छ-यो मेरो जीवन पनि उपहार, तपाईहरूको जीवन पनि उपहार कसैको जीवन लिने उपहार, कसैको जीवन दिने उपहार । यसै भएर त होला नि तपाई हामी सबैका जिन्दगी उपहार । यसैले त मलाई घोक्रो फुलाएर निर्धक्कसँग उपहार भनेर कुर्लन मन लाग्छ र भन्छु–-श्रीमान्‌लाई श्रीमती उपहार, श्रीमतीलाई श्रीमान् उपहार, यी दुवैलाई छोराछोरी नै उपहारः हुतिहारा सुताहाको रोग उपहार, भातेको भोक उपहार, बहादुरको जोस, बुद्धिमानीको होस् र चिन्तावालको शोक उपहार, पुजारीलाई खीर उपहार, धनीको पीर उपहार र गरिबको ऋण उपहार, कर्मचारी जातिको घण्टी उपहार, पुलिसको डन्डा उपहार, गाईवस्तुको लागि दाम्लो उपहार, कुकुरका लागि साङ्लो उपहार, जिउँदा जातिलाई बिटाको उपहार, मरेकाहरूलाई चिताको उपहार, उपहारै उपहारको संसार, कसलाई पो कुन बेला नपुग छ र उपहार । सबैले पाइसकेका यी थोत्रा उपहारहरू ।

यो शताब्दी एक्काईसौँ हो, अब यी थोत्रा उपहारको कुरा गरेर बस्ने अवस्था छैन।; हामीले पनि यो नयाँ शताब्दीसँगै रिमरिममा बिउँझिएर उज्यालो लालीले सबैतिर पोत्न सक्नु पर्दछ । अनि उजाड र नाङ्गा डाँडाहरूमा चिया, भोगटे र स्याउका बगान लगाई हरियाली बसन्त छाउनु परेको छ । मेचीको मान्छे उठेर कालीमा चिया पिउन पुग्नु परेको छ । पाखुराले गर्ने कामलाई दिमागको भरमा 'कम्प्यूटर'को माध्यमले छिटो, छरितो र राम्रो गर्नु परेको छ अनि कोरा किताबका सिद्धान्तहरूलाई प्राविधिक र व्यवहारिक—रूपमा रूपान्तरण गरेर कागजका पानाहरू सजाउनु परेको छ । 'हात्तीको मुखमा' जस्ता भएका वर्तमान उद्योग तथा कलकारखानाहरूको व्यापक विकास र विस्तार गरी देवकोटा र अरनिकोलाई स्वदेशमा नै रोजगार दिलाउन सक्नुपरेको छ, सप्तकोशी, सप्तगण्डकी र सप्तकर्णालीका प्रत्येक पानीका बुँदबुँदबाट आगाको झिल्का निकालेर मेरो प्यारो देशलाई रातमा पनि दिनजस्तै झलमल्ल घाम लगाइरहने पार्न सक्नु परेको छ । रोजगारीको निम्ति विदेशमा गएर सीता र जनकले जानअन्जान ल्याएको ज्यानमारा रोगको उपहारलाई औषधि पत्ता लगाई पुनः जीवनदान दिन सक्नु परेको छ र वर्तमान विश्वमा बढ्दै गईरहेको क्रान्तिको ज्वालालाई सामना गर्न सक्ने शान्तिका अग्रदूत गौतम बुद्धलाई जन्माउन सक्नु परेको छ ।

‘कि गरिखान्छने आँटले कि गरिखान्छ ढाँटले’ भने झैँ तपाईहरूलाई पनि मैले यो मेरो निबन्ध उपहारै भनेर चढाउँएँ, रचना र सिर्जनाको उपहार ल्याएर टक्याक्र्याएँ, मन परे छाती भरी-भरी सजाएर लगाई स्वीाकार्नुहोस् र विश्वास लागे हाँस्नुहोस्, विश्वास नलागे ढाँट्नुहोस् र मन नपरे दोबाटोमा लगेर मन्साइदिनुहोस् । यो निबन्ध नै मैले तपाईहरूलाई एक्काईसौँ शताब्दीमा चढाएको उपहार हो । सबैलाई सधैका लागि, यो नयाँ एक्काइसौँ शताब्ब्दीलाई उपहार ! उपहार !! उपहार !!!

### ~~४.३~~ ५.३ खरानी

आदिको एउटा मात्र अक्षर 'ख' झिके 'रानी' बन्ने तथा अन्तिम अक्षर 'नी' झिके 'खरा' शब्ददलाई ल्याएर दरो एवं बलियो अर्थ दिने बहुवचनीय अर्थ निर्माणको शक्ति भएको यसका तीनवटै अक्षरलाई क्रमशः मिलाएमा बन्दछ 'खरानी' । अक्षर मत्र मिलाएर बन्दछ खरानी कि कुनै चिज या वस्तुलाई जलाएर वा डढाएर बन्दछ खरानी ? म आफैं दोधारमा पर्छु र भन्छु 'खरानी के हो ?' हुनसक्छ साधारण अर्थमा माथि भने बमोजिम–कै कुनै पनि वस्तु वा चिज डढीसकेर पचिसकेपछिको बाँकी रहेको धूलो, भस्म वा खाक । मेरो साधारण मथिङ्गलले त खरानी भनेर योभन्दा बढी सोच्न त नभ्याउला ।

सोचे पनि नसोचे पनि बालपना–हुँदा समेतको नालिबेली ल्याउँदा ~~पनि~~ हामी साना-साना हुँदा विभिन्न खेलहरू– खेल्थ्यौं, जसमध्ये एउटा हुन्थ्यो- प्रश्न सोध्ने एउटाले र उत्तरदिने अर्काले । यस्तै क्रममा एक साथीको प्रश्नको झटारो 'कुन रानी सेती ?' भनी प्रहार भयो ममाथि । उत्तर दिन निकै हम्मेहम्मे पर्न गयो अनि दिमाग चकराउँथ्यो राजाका रानीहरू माथि, एक दुई राजाहरूको नामसम्म कनिकुथी आउनेले रानीको नाम त अन्धकारै थियो । कुन रानी सेती होली भनी पृथ्वीनारायण शाहका श्रीमतीहरूदेखि लिएर वर्तमानसम्म सोंच्दा कुन राजाकी, कुन राजाकी ? गाउँका पनि दुई काँल्लाका बीचमा घर बनाएर बस्नेले दरबारका महलमा बस्ने रानीहरूको अनुहार देख्न त के कल्पनामा समेत फुरेन । अनि भनिन्थ्यो "पास" उत्तर आउँथ्यो "खरानी" आफू तीनचि~~स्त~~त खाइन्थ्यो 'खरानी' भनेको सुन्दा, जाबो 'खरानी' ।

'ख'रानी भए पनि 'क' रानी अथवा 'ग'रानीकै वर्गीकरण गरे पनि ~~पनि~~ आखिर रानी त सेतै होलान्, छालामा अत्तर दलेर भए पनि अनुहामा पाउडर पोतेर र कुर्कुच्चा घोटेर भए पनि सेताको सेतै, त्यताको -त्यतै–, यताको-यतै, नढाँटीभन्दा ~~द्ब~~द्वापर युगका नायक श्रीकृष्णका जस्तै कोठैपिच्छे रानी, पाइलैपिच्छे रानी, सबैलाई तानातान, तैं रानी मै रानी को भर्ने कुवाको पानी, रानीहरूको हानाहान, रानीहरूकै तानातान तर मैले खरानीको प्रसङ्ग ल्याएर दरबारका –रानीहरूको वर्गीकरण गरेको चाँहि भनी नठान्नु होला । दरवार भित्रका रानीहरूकै वर्गीकरण गर्नेतिर लाग्ने हो भने त कोही विवाहिता रानी होलान्, कोही आइते रानी होलान्, कोही रानी ल्याइते होलान् र कोही चाहिँ प्रेमका घाइते मात्र पनि होलान् । विवाहिते, आइते, ल्याइते, व्याइते र घाइते भएपछि त के चाहियो र वर्गीकरण गर्दा पनि 'क' देखिको ताँती 'ज्ञ' सम्म नबन्लान् भन्न पनि त सकिएन नि । सकिने र बनिने अनि

भत्किने र बिग्रिने त आफ्नै ठाउँमा छ । आफ्ना 'क' रानीलाई छोडेर अरू वर्गीकरण गर्नतिर लागियो भने 'ख'मा पुग्दा खरानी 'ग'मा गइन्छ । त्यहाँदेखि 'ज्ञ' सम्म लम्कन थाल्नुभयो भने चाँहि तिनले हाम्रो नाम निशाना राख्ने छैनन्, खरानीको धुलो बनाएर पनि उडाइदिने छन् । यसैले हामी 'क' देखि अरू रानीको क्रम बढाउनेतिर नलागौँ, बेलैमा जोस चले पनि होस राखौँ । 'जोसका बेला होस' नराख्ता हेर्नुहोस् त हाम्रै राजामहाराजाहरूको कथा, कति रानी 'क' रानी भए कति रानी 'ख'रानी भए, कति खरानी बन्न बाँकी रहे, झन् सतीप्रथाको समयमा त सबैरानी खरानी भए । खरानी भए मात्र हैन यिनले कतिलाई खरानी–समेत बनाए, खरानी बनाएर उडाए, कतिलाई खरानी घसाएर, कतिलाई दरबबार पसाए, कतिलाई जिउँदै जलाए, कतिलाई बाँचुञ्जेल दरबार हल्लाए । त्यो जमानादेखि हल्लिएको दरबार अझै हल्लिएको छ, सायद अब उखेलिन बेर छैन । अनि त्यति बेला त पुरपुरामा हात राखेर रूनु सिवाय अर्को विकल्प नै छैन । मात्र त्यसबेला कसैले सोध्यो भने 'किन रून्छस् मङ्गले आफ्नै ढङ्गले ।'

ढङ्ग त आफ्नै हो नि, अर्काको ढङ्ग खाएर को परजीवी बन्ने, सबै स्वजीवी, सबै स्वाबलम्बी । यसैले गर्दा तपाईसँग म यो सल्लाह गर्छु कि तपाईंहामी सबै 'क' रानीमा नै सन्तोष गरेर बसौँ । 'ख' रानीहरूको लाइन लगाएर उनीहरूको नामःकरण गर्नतिर नलागौँ । 'क'देखि 'ख'तिर लम्कन थाल्यौँ भने त हामी जिउँदै आफूलाई पुर्न आफै खाल्डो खन्दैछौँ भन्ने सम्झिदिए हुन्छ । आफ्नो अस्तित्त्व आफै गुमाई–रहेछौँ, आफू हराइरहेछौँ र अरूलाई अर्तीर्ती र बुद्धि दिँदै आफू महामूर्ख पण्डित कबालिदास बन्न खोज्दैछौँ –'टुप्पामा बसेर फेदतिर काट्ने' । काट्ने, फाट्ने र चाट्ने गर्न थाल्यौँ भने हामी 'हामी' नरहेर हरामी बन्छौँ, नफर्किने बाटो लिएर हामी सधैका लागि यो संसारबाट कुलेलाम ठोक्छौँ, आफू–मात्र हैन आफ्ना भविष्यका सारा सन्तानहरूलाई पनि बिलाउनेको रोग लाग्नेछ । कुरा साँचो र प्रत्यक्ष छ, जो अरूलाई खरानी बनाएर डडाउन खोज्छ, ऊ चाहिँ आफू खरानी बनी उडेर जान्छ । त्यसैले गर्दा त होला कति मान्छे खरानी भए, कति राष्ट्र खरानी भए, तपाई हामी पनि यस्तै गरी झर्काझर्की र चर्काचर्की गर्दै गयौँ भने समयमै बन्छौँ खरानी । आखिरमा बन्ने त खरानी नै त रहेछ अनि यो सबै सृष्टि खरानी, तपाई हामी सबै एक सम्मय एक खरानी ।

खरानीकै कुरा गर्दा र तपाई––हामी सबै खरानी–भन्दा भ्वाट्ट एउटा पौराणिक कथा वा लोककथा वा लोकथा सम्झन पुगेँ - सृष्टिकै क्रममा सबैभन्दा पहिले ब्रम्हाजीलाई मान्छेको सृष्टि गर्ने ईच्छा भएछ, अनि सबैभन्दा राम्रो र बहुमूल्य धातु जडित गरी एउटा

मूर्ति बनाएर बोल मान्छे भन्नासाथ आवाज आएछ "कुखुरी काँ !" सुनको बहुमूल्य धातुले धोका दियो भनी चाँदीको अर्को मूर्ति बनाई बोलाएछन्, त्यो पनि काम नलागेपछि अन्य चिजहरू मिसावट गर्दै विभिन्न मूर्ति बनाएर हावा–भरि बोलाउँदा पनि काम नदिएपछि ब्रम्हालाई असाध्यै रिस उठेछ र अगाडिका वस्तुहरू बनाउँदा केही चिज डढाउनु, गिाल्नु, पगाल्नु  गर्दाको खरानीलाई मुछ्दै थिए, मान्छे बनाउन त्यही बेला सबैभन्दा पहिलो मूर्तिले विष्ट्याएछ । चिच्याएछ र त्यसलाई पनि मिसाएर थुपरथापर गरी एउटा मूर्ति बनाएर हावा भरेछन् । अनि रिसले आगो हुँदै नपत्याइ नपत्याइ झर्किएर बोलाएछन् - "बोल मान्छे" - मूर्ति पनि हत्तनपत्त बोलेछ "हजुर"  कस्तो बेकामे वस्तुको मूर्ति चाहिँ मान्छे भयो, यस्तो औडे र खौडे भन्दै त्यहाँ बस्न मन नलागेर के–के भुत्भुताउँदै ब्रम्हा ब्रम्हलोकतिर लागेछन् । पछि आफूले सृष्टि गरेको त्यस्तै त भयो आखिर भन्ने सम्झिएर महादेवको वहानलाई वहानलाई बोलाएर मान्छेको खबर के रहेछ, बुझ र भन दिनमा तीन पटक नुहाउनु र एकपटक खानु, तर भनेछ उल्टो । –यो खबर गएर ब्रम्हालाई गोरूले कहेछ । ब्रम्हाले पनि भन्न गल्ती गरेकोमा गोरूलाई पुनः धर्तीमा पठाएर मानिसकै सेवा गर्न खटाएछन् –। त्यसैले हामी परजीवी भएर बाँचेका खरानीका डल्ला मात्र हामी खरनी ! हामी खरानीभन्दा बढी केही बन्न सकेनौं । सृष्टिदेखिकै खरानी, बनाए पनि हामी खरानी, बिगारे पनि हामी खरानी । हामी साँच्ची खरानी, नपत्याए तपाईका तिघ्रामा कोरेर हेर्नुहोस् खरानीको सेतो भाग देख्न सक्नुहुन्छ, नसके तपाईंमा खरानीको साथमा मिसाइएको त्यो अर्को वस्तु बढी हुनसक्छ । हामी सडेगलेर डढिसकेको र पिचिइसकेको वस्तुबाट जबरजस्ती बनाइएका र बनिएका मान्छे । यसैले हामीलाई कसैले उडाउन खोज्दैछ, कुदाउन खेज्दैछ, गुडाउन खोज्दैछ, बेलैमा बुद्धि नपुऱ्याए जबर्जस्ती बनिएका मान्छे जबर्जस्ती नै फु-मन्त्र गरी उडाइदिने छ ।

उडाइदिए उड्नु, गुडाइदिए गुड्नु भनी आफै मख्ख परेर बस्नुभयो भने त फेरि आफ्नो अस्तित्व रक्षाका लागि होला अस्तित्वलाई बचाउन र जोगाउन अनि अरूलाई आफू खरानी भनाउन जिउभरि खरानी नै खरानी दलेर हिड्छौं, खरानीकै विभिन्न रूपहरूका अत्तर, पाउडर आदि घसेर हिड्छौं, जे दलेर जे घसे पनि आखिर खरानीकै विभिन्न रूप घोस्छौं रैं र पोत्छौं ।

घस्न र पोत्नलाई आपत्ती नै पनि किन भयो र आखिर श्रीमहादेव–समेतले घसेको पवित्र खरानी हाम्रा लागि पनि उत्तिकै प्यारो एवं लोकप्रिय छ, लोकले मानेपछि जे पनि

चल्छ । यसैले गर्दा हामी पनि महादेवका भक्त बन्दै जिउभरि खरानी घसेर “जय भोले बाबा” भन्दै हिँड्छौँ र अर्को थरी यो प्राकृतिक हैन, कृत्रिम खरानी हरहराउँदै ‘आइ एम अ डिस्को डान्सर’ भनी बरबराउँदै हिँड्छन्, दुईटैको काम एउटै नाम फरक भए पनि वस्तु उही हो र गानाको भाषामा फरक परे पनि आखिर लक्ष्य एवं उद्देश्य त एउटै हो, दुवैको मिलनको केन्द्रबिन्दु समान छ ।

केन्द्रबिन्दुदेखि बाहिरी तहसम्मका हामी खरानी, जन्मिदै खरानी सृष्टिमा नै खरानी र मरेपछि पनि आखिर खरानी । यसैले हामी आफै खरानी, खरानीले खरानीलाई बनाउँछ भन्नु बेकार छ, खरानीले खरानीलाई खरानी बनाएर उडाउन खोज्नु झन बेकार छ, । यसैले बेकारलाई छोडेर हामी पृथ्वीवासी हातेमालो गरेर सबै एकाकार हुनुपर्छ, खरानी त खरानी तर बलिया, एकताबद्ध र बुद्धिमानी खरानी बन्नुपर्छ, स्थायित्व, अस्तित्व र शान्तिका खरानी बन्नुपर्छ । यो नै सबैको भलो हो, संसारको कल्याण पनि हो । यसैले हामी आजैदेखि हातमा खरानी लिएर यिनलाई एउटै खरानीको डल्लो बनाउनतिर लागौँ, संसारलाई उज्यालो प्रकाश दिलाउन प्रयत्न गरौँ । सर्वप्रथम “आफू भलो त जगत् भलो”भन्ने कुरालाई शिरोधार्य गरी हामी आफू-आफू बनिन खोजौँ, अनि अरू सबै कुरा स्वतः बनिदै आउँछ, खरानी बनाउनेले पनि आफै खरानी बन्नुपर्ने हुन्छ । अनि जसरी -त्यसरी, यसरी र उसरी गरी खरानी नै बनिसके पछि भन्ने छ आखिरी शब्द “धन्य खरानी” !

**४५.४ जीवनको ज्योति असल शिक्षा र आचरण**

बीसौँ शताब्ब्दीलाई बिदा गरिसकेँ रिमरिम प्रकाशमा अलिकलि डुल्दै अनि एक्काइसौँ शताव्दीलाई चुम्नबुभ्न पुगेँ दसतिर भौतारिँदा भौतारिँदै । आशा छ यो भस्र्खरको कुनामा नै सुतेर नउठेको भएपनि एक्काइसौँ शताव्दीलाई आफू बामे सर्नु अगावै मुसुक्क मुस्कुराइदिनेछ । हृदय भरिभरि छाएर, मुहारभरिभरि आएर, जीवन-भरि नै शिक्षाको उज्यालो ज्योति फैलाएर खुशीशियाली नै खुशीशियाली बाँडिदिने छ । म यसबेला आनन्दले प्रफुल्ल भएर एक्काइसौँ शताव्दीलाई स्वागत गर्नेछु आफ्नै मनमा सजाएका सुमनका गुच्छाहरूले बिहानी उषाको लालीसँगै ब्यौँझिएर र।

कल्पनाले सजाएको सुन्दर एवं मनोरम वाग हैन मलाई यथार्थ र भोग्न सकिने र जिउनु पर्ने जीवनका वास्तविक काँडाहरू नै मनपर्छ अनि सिद्धान्तले मात्र भरिएएका किताबका ठूला ठेलीहरूभन्दा व्यवहारवादी, प्रयोगवादी, सीपमूलक अलिकति भए पनि प्राविधिक शिक्षा र ज्ञान नै धेरै मन पर्छ । हो, मैले त बिदा गरिसकेको छु भूतलाई, कुनै पनि सरोकार छैन मलाई त्यो भूतसँग, वर्तमान म आफू स्वयम् जिउँदै छु, आफैं स्वीकारस्वीकारेको छु र यो वर्तमान त आज म देखि फुत्किने छ, यसको आयु भन्नु आज मात्र, भोलि हुने साथ यो वर्तमान पनि चकनाचुर हुनेछ । त्यसैले मैले त बाँच्नु परेको छ । आउने दिनहरूमा मैले त बाटो देखाउनु परेको-।छ मेरा सन्तानलाई शिक्षाको उज्यालो कान्तिमा एक-एक गर्दै नबिराई बसेका झुपडीका गोरेटाहरू अनि सुनाउन सक्नु परेको छ । बेदनाका विषादष्क रोदनका चित्कारहहरू, दुःखका पीडाहरू, कलिला मस्तिष्कका चाहना र इच्छाहरू, अनन्त भोक र अनन्त तीर्खाहरू ।

यहाँका बस्तीहरू यस्तै छन् जहाँ सात दिनको उकालो बाटोमा पनि नुन र चामलको भारी पिठ्यौँ-भरिरि बोकी-बोकी जीवन धान्नु परेको छ । विकसित राष्ट्रले मङ्गल ग्रहको परिक्रममा गर्दा आफू त केवल मखख परेर मालिकका भेडा बाखा अनि गाई--भैँसी हेर्दै र दाउराघाँस गर्दै बस्नु परेको छ । हो मलाई पनि चन्द्रमामा पुग्ने रहर छ, मङ्गल-मात्र हैन वृहस्पतिको पनि परिक्रमा गर्न मन लागिरहेको छ, म पनि निल आर्मष्ट्रङ, गागरिन, लियोनार्दो, शेक्सपियर, बुद्ध, गान्धी, नेपोलियन, डार्विन, देवकोटा, मदरटेरेसा, नाइटिङ्गल, पारिजात........... जस्तै बनी देश र राष्ट्रको मात्र हैन विश्वमा नै कृतिमान् राख्ने शक्तिहरू आफ्नै मनभित्र कोक्राको नानीजस्तै चाचाहुइ-चाचाहुइ गरी खेलिरहेका इच्छा, आकाङ्क्ष्या र चाहनाहरूलाई पूरा गर्न चाहन्छु । यी मेरा चाहनाहरू-मात्र हैनन् आजको एक्काइसौँ

शताब्दीका आवश्यकता र माग पनि हुन् । यसलाई पूरा गर्न आज मलाई भेडाबाखा हैन किताब र कापीका पानाहरू चाहिन्छ अनि लौरो र हँसिया हैन, मसी र कलम चाहिन्छ अनि ज्ञान र सीपको उज्यालो प्रकाश चाहिन्छ जसले मेरो अँध्यारो मुहारलाई क्रान्तिको छटा छर्न सकोस्, उज्यालो भविष्य बनोस्, यो जीवन नै केवल शिक्षाको उज्यालो ज्योति पाएर ज्योतिर्पूञ्ज बनी ज्योतिर्मय हओस् ।

चाहे शिक्ष्, धातुबाट बनेको शिक्षा होस् चाहे विद् धातुबाट बनेको विद्या होस् म त बीसौँ शताब्दीको गभर्म्भमा बसेर एक्काइसौँ शताब्दीमा जन्मिएको एक्काइसौँ शताव्दीको शिशु हुँ, एउटा बालक हुँ र एक विकसित मानव । मैले त यो एक्काइसौँ शताब्दीसँगै अन्तरिक्षमा घुम्दैघुम्दै नयाँ संसार खोज्नु छ, अरू ग्रह र उपग्रहहरूमा पनि मानव वस्ती बसाउनु परेको छ । गोवी र साहारामा सुन्दर एवं हरियाली बगैंचाको निर्माण गरी सुन्तिला, कागती, स्याउ र भोगटेका रसिला दानाहरू फलाउनु परेको छ अनि êहेलसँग मित्रता गाँसी समुद्र र महासागर भित्रबाट हीरा र मोतीका दानाहरू बटुल्नु परेको छ । मेरो राष्ट्रमा पनि इराक र कुवेतको जस्तै मट्टीतेल एवं पट्रोलको मूल फुटाउनु परेको छ, अन्धकारलाई सुकाउनु छ, अनि भारत, अमेरिका, क्यानडा, बेलायतले जस्तै फलाम, तामा र सुनका खानीहरूलाई मेरै देशभित्र सजाउनु परेको छ किनभने यो आजको युग नै अनुसन्धान, खोज र उत्पादनको युग भैदिएको छ । म पहाडको गाउँमा मात्र हैन विभिन्न उकाली, ओराली, देउराली, पाखा पखेरा र विकट कन्दराहरूका झुपडीहरूमा किन नजन्मउँ, मैले त मेचीमा उठी कालीमा नुहाउन पुग्नु छ, दार्चुलामा खानाखाई इलाममा चुठ्न पुग्नुपरेको छ अनि मुस्ताङका स्याउ टिपी धनकुटाको वरको चौतारीमा बसेर खाई शिरमा तेह्रथुमे ढाकाटोपी लगाएर र कम्मरमा भोजपुरे खुकुरी भिरेर राष्ट्रको गाना गाउँदै मादलुको तालमा नाच्दै आफ्नो दिनभरिको ड्युटी गर्नु परेको छ ।

मैले त हिन्दू र बौद्धसँग–मात्र हैन, मुसलमान र क्राइष्टहरूसँग पनि –हातेमालो गरेर बाँच्नु परेको छ । नेपालमा बस्ने नेपालीहरूसँग मात्र हैन मैले त भारत, अफगानिस्तान, जापान, जर्मन, अमेरिका, बेलायत, इरान, ब्राजिल जस्ता विश्वका सम्पूर्ण मुलुककम्मा बासिन्दाहरूसँग पनि मुटुको ढुकढुकी जोड्दै सँगै बसी एकै–साथ गाउनु परेको छ किनभने यो युग नै विश्ववन्धुत्त्व, मित्रता र भाइचाराको युग भएर हामीमाझ उदाइदिएको छ ।

तपाईलाई लाग्ला यी सब मिथ्या भनेर तर तपाईका लागि जे लागून् मेरा लागि भने यी कुराहरू पूर्ण यथार्थ हुन्, सत्य हुन् र हुनुपर्ने नै यिनै हुन्, यो आधुनिक युग, आधुनिक

विश्व र आधुनिक संसार एउटा जागरण युग हो । यहाँ समद्र–जस्तो शान्त भएर पनि खहरेको तुफान–जस्तै जोश, जाँगर, प्रगति र परिश्रम हुनुपर्छ–, पानीका प्रत्येक बुँदबाट आगाको झिल्का निकालेर संसारलाई नै रातमा पनि उज्यालोले जगमग पार्नु पर्दछ । हात र पाखुरीका भरमा गर्ने कामलाई मेशिनले छिटो र राम्रो तरिकाले गर्नुपर्दछ । आज देशलाई एक साहसी पुरूषको खाँचो छ, मलाई असल शिक्षा र आचरणको आवश्यकता परे–जस्तै म एउटालाई मात्र हैन विश्वलाई नै खाँचो भएको म टड्कारो रूपले देखिरहेको छु, –।–असल शिक्षा र आचरणको । यी सबै शब्द, वाक्यहरू या हरफहरू मेरा आदर्श छाँट्ने लफडाहरू मात्र हैनन् यो त एक्काइसौं शताब्दीकै माग हो । चाहाना र इच्छा मात्र हैन आवश्यकता पनि हो । यहाँ असल शिक्षाको त्यसरी नै आगमन हुनुपर्दछ जसरी भूकम्प आउँदा पृथ्वीलाई हलचल पारिदिन्छ अनि प्रकाश आएपछि अन्धकार आफै भागिदिन्छ । असल शिक्षा पनि त्यसरी नै आउन सक्नु–पर्छ र छाउन सक्नुपर्दछ, यी सारा महल र झुपडीहरूमा अनि चोक, सडक, गल्ली र बस्तीहरूमा जसलाई कोरा सिद्धान्तमा मात्र सीमित नराखी पूर्ण–रूपले व्यवहारिक र प्राविधिक भई नयाँ खोज, अनुसन्धान र आविष्कारमा लगाई यी पीडा, व्यथा र अभावले पिरोलिएर पिल्सिएर र किचिएर बसेका मानव मस्तिष्कहरूमा पूर्ण–रूपले उज्यालो जीवन दिन सक्ने काममा नै लगाउन सक्नु–पर्दछ अनि विदेशका कोठकरीमा मात्र हैन हाम्रै गाउँ, शहर र गल्लीका कोठकरीमा बसी नारकीय जीवन बिताउन बाध्य भएका हाम्रा दिदी, बहिनी र आमाहरूलाई त्यो महासागरबाट उतारी सगरमाथाको चुचुरामा पुऱ्याएर मुस्कुराउन सिकाउनु परेको छ, आँट भरिदिनु परेको छ अनि साहसको सृजना गरिदिन सक्नुपरेको छ । यसका लागि असल शिक्षा र आचरणले महत्त्वपूर्ण भूमिका खेल्न सक्नु–पर्दछ ।

मीठो खाउँ र राम्रो लाउँऔं अनि सुन्दर दृष्यहरू हेरौं र मधुर स्वरहरू सुनिरहुँ भन्ने इच्छा एवं चाहना कसलाई पो हुँदैन र !? एउटा सवारीको साधन गुड्नलाई पनि पेट्रोल चाहिन्छ । यस्तै हाम्रो शरीरलाई पनि तन्दुरूस्त राख्नको लागि असल र पौष्टिक खानाको आवश्यकता पर्न जान्छ । मानिसको मुहार जति नै सुन्दर भए पनि त्यसलाई सरसफाई एवं सरसजावट गरेन भने आकर्षक बन्न सक्तैन । मानिसको यो पूर्ण जीवन यस्तै छ, यसलाई पनि राम्रो, सुन्दर एवं असल बनाउनेको लागि असल शिक्षाको नै खाँचो पर्न जान्छ । असल शिक्षाले नै जीवनलाई धपक्क बालेको हुन्छ अनि असल आचरणले नै मानवलाई सजावट

गरिरहेको हुन्छ । मानिस जति नै सुन्दर एवं धनाढ्य किन नहोस् उसमा असल शिक्षा र आचरण छैन भने त्यो मानिसको जीवन डढेलोले खाएको जङ्गलको एउटा ठुटो सरह बन्न जान्छ, चाहे त्यो विशाल महलमा नै सजिएर किन नबसोस् । तर कन्दराका झुपडीमा पनि असल शिक्षा र आचरणले प्रवेश गरेको छ भने त्यो नै सुन्दरता र सभ्यताको प्रतीक बन्न जान्छ । यसैले संस्कृतमा भनिएको छ । "………"शिक्षा विहीनम् पशु….।"

असल शिक्षा र आचरण एउटा रथका दुई पाङ्ग्रा हुन् । जसले जीवनलाई उज्यालो ज्योतितिर विस्तारै गुडाई रहेको हुन्छ । शिक्षा मानवको त्यो सुन्दर, अमर र अविनाशी गहना हो जसले जीवनलाई बाँचुञ्जेल सजाइरहन्छ र मरेपछि पनि बँचाई राख्न सक्दछ । विकना शिक्षाको महलभन्दा असल शिक्षा र आचरणले भरिएको झुपडी नै चम्किरहेको हुन्छ । यो मैले सुनेको एवं कल्पनामा मात्र सजाएको काल्पनिक मात्र हैन आफ्नै आँखाले देखेर पूर्ण विश्वास पनि गरेको यथार्थ र सत्य हो ।

जमाना कहाँको कहाँ पुगिसक्यो, विश्व दौडिएर ब्रह्माण्डको कति चक्कर मारिसक्यो । यो आजको संसार वैज्ञानिक संसार हो र यो आजको युग कम्प्यूटरको युग हो अनि यो आजको शताब्ब्दी नयाँ खोज, अनुसन्धान र आविष्कारको शताब्ब्दी पनि हो । आविष्कारै आविष्कारले भरिएका कतिपय विकसित, सभ्यशाली र शक्तिशाली राष्ट्रहरू उन्नतिको पथमा लम्कदा-लम्कदै आफू बसेको सारा घरलाई ध्वस्त पार्ने अणु र परमाणुका क्षेप्यास्त्रहरूको निर्माण गऱ्योरे रे भन्ने हुइँया सुनिन्छ । या त यो हुइँया स्यालहरूमा मात्र सीमित छ वा वास्त्तवमा नै हो प्रयोग गरेर देखाऊ भनौं भने उफ ! आफैलाई डर लाग्छ…….. त्यसबेला म पनि त …………………। तर अब त यो एक्काइसौं शताब्दी जन्मिसकेको छ, म पनि योसँगै हुर्कदै र बढ्दै गइरहेको छु । अब मलाई डर छैन, ममा पनि नयाँ नयाँ ज्ञान र सीपको विकास भैसकेको छ । असल शिक्षा र आचरणले मेरा दिल भरि भरि छाइसकेको छ । मेरो जीवनमा उज्यालो दिन मात्र हैन पारिलोी घाम–समेत उदाएको छ, मैले पनि नयाँ आविष्कारको आयोजना गरिसकेको छु । चाहे त्यो जति नै शक्तिशाली राष्ट्रको एटम होस्, त्यो आकाशमा गएर पड्कन नपाउँदै मैले त्यसलाई छेक्न सक्ने महाशक्तिशाली मेसिन बनाई सकेको हुनेछु । अनि त्यो एटम मेसिनबाट नफुत्कदै त्यसको मुख बन्द गरिदिने छु र अझ त्यो एटमलाई मेसिन भित्रै हुँदा धमिरा र धुलिया किराहरू पठाई भित्र-–भित्रै थाहै नपाइकन सडाइ दिनेछु, धुलैधुलो पारिदिने छु । अनि त यो मेरो प्यारो संसार ध्वस्त हुने छैन, कुनै पनि प्राणीहरूको अकालमा मृत्यु पनि हुने छैन । कोही

कसैँसँग पनि डराउनु पर्नेछैन, मेरो प्यारो संसार, मेरो रमाइलो धर्ती र मेरो प्यारो घरमा सधैँ--सधैँ हरियाली वसन्तको आगमनले छोड्ने छैन, मुसुक्क मुस्कुराएको पवनले परिवहन गरिहने छ , कसैले पनि दुःख, पीडा र अभावमा पिरोलिनु पर्ने छैन, सबैले स्वच्छ र स्वतन्त्रताको श्वास लिन पाउने छन् । धन्यवाद ! एक्काईसौँ शताब्दी तिमीलाई, स्वागत यो मेरो असल शिक्षा र आचरणलाई अनि अनि अङ्कमाल मेरो उज्यालो आफ्नै जीवनलाई, एकचोटि हैन हजारौँ-चोटि मेरो आफ्नै चम्किलो भविष्यलाई ।

यो सीता र भृकुटी जन्मिएको पवित्र देश, म गौरवले भन्छु, नेपाल, मलाई प्यारो लाग्छ, रमाइलो लाग्छ र आनन्द आउँछ म आफू पनि नेपाल । मलाई शिक्षाको उज्यालो घाम चाहिएको छ, आधुनिक कम्प्यूटरको उन्नति चाहिएको छ, नयाँ र सर्वसुलभ अनि व्यवहारिक शिक्षा र असल आचरणको बिबरूवा रोपी हुर्काउनु परेको छ ।-चम्किला मानव जीवनका फूलहरू । यो आवश्यकतै आवश्यकताले जेलिएको जीवन भए पनि आशै आशामा बाँचेर उन्नतिका पथमा लम्काउँऔं अरूलाई पनि अगाडि बढ्न प्रेरित गरौँ । सबैलाई शिक्षाको उज्यालो एवं न्यानो घाम ताप्ने शुभ अवसर मिलाई दिउँऔं अनि सबैलाई पढ्न विद्यालय पठाऊँ अब त आयो - ‘जीवनको ज्योति असल शिक्षा र आचरण’ भनेर ।

## ४५.५ टालो

उम्रेदेखि खुम्रेसम्म सबैलाई चाहिन्छ टालो । आमाको पेटमा हुँदा आवश्यक नदेखिएको टालो जन्मिएर भुइँमा नझर्दै च्यार्र गर्दै माग्न थाल्छ टालो अनि हतार हतार गुट्मुट्याइन्छ टालामा । त्यस पछाडि त सुत्छ टालामा, बढ्छ टालामा, खेल्छ टालामा, हुर्कन्छ टालामा । टालैटालो बेर्छ जिन्दगीमा । बाँचुञ्जेल त ठिकै छ तर मरेपछि पनि बेरिन्छ टालैमा । त्यसैले टालैटाला भित्रको जिन्दगी रहेछ मान्छेको जिन्दगी । जिन्दगी के भनौँ टालाहरू बेराएर बनाएको खेलौना पुतलीको जिन्दगी भनौँ र आफै गीत गाउन थालौँ - 'टालाटुली बटुली, कति राम्री पुतली .........।' टालाभित्रको पुतली म अथवा टालाहरूकै मात्र पुतली म: धरापमाथि आफ्नै धराप थापेर बसेको छु अनि च्यातिन्छ टालो, टालो अनि च्यातिन्छ, अनि फेरिरि त्यसलाई टालो, जति टालो जति टाल्यो त्यति च्यातिन्छ, च्यातिँदा च्यातिँदा एकदिन म आफै च्यातिन्छु, म कति कच्चा टालो ।

मेरा साखै माइला भाइका ठूल्दाजुका बुबाका पनि बुबाले भन्नुहुन्थ्यो-"नानी नयाँ सुरूवालको घुँडो टालिन्छस्" तर "टालेको टालो र डढेको र डढेको गालो" कहिल्यै पनि मिल्दैन, ज्यादै अनौठो र असुहाउँदिलो देखिन्छ ।"" यसैले होला जति टालो त्यति नै छिटो भत्किन्छ अनि बिग्रन्छ ।-र पो मेरा मामाकी दिदीकी सासूले भन्नुहुन्थ्यो -"हामी आइमाई भनेका अर्काका भित्ता टाल्ने जात ।" म छक्क पर्थें -आफ्नो घर लिपपोत गर्नु छ, अर्काको भित्ता भन्नुहुन्छ । तर अहिले बुझ्दा त यो कुरा अर्कै रहेछ, महिलाहरू मात्र हैन पुरूषहरू झन् धेरै टालो बन्दा रहेछन् ।

छोराले कापी, किताब ल्याएको पसलमा गयो अनि त्यहाँ अलिकति टालो, व्यापारीकहाँबाट श्रीमतीले कपडा ल्याएकी हुन्छिन्, त्यहाँ गएर टालो, छोरीको स्कुलको फिस टालो, छोराको ट्युसन फिस टालो, काम गर्ने खेतालाको मुख टालो, श्रीमतीको बिहे गर्दाको साहूलाई टालो, घर बनाउँदाको अर्को साहुलाई टालो, हल गोरू र दुहुनो भैँसी किनेको ऋण अर्को ठाउँमा भत्काएर टालो । एक ठाउँमा भत्कायो अर्को ठाउँमा टालो । जति टालो त्यति नै ठूलो भ्वाङ पर्छ, टाल्ने टालो पनि फेरिरि त्यति नै ठूलो चाहिन्छ । यसैले हामी भ्वाङ टाल्ने टालो ।

यस्तै भ्वाङ टाल्दा-टाल्दै कुन दिन हामी पनि आफैँ च्यातिएर भ्वाङ परिइन्छ र चार मिटरको टालो बेराएर सधैंका निम्ति अरूहरूले आफूलाई नै टालिदिन्छन् । टाल्ने क्रम यथावतै छ, अनि अरूहरू पनि टालिइदिन्छन् यसै गरेर ।

आफू न अर्काको दुवैमा अन्तर नै के भयो र ?! अन्तर मन्तर गरेर जन्तर बनाउन पनि र जन्तर बाँध्न पनि टालै चाहिन्छ अनि जन्तर बाँधिदिने बैद्यजीलाई पनि टालै चाहिन्छ, । टालो नचाहिने र टालो नलिने अनि टालो नदिने मान्छे भेट्याउन त धर्ती नमै खोद्तल्न् पर्ला । यता सभापतिको सालो होस् वा उता मन्त्रीको मामा होस्, छत्रे टोपी लगाएर छानो छाउने छत्रबहादुर होस् या जनकलालको जमिन जोत्ने जमान सिं होस् पालो सबैको समान छ, चाहिन्छ जसलाई पनि टालो ।

समान टालो छ छैन तर टालोको महत्त्व भने समान छ । हावादारी विशाल महलमा बस्नेहरूको टालाबे बहुमूल्य रत्न जडिीत हुन सक्ला अथवा साँगुरा गल्ली र कुना कन्दराका झुपडीहरूको टालो सामान्य किसिमको बन्न सक्ला तर पनि काम दुबैको एउटै हो, दाम फरक परेर मात्र के भयो र, आखिर लाज छोप्नेदेखि लिएर काज चलाउने पनि टालो नै हो क्यारे । यस्तै हो दुनियाँमा कतै दामी टालो कतै सस्तो टालो । कतै ठूलो टालो, कतै सानो टालो, कतै लामो टालो कतै छोटो टालो, कतै बाक्लो टालो त कतै पातलो टालो, कुनै रातो टालो, कुनै कालो टालो, कुनै सेतो टालो । जता फाट्छ त्यतै टालो, जति फाट्छ त्यति टालो, जत्रो फाट्छ त्यत्रै टालो, जस्तो टालो त्यस्तै फाट्छ, फेरि टालो फेरि फाट्छ, फाटेपछि नटाली हुँदैन, टालेपछि नफाम्मटी छाड्दैन । टाल्दाटाल्दै जडाउरी बनिीसकेको यो थोत्रो जिन्दगी, छियाछिया भएर मूपुरानो भइसकेर मक्काएको जीवन । जता, जहाँ र जहिले पनि फाट्न सक्छ, च्यातिन सक्छ र भ्वाङ पर्न पनि सक्छ । यसैले जुन समयमा र जहाँ पनि टालाकै महत्त्व छ, टालाकै महिमा छ र सबै टालाकै लागि संघर्ष गर्छन् । टालाकै महिमा गाउँछन्, टालाकै भजन गाउँछन् ।

भजन गाउनेहरू गाइरहुन्, चाहे मन्दिरमा गाउन्, चाहे मङ्गल मनले जङ्गलमा गएर गाउन्, ~~गतिलो टालोको लागि ज्यानै अर्पण गरी गाउन~~ कि समूहमा गाउन्, चाहे टालो बेरेर गाउन्, कि टालो हेरेर गाउन्, गतिलो टालोको लागि ज्यानै अर्पण गरी गाउन् कि लुछाचुँडी गर्दै गाउन् र कति तानातान अनि हानाहान गरेर गाउन, गाउने गाइनेहरू सधै गाइरहून् । तर आफू त वर्तमान समयको पनि अत्याधुनिक शान्ति प्रिय मानिस भएर होला -टालो भनेपछि सुन्दै घृणा लागेर आउँछ, घिन लागेर आउँछ, दिङदिङ् लागेर बबान्ता–समेत हुन खोज्छ हजुर ! अनि त सबै टालो कालो देख्छु । यसले मेरो गिदी खान्छ । यसैले म कालो कुखुराका साथमा, कालो मास, कालो फलाम–सहित कालो टालो दोबाटोमा लगेर मुन्साउन चाहान्छु सधैका निम्ति ......सधैं................सधैका लागि ।

......................टालो हजुर, यसले मेरो बुद्धि टालो, मेरो सीप टालो, मेरो कला टालो, मित्रता टालो, शान्ति टालो, सहयोग टालो, दयामाया र करूणा टालो, राष्ट्रको बजेट टालो, अनुदान टालो, विकास टालो, नेतृत्त्व टालो, हिँडने बाटो टालो, ~~अनुसाद टालो,~~ विकास टालो, नेतृत्त्व टालो, ~~हिड्ने बाटो टालो~~ प्राविधिक शिक्षा टालो, पिउने पानी टालो, मट्टीतेल टालो, खाने अन्न टालो, पिउने पानी टालो, पढ्ने किताब टालो, लेख्ने मसी र कलम टालो, बोल्ने मुख टालो, देख्ने आँखा टालेर अन्धो बनायो, स्वतन्त्रता टालेर पिँजडा भित्रै कक्न्यायो । टाल्दा टाल्दै कुन दिन हाम्रो खाने मुखै टाल्ला, श्वासलिने हावा नै टाल्देला । यसले त टाल्छ हजुर —टाल्छ,। यसैले तपाई हामी सल्लाह गरी यो अपराधी टालालाई सधैका लागि दोबाटोमा लगेर मुन्साइ दिऊँ । अझ यसलाई कहिल्यै नबौरिने गरेर दोबाटोमा खाडल खनी पुरिदि~~ऊँ~~औँ, टालाको चिन्तै  साफ, टालाको डर र त्रासै साफ, प्रष्ट भन्दा टालै खतम्, सबै टालो खतम टालो, खतम जति सबै टालो ।

## ४५.६ तातो

कुरो आयो तातोको, कति मान्छेको सातो गो । कतिको घरबार गयो, कतिको ज्यानै गयो । गयो मात्र हैन हजूर ! गएपछि घुम्ने धर्तीमा केही कुरा घुमिफिरी आयो । यही वसन्तको न्यानो र तातोले शिशिरलाई विदा गऱ्यो अनि त्यही न्यानो र तातोमा चरीले गुँड लायो-, मान्छेले घर बनायो ।

गुँड त चरीले लायो -लायो, यसमा कुनै शङ्कै छैन तर गुँड कतिको राम्रो र सुरक्षित बनाउन सक्छ अनि त्यसमा कति र कस्ता बचरा हुर्काउन सक्छ, यो कुरा चरीले दिने भुवाको न्यानोपनमा भरपर्छ, तातोपनमा भर पर्छ ।

सबैले भर पर्नुपर्ने तातोमा नै हो, जन्मनुभन्दा अगाडि आमाको गर्भमा नै चाहिने तातो, जन्मिएपछि अझ बढी चाहिने तातो, जति लाग्छ तातो हजूर त्यति नै बनिइन्छ बाठो । यसैले बढी तातो लगाउनुहोस् धेरै बाठो बन्नुहोस्, अरूलाई तातो लगाउनुहोस् ज्यादै बाठो बनाउनुहोस् । तर अन्ति बाठो बनियो भने पनि बाटो छोडिन्छ, बाटो छोडे खाइन्छ लाठो, त्यतिखेर जान्छ सातो अनि मात्र आउँछ बुद्धि लाग्छ तातो ।

तातो लाग्दै जान्छ, मन पोल्दै आउँछ, हृदय जल्न थाल्छ । माघ महिनाको ठन्डीमा समेत तपाईँको मन जल्न सक्छ, डढ्न सक्छ, तातो लागेपछि के पो हुन सक्तैन र फलाम पनि गल्न सक्छ, गलाउन सक्छ, बक्ल्न सक्छ, बाल्न सक्छ, पग्लन सक्छ, पगाल्न सक्छ, तातो लागेपछि मान्छे साँच्चै मान्छे बन्न सक्छ ।

बन्न सक्छ, तुन्न सक्छ, सिलाउन सक्छ, बन्न नसके बिग्रन सक्छ । नपत्याए जापानको हिरोसिमा र नागासाकीमा गएर हेर्नुहोस्, बिग्रेको हो कि सप्रेको हो आफै थाहा पाउनु हुनेछ । तातो लाग्दा लाग्दा अति भएपछि खती हुन्छ भन्ने प्रमाण त्यहाँबाट पाउनुहुनेछ । मान्छेमा मात्र हैन देवताकै पालामा गएर हेर्नुहोस् महाभारतको युद्धसम्म पुग्नुहोस्, इराकलाई हेर्नुहोस्, अझ नजिक आएर जम्बु काश्मिरलाई हेर्नुहोस्, त्यहाँ लागेको तातोले के भइरहेको छ । वरपरका घटनाहरूलाई मात्र देखाएर बत्तीका पिँधमा किन अँध्यारो पारौँ म । गौतम बुद्ध जन्मिएको वर्तमान मेरै जन्मभूमिलाई तातो लगाउनेहरूले अनि यिनलाई भगाउनेहरूले के गरी सके, के बनाइसके । बनाइ सके हैन तातोले जलाई नै सके । तर धन्य मेरो सगरमाथा !; तिम्रो शिरको हिउँलाई तताएर पूर्णरूपमा कसैले पनि बिलाउन सकेको छैन । जति हल्लायो, त्यति नै दरो मेरो सगरमाथा, धन्य ! धन्य !! सत्य अडेको छ, मेरो सगरमाथामा । मलाई चिनाएको छ मेरो सगरमाथाले, सगरमाथा छ, त्यसैले

म छु अनि जबसम्म सगरमाथा रहन्छ तबसम्म म पनि रहन्छु । यसैले मेरो अस्तित्त्व नै सगरमाथा हो, मेरो गौरव नै सगरमाथा हो, सारा नेपालीहरूको आस्था र विश्वास नै सगरमाथा हो । मेरो प्यारो सगरमाथा जो तिम्रो उचाइ, सुन्दरता र पवित्रताले गर्दा विश्वका सम्पूर्ण मानिसलाई एकपटक ~~एकपटक~~ दर्शन गर्ने वा आफूतिर आकर्षक गर्ने ततो तिमीमा रहेको छ जसलाई पृथ्वीका अन्य वस्तुसँग तुलना गर्न सकिदैन ।

हिमालमा तातो हुन्छ, हिउँले पनि तातो लगाउँछ अनि चिसोले पनि पोल्छ–भन्दा तपाईलाई भ्रम पर्न सक्छ तर भ्रममा नपर्नु होला । चिसो–भित्र पनि तातो हुन्छ आगाको ज्वाला निस्कन्छ, ठण्डा पानीका बुँदबुँदबाट आगाका झिल्काहरू निस्किएको देख्नु भएकै होला, नपत्याए बिजुलीको करेन्टको करामत हेर्नुहोस् । त्यसैले सदुपयोग गर्न जान्नुहोस्, वस्तुको उपयोगिता पत्ता लगाउनुहोस्, आफूले तातोको फाइदा लुट्नुहोस्, लुट्न नसके तातोले भुट्नुहोस्, अनि लाग्छ तातो ..................।

तातो लागेपछि बनिइन्छ रातो । तातो र रातो भएपछि त के नै पो चाहियो र ? नेपालीमा उखानै छ-'रातो-राम्रो, गुलियो, मीठो' यसमाथि तातो समेत थपिएपछि त के–के न हुन्थ्यो होला । के हुन्थ्यो हैन, के हुदैनथ्यो होला, सबथोक हुन्थ्यो । आकाशको रातो सूर्य कति तातो हुन्छ, यसको तापक्रम सुन्दै तपाइँको हिउँ जस्तो मन पनि भतभत पोल्न थाल्छ । मन पोल्नै पर्छ, मनमा तातो लाग्नै पर्छ अनि मात्र मान्छे केही सोच्न थाल्छ, केही गर्न थाल्छ अनि मात्र देशविकास हुन्छ, राष्ट्रको उन्नति हुन्छ । देशका सम्पूर्ण मान्छे तातेर देश निर्माणका लागि जुट्ने हो भने हाम्रो नेपाल पनि वर्ष दिन नबित्दै दास्रो स्वीजरलेन्ड बन्नसक्छ । तर हामी तातेनौं, हामी जागेनौं, हाम्रो तताई खालि आफै-आफैमा लड्ने भयो, एक आपसमा भिड्ने भयो । तात्न पनि हामी कसरी तातौं भनी अर्कालाई नै सोध्न पुग्यौं अनि मात्र हामी अरूकै इसारामा तात्यौं । 'उचालेका कुकुरले कहिल्यै मृग मार्दैन' भन्ने उक्तिलाई चटक्कै भुल्यौं । यसपछाडि त हामी आफै-आफैमा लुछा–चुँडी गर्न थाल्यौं । आफै हानाहान र तानातान गर्न थाल्यौं । राष्ट्रको ढुकुटी रित्याएर र नेपालीहरूकै पसिनालाई चुसेर, आफ्नै खल्त~~ल्ली~~ी लुटेर विदेशबाट ताता-ताता गोलीका बोरा-बोरा ओसार्न थाल्यौं, दिनमा मात्र भ्याइएन रातमा गर्न थाल्यौं, आफ्नै दाइको गला रेटी दिइयौं, आफ्नै भाइलाई गोली ठोकी दिइयौं । यसैले राष्ट्रलाई बन्धकीमा राखेर दुशासनको जालमा परी दोस्रो कुरूक्षेत्रको खेल खेल्न पुग्यौं अनि बुद्धिको तातोमा बिर्को लागेर महामूर्खको तातोले गर्दा जाडो भयो भनी आफ्नै घरलाई जलाएर आगो ताप्न पुग्यौं । संस्कृतमा उखानै छ -

“विनाशकाले विपरीत बुद्धि...।” तर खबरदार ! हामी सगरमाथाका सन्तानका बुद्धिमा बिर्को लगाएर लाग्दैन, यहस्याँ सगरमाथा आफै चुलिएको छ । त्यसैले यो गौतम बुद्ध जन्मिएको देशमा महाभारतको खेल खेल्ने अर्ती कसले दियो;? यस्तो खेल खेल्ने तातो कसले लगायो? त्यो हाम्रो परम् शत्रु हो, अनि जसले हतियार बनायो त्यो सबभन्दा ठूलो शत्रु हो, जसले हतियार बेच्यो त्यो हाम्रो अर्को शत्रु भन्–हो र जसले हतियार भित्र्यायो त्यो झन हाम्रो महाशत्रु हो । त्यसैले यी शत्रुहरूका इसारामा हिँड्ने तातो हामीमा जाग्नु हुदैन । यिनलाई मास्ने तातो हामीमा हुनुपर्छ, जसले हामीलाई लडाउने र भिडाउने खाल्डो खन्छ, उसलाई त्यही खाल्डामा लगेर कहिल्यै नबिउँझने गरी र नबिउँतिने गरी पुरी दिनुपर्छ । त्यसपछाडि मात्र हामी कसैको खुट्टामा उभिनु पर्ने छैन अनि–मात्र हामी परजीवी हैन स्वजीवी भएर स्वतन्त्रताको श्वास लिएर बाँच्न पाउने छौँ । यहाँका लाखौँ नदीनालामा सुसाइरहेको तातोलाई सारा नेपालीका घरघरमा पुऱ्याएर त्यसबाट नेपाललाई झल्झलाकार पार्न सके हामी अहिले नै एक्काईसौँ शताब्दी हैन बाईसौँ शताब्दीका मान्छे बन्ने थियौँ । त्यसैले हामीमा भएको तातोलाई ठीक ठाउँमा लगाउन सक्नुपर्छ । जानेमा तातो नै उन्नति र प्रगतिको जननी हो, नजानेमा ध्वम्सात्मक र विनासक पनि हो । यसको प्रत्यक्ष प्रमाण पानीबाट निस्कने करेन्ट ठीक सदुपयोग गर्न जानेमा सम्पूर्ण कार्यहरू सरल तरिकाले सुख र सुविधाका साथ सम्पन्न गर्न सकिन्छ तर उपयोग वा सदुपयोग गर्न नजानेमा सारा विश्व नै खरानी बनाईदिन पनि सक्छ । यसैले गर्दा नै भन्न सकिन्छ तातो नै ज्ञानको मुहान हो, केही गर्नलाई पक्कै तातो लाग्नैपर्छ ।

तातोबाट नै ज्ञान लिन सकिन्छ, बुद्धि बढाउन सकिन्छ अनि सीप सिक्न सकिन्छ किनभने हाम्रो जन्म तातोबाट भएको हो । दुई वस्तुको घर्षणको तातोबाट नै आगोको जन्म भयो । त्यस्तै दुई व्यक्तिको एक आपसको घर्षणबाट निस्किएको तातोबाट तपाई हाम्रो जन्म भयो । हामी बसेको धर्ती वा पृथ्वी पनि तातो सूर्यको एउटा चोइटा हो । यसैले हामीभित्र तातो छ, हामीसँग तातो छ, त्यो तातो कसैको गिदीमा बढी होला, कसैको मनमा बढी होला, कसैको मुटुमा बढी तातो होला । यसैले हामी सबैमा तातो अवश्यै छ । अनि त हामी पनि अलिक जाडो भयो भने हाम्रो तातो भाग्छ कि भनी हाम्रा दुवै हातले काखी अठ्याउन पुग्छौँ ताकि हाम्रो तातो कतै पनि भाग्नै नपाओस् ।

भाग्न नपाओस्, तातो लागिरहोस्, तातो लागेरै मान्छे गुटेनबर्ग, आइष्टाइन बन्न सकोस्, डार्विन, गोर्की बन्न सकोस्, टेरेसा र नाइटिङ्गेल बन्न सकोस्, शेक्सपियर, होमर र

व्यास बन्न सकोस्, गौतम र गान्धी बनेर शान्ति छाउन सकोस्, पारिजात फुलेर साहित्य हरस्हराउन सकोस्, पासाङ बनेर सगरमाथामा झण्डा फहराउन सकोस् । सारा विश्व अनि ब्रह्माण्डलाई नै शान्तिको तातोले ढाक्न सकोस्, विकास सिर्जना अनि निर्माणको तातो जताततै  लाग्न सकिोस् । सबैले आ-आफ्नो तातोलाई जोगाएर राखौँ, अनि आफ्नो तातो कतिबेला कहाँ आवश्यक पर्छ, त्यहाँ गएर पोख्न सकौँ, कसैले पनि कसैको तातोलाई दबबाउने प्रयास कहिल्यै नगरौँ ।

दबाउनुकोयसको सट्टा बरू कोसँग के तातो कति छ, त्यसलाई त्यहीँ रम्न र रमाउन दिऔँ । हरेक मान्छेसँग एक न एक तातो अवश्यै हुन्छ, एक न एक खुबी, क्षमता, सीप, कला अवश्यै हुन्छ । उसलाई त्यहीँ फुल्न दिऔँ, फल्न दिऔँ अनि उसको त्यही तातोको उत्प्रेरणाले अरूलाई पनि तातो लगाइदेओस्, तातो लाग्न सिकाओस्, सारा दुश्मनलाई तातोले नै जलाओस्, हजारौँ शत्रुलाई तातोले नै गलाओस्, मित्रता र भाइचाराको सम्बन्ध सम्बन्ध बढाओस् र शान्तिलाई बँचाओस् । तातो सबैको हितमा लागोस्, सबैतिर छाओस् विनासक हैन सिर्जनशील तातो सबैतिर छलागाओस्, कहिल्यै नसेलाउने तातो जागोस्, जो तातिरहोस्, सधैँ -सधैँ र अनन्त अनन्तसम्म ।

## ४५.७ भनेजस्तो

'म कुटेजस्तो गर्छु, तँ रोएजस्तो गर' भनेर सम्धी तर्साउने एकाध समयका उखानले अब 'म खाएजस्तो गर्छु तँ अघाएजस्तो गर' भनी आफ्नो रूपलाई पूर्णरूपमा परिवर्तन गर्नुपर्ने समय आएको छ ।–किनभने यो अनिकालको महामारी र महँगीले सगरमाथाको चुचुरोलाई पनि जितिसकेको यो समयमा भुँडी फुक्ने–गरी खाएर मोटाउनुभन्दा भुँडी सुक्नेगरी पटुका कस्नु बेस । यसैले म भनेजस्तो गर्छु, तपाई सुनेजस्तो गर्नुहोस् भन्ने मेरो आग्रह हो । हुन त हिजो आज बोलेका कुरालाई भनेजस्तो गरी सुन्ने स्रोता पनि कहाँ पाइन्छ र ! त्यस्तै सुन्नेलाई पनि भनेजस्तो वक्ता पाउनै मुश्किल । भनेजस्तो शब्दको हुँकारै ठूलो भनेजस्तो त भेट्टाउनै गाह्रो ।

गाह्रोभन्दा तपाईलाई लाग्ला घर तथा पाटीपौवाको गारो भनेजस्तो गरी बनाए त भइजान्छ नि, किन नपाउनु भनेजस्तो । तर यहाँ त गारो नलगाएका विशाल अनि भव्य पाटीका महलहरू छन् र यी महलहरू हावाको सानो झोक्काले पनि स्वर्गका परीजस्तै सरररर-सररर गरेर हावामा नै तैरिरहन्छन्, तरङ्गी रहन्छन् अनि कहिले–काहीँ एक आपसमा ठक्कर खाएभने जोडिन्छन्, एकान्तम्मा फुट्छन् । पाटीको मुख्य विशेषता भन्नु नै यिनै हुन् : जुट्नु, फुट्नु, टुट्नु, भुक्नु, र लुक्नु । यदि लुक्दालुक्दै कुनै दिन डाइनोसरको जस्तो बिलाउने रोगले सतायो भने पाटी-पाटीको भूँमरीमा पाटीकै अस्तित्त्व खै ? ।–यसैले बेलैमा बुद्धि पुऱ्याएर पाटीको गारो बलियो बनाउनु होला नि ! नत्र यहाँ त सुनामी मात्रै हुन कुनामी नै पल्टेला जस्तो छ । यता तपाइँ भनेजस्तो सुनामी ल्याउनमा व्यस्त उता अर्को भने जस्तो कुनामी ल्याउन व्यस्त । यता व्यस्त, उता व्यस्त, जतातत‌ै व्यस्तै-व्यस्त । यिनै व्यस्तै-व्यस्तको दुनियाँमा भनेजस्ता व्यस्तहरू भेला भए भने कुनामी र सुनामी मात्र हैन भनेजस्ता कसुनानी समेत भित्रिन बेर छैन । अनि भनेजस्ता कुसुनानी छानी-छानी र तानीतानी राख्न सक्नुभयो भने चाहिँ तपाईको जिन्दगी भनेजस्तो बन्ला, नत्र त 'कहाँ जान्छस् हराउने बिलाउने फेदमा' भन्ने उखान यथार्थ भएर उदाउने छ नि तपाईको जीवनमा ।

भनेजस्तो, भनेजस्तो के भनेजस्तो भन्ने प्रश्नको घोचो मेरा मुखमा तेर्स्याइदिनुभयो भने चाहिँ म पनि उत्तरका बिटाहरू भनेजस्तो गरेर दिन नसकौँला तर पनि भनेजस्तो भेट्नु त कति कठिन छ कति ?। म त भनेजस्तो त कल्पनै गर्न सक्तिन । यो नसक्नुका अगाडि र पछाडि पनि थुप्रै बिब्ल्याँटा र सब्ल्याँटा अनि उभिन्डा र कुभिण्डा कारणहरू छन् । ती–मध्ये पनि म तपाईलाई वर्तमान समयको मेरो आफ्नै ताजा खबर सुनाउँछु तर यो पनि

तपाईलाई भनेजस्तो नहुन सक्छ । यसैकारणले त मैले सुरूमै भनिदिएको छु - म–म भनेजस्तो गर्छु, तपाई सुनेजस्तो मात्र गर्नुहोस् । तपाई मात्र सुनिदिनुहोस् यो नै मेरा लागि आमाको न्यानो काखभन्दा पनि ठूलो लाख बन्नेछ ।

अँ कुरा के भने गाउँघरमा कामको चपेटाले गर्दा स्नातक तहसम्म त भनेजस्तो गरी पढ्नै पाइएन । स्नातक भनेजस्तो गरी पढ्न नपाए पनि स्नातकोत्तर तह चाहिँ भनेजस्तो गरी पढ्नलाई देशको मुटु वा राजधानी काठमाण्डौं छिरियो । तर; पनि पढ्नलाई भनेजस्तो कलेज त फेला पार्न सकिएन अनि पढ्नलाई एउटा कोठा त भाडामा लिनुपर्ने तर काठमाण्डौंमा जतातत्तै घरै मामत्र, त्यसैले भनेजस्तो ठाउँमा भनेजस्तो कोठा पाउनै मुश्किल । कोठा त बल्लतल्ल पाइयो तर के को भनेजस्तो हुनु अथवा तथवा बाससम्मलाई बसियो तर भनेजस्तो गरी यहाँ पानी नै नआउने, परियो फसादमा । कोही भन्छन् मेलम्म्ची, कोही भन्छन् सुन्दरी, राजधानी जस्तो ठाउँमा पानी छैन बाँच्ने के गरी । यहाँ त सबै कुरा खेलाँची मात्र रहेछन् र पिउने पानीका धारामा खानेपानी–मात्र हैन चबाउनु पर्ने चाना सहितको पानी पनि यहाँ झर्दोरहेछ ।

पानीमा चानाभन्दा तपाईलाई अग्ला हिमाली देश नेपाल ठन्डीले जमेर बरफ भयो होला र तिनै बरफका टुक्रा धाराबाट झरे होलान् । तर यहाँ त यसको कथा र व्यथा निकै लामो छ र यसको आफ्नै दुखेसो पनि छ । यसैले यो कुरालाई भनेजस्तो गरी नढाँटी भनौं भने ‘आकाश थुकी मुखमा छिटा’ त्यसैले यो कुरालाई यतिमा नै थाती राख्दै अरू नयाँ र ताजा भनेजस्ता खोज्नु पर्ला ।

अरू नयाँ भनेजस्ता खोज्नुपर्ला त भनियो तर जाने कता र भनेजस्तो हराएको छ कुन ठाउँमा अनि भनेजस्तो भेटिन्छ कहाँ ? कहाँ-कहाँका प्रश्नका थुप्राहरू भित्र म आफै हराउने भएँ भन्ने डर मलाई लाग्छ । डरैले होला मुटु मेरो धेरै छिटो - छिटो ढुक्ढुकाउन थाल्छ, आनायसै मुटु काम्न पुग्छ अनि सम्झन्छु मेरा मुटु त भनेजस्तो छ । शङ्काको लहरो झन् बढी झाँगिएर फैलिएको म पाउँछु र मुटुको उफ्राईलाई विचार गर्दा मेरो मुटु नै भनेजस्तो पाउन्न । मुटु नै मेरो भनेजस्तो छैन भने म आफू चाँहि भनेजस्तो छु कि छैन ? आफैलै आफैलाई प्रश्न गर्न मन लाग्छ । प्रश्नैप्रश्नको संसार जसले,, जहिले, जहाँ र जता पनि जस्तो सुकै प्रश्न सोध्न सक्छ तर त्यस्तो प्रश्न पनि त भनेजस्तो नहुन मनि त सक्छ नि । यदि भनेजस्तो प्रश्नै नभएपछि भनेजस्तो उत्तर दिन र उत्तर पाउन पनि त कठिनै पर्ला नि ।

पर्ला नपर्ला त्यो आफ्नै ठाउँमा छ तर पनि म सोचेर र विचार गरेर भन्न सक्छु-कसैलाई कुनै पनि कुरा, वस्तु वा चिज नै भनेजस्तो नहुँदो रहेछ; भनेजस्तो ज्यादै दुर्लभ रहेछ, यो जति व्यापक छ, त्यति साँगुरो पनि रहेछ । यसैले गर्दा भनेजस्तो भन्नु नै एक अर्थमा चित्त बुझ्नु हो, मन बुझ्नु हो । मन या चित्त बुझ्नु पर्ने कुरा पनि सानोतिनो कुरा त कहाँ हो र ! आफ्नो त चित्त बुझाउन नसकेको समयमा अरूको चित्त बुझाउन सक्ने त कुरै भएन ।

भए पनि नभए पनि म आफ्नै चित्तलाई आफै माझ्छु, राम्ररी धुन्छु, आफै सम्हाल्छु तर पनि बुझ्दैन आफ्नै मन, किन बुझ्दैन थाहा छैन मलाई, तर पनि मलाई लाग्छ, यो बुझाउँदा पनि बुझ्न नसक्ने मन सायद भनेजस्तो नभएर हुन सक्छ । यो मन नै भनेजस्तो नभएपछि मनको भाँडो वा शरीर पनि खै कसरी भनेजस्तो बन्न सक्ला र !? यसैले म आफै भन्न पुग्छु-कसैलाई केही पनि भनेजस्तो बन्न नसक्दो रहेछ अनि भनेजस्तो भन्दा 'भने' मा 'जस्तो' लगाउँदाको उपमा मात्र बन्दोरहेछ तर ठ्याक्कै मिल्ने वा उहीको उही रूपम भने बन्न नसक्दो रहेछ । यसैले 'भने'मा 'जस्तो' लागेर बनेको 'भनेजस्तो' भने सस्तो हुनुपर्ने तर महँगीले आफूलाई त्यति नै चुल्याइदिएको छ, अनि त साहित्यकारले भनेजस्तो साहित्य ~~साहित्य~~ सिर्जना गर्न नसक्दो रहेछ, पढ्नेले पनि भनेजस्तो गरी पढ्न नपाउँदो रहेछ र पढाउनेले पनि भनेजस्तो गरी पढाउन नपाउँदो रहेछ । जमिनदारले भनेजस्तो गरी जमिन पाउन गाह्रो छ, जनताले भनेजस्तो राज्य र स्वतन्त्रता पाउन झनै कठिन छ, त्यस्तै शासकले पनि भनेजस्ता जनता पाउन अझ सारोछ । यस्तै गरेर भनेजस्ताहरूको लाइन वा पङ्क्ति लगाउने हो भने यो पृथ्वीमा अन्य वस्तु नराखे हुन्छ, पृथ्वीमा एकसय असी मात्र हैन करोडौं अक्षांसका रेखाहरू बन्नेछन् । यसैले यी सारा भनेजस्ता कुराहरूलाई यहीं विश्राम गराएर हामीले आजैदेखि हाम्रो मनलाई भनेजस्तो बनाऔं, आफू भनेजस्तो बनौं अनि मात्र पाइन्छ भनेजस्तो, आउँछ भनेजस्तो........नत्र त भनेजस्तो..............।

## ५~~४~~.८ मीठो

सधै मीठो खाने र राम्रो लगाउने रहर कसलाई लाग्दैन र ! यसले गर्दा त होला नि तीतोभन्दा खुम्चिएको जिब्रो पनि मीठो भन्ने बित्तिकै निकै फड्कारिन्छ । तर पनि यो मीठो भन्ने शब्द भन्न जति सजिलो छ, पाउन या भेट्~~द्ध~~उन पनि त्यति नै दौडधुप गर्नुपर्ला क्यारे । कुरा जे होस् मनका लड्डु घिउसित खाने आजको मान्छेलाई मीठो भन्ने बित्तिकै निद्रादेवीको अँगालोमा बाँधिएर सपना देखिरहेको भए पनि झल्यास्स बिउँझाई दिन्छ । अनि म सोच्न बाध्य हुन्छु, सारा मानिसको मस्तिष्कलाई झक्झकाउन सक्ने र भक्भकाउन सक्ने यो मीठो के हो ? कतै यो मीठो-भित्रै हामी हराएका वा अल्मलिएका त छैनौं ~~!~~?

जब म यो धर्तीमा निद्राको सपनाबाट ब्युँझन्छु तब हावाको महलमा बसेर मनको डुङ्गामा तैरिँदै-तैरिदैं कल्पनाको संसारमा पौडन्छु । शिशिरमा कठ्याङ्रिएको पोथ्राले जस्तै हरियाली वसन्तको ~~–~~मीठो आगमनलाई कुरेजस्तो गरी कुर्न थाल्छु । अन्धकारमा बाटो हराएको कुनै यात्रीले झैं बिहानीको आशामा डुबिरहन्छु अनि भोकाएको मानिसले खानाको प्रतीक्षा गरेर बसेजस्तो गरी मीठोलाई कुरि~~री–~~रहन्छु । मानौं उजाडिएको र सुख्खा भएको धर्तीले पानीका थोपा-थोपाको आशमा रातभरि आकाशका पिलपिले ताराहरू गन्दै बसेको छ । पर्खाइ निरन्तर छ, आशाहरू त्यति नै तीब्र र प्रबल ~~–~~भएर देखा~~–~~परेका छन् मात्र मीठो खाने, मीठो सुन्ने, राम्रो हेर्ने, राम्रो लाउने, मीठो~~ै~~ मीठो~~–~~भित्र हरहराइरहने र हराइ~~–~~रहने, मीठाहरूभित्र सधै डुबिरहने । हो, यिनै इच्छा, आकांक्षा र चाहनाहरूलाई सँगाली रहेको छु, मेरा साथी एवं संगीहरू नै यी बनेका छन् र म सधैं मीठो बन्दै मीठोसँग निदाउँछु अनि मीठोसँगै ब्युँझिएर मीठासँगै सङ्घर्ष गरिरहेको छु ।

यो मीठो संसार र मीठो दुनियाँको मीठो पनि सायद एकैनासको नभएर अलग-अलग हुनसक्छ तर पनि मीठो चाहिँ सबैलाई नै मनपर्छ क्यारे । यसैले भन्न सकिन्छ कि जसलाई जे मनपर्छ जे राम्रो लाग्छ अनि उसको भित्री हृदयले नै ~~स्वीकार~~स्वीकार गरेर लिन्छ, सायद दुनियाको मीठो नै त्यहीँ होला । मीठोले आफूलाई कति व्यापक बनाएको छ, आफ्नो स्थायि~~त्त्व~~त्वलाई कति र कहिलेसम्म कायम गराउन सक्छ तर पनि मीठो सबैको मनपर्ने वस्तु हो, आत्माले स्वि~~वी~~कार्ने चिज हो अनि समय र परिस्थिति~~–~~अनुसार आफ्नो महत्त्वलाई प्रदर्शन गर्ने स्या समयकै माग र चाहनामाथि भर पर्ने सबैको प्यारो वस्तु~~मः~~ केही चिज हो । त्यसैले मीठालाई समयले बाँ~~च्छ~~छ, परिस्थितिले गाँज्छ, इच्छा, आकाङ्क्षा र महत्त्वले फरक पार्छ । भनाईको मतलव निद्राले सताएको समयमा ओछ्यान वा विस्ताराभन्दा मीठो अरू केही पनि

हुन सक्तैन तर भोकले व्याकुल बनाएको समयमा ओछ्यानभन्दा एक डल्लो मकैको ढिँडो नै धेरै मीठो हुन्छ । यसैले त गह्रौं भारी बाकेर उकालाको टुप्पोमा पुगेर चौतारोमा भारी बिसाएर एकहात कम्मरमा र अर्को हात चिउँडोमा राखी सखुइय...गर्दै एक भरिया भन्छ– "कति मीठो बतास । यसै गरी दुनियाँलाई फोस्रोम बोलीका आश्वासनहरू बाँड्दै-बाँड्दै जाँदा घुम्ने कुर्सीमा पुगेका एक नेता चिल्लो पजेरोमा कुँदेर एउटा चुरोट च्याँपेपछि कसैका कानमा सुटुक्क भन्न पुग्छन् 'क्या मीठो जिन्दगी ............ ।'

चाहे भरियालाई बाध्यताको बतास मीठो लागोस् चाहे नेताजीलाई दुःखको संसारलाई भुलेर तरिकाको घुम्ने कुर्सी र चिल्लो पजेरोमा बस्दाको जिन्दगी मीठो लागोस् । यो मीठै मीठाले भरिएको संसारमा मीठो चाहिँ सबैलाई मीठो लाग्नु यो चाहिँ मानवदेखि लिएर दानबसम्मको साझा र महान् गुण भइदिएको छ । यसैले गर्दा मलाई एकैछिन भएपनि यी दुनियाँका मीठाहरूलाई भट्याउन मन लाग्छ र आँखाको पट्टी एकैछिन खोलेर कुर्लन थाल्छु, सायद यो मेरो आफ्नै विशेषताको मीठो होला । तर म आफ्नो मीठोलाई आफ्नै मनभित्र राखी तपाईहरूको मीठो पस्किँदै छु, ध्यान दिएर सुन्नुहोस्, सुन्न नसके गन्नुहोस्, यो पनि नसके बुझ्नुहोस्, मात्र बुझिदिनु–भयो भने यो नै तपाईको मीठो बन्नेछ । यसैले त मलाई ठूले स्वरले दिल खोलेर भन्न मन–लाग्छ - खेलाड्जुवाडीलाई तास मीठो, बटुवालाई बास मीठो, भतुवालाई भात मीठो, एक्लालाई साथ मीठो;; सुताहा अल्छीलाई सपना मीठो, मायालुलाई सम्झना मीठो, कविजीलाई कल्पना मीठो;; गफाडीलाई गफ मीठो, गणितलाई रफ मीठो, कामदारलाई जस मीठो, बाभ्मे झगडियालाई रिस मीठो, सर्पलाई विष मीठो, प्रेमिकालाई किस मीठो, पालेदाईलाई घण्टी मीठो, पुलिसलाईई लट्ठी मीठो, कर्मचारीलाई जागिर मीठो, विद्यार्थीलाई हाजिर मीठो, व्यापारीलाई नाफा मीठो, लेखापाललाई खाता मीठो, आसमीलाई भाका मीठो, मन्त्रीज्यूलाई कुद्न पाए कार मीठो, गोरुरूलाई खान पाए लार मीठो, महिलालाई लगाउन पाए हार मीठो । यो मीठैमीठाको दुनियाँ, मीठैमीठाको संसार मलाई त लाग्छ यहाँ जताततै मीठो नै मीठो उम्रिरहेछ, मीठोले नै यो धर्ती र आकाशलाई ढपक्कै ढाकेको छ, छपक्कै छोपेको छ, यसैले मीठो खोज्नुभन्दा अगाडि धर्ती उधिन्नु पर्छ, पाखुरी बजार्नु पर्छ, पसिना चुहाउनु पर्छ, दिमाग लडाउनु पर्छ । भन्छन् -'मपहिलेको तीतो पछिको मीठो' हो साँच्चै नै सुख कमाउन दुःख गर्नैपर्छ, नाम वा केहीी कमाउन पनि केही गुमाउनै पर्छ, हाँस्नुभन्दा अगाडि रूनु पर्छ । पानीको सङ्घर्षबाटै उज्यालो बत्ती बल्छ, त्यस्तै मानिसको कर्मबाट उसको जीवन ढकमक्क फुलेर मीठो वासना दिन थाल्छ । कहिलेकाहीँ

वासनाको सट्टा गन्ध र दुर्गन्ध फैलिएर नाक खिऱ्याई दिन्छ । त्यसैले मीठोको लोभमा परेर महको दहभित्रको मौरी र बत्तीको रस चुस्न खोज्ने पुतलीको हालतलाई सधै शिरोधार्य गर्न भने नभुल्नु हो ला नि !

भुले पनि झुले पनि दिनभरि डुलेर भए पनि यति धेरै मीठा–भित्रको एउटा मीठो चाहिँ घर जाँदा पक्कै लिएर जानुहोला । त्यति गर्नुभयो भने तपाईलाई पनि तपाईकी श्रीमतीले मीठो मुस्कानले स्वागत गर्नेछिन्, दिनभरिको दुःख र थकाइलाई एकैछिन भए पनि हर्नेछिन् ।

हर्ने, भर्ने, गर्ने सर्ने र चर्नेहरूदेखि भने सधै सजक रहनु–होला किनभने जरूवाको पानी खाएर मीठो बाँड्नेहरूले कतिलाई सरूवाको सिकार–समेत बनाइसकेका छन् । मीठो खोजी खानेका धूनमा लागेर यस्तो फन्दामा पर्नु–भयो भने मीठो–माथि मात्रै हैन तपाईको जिन्दगीसँगै प्रश्नचिन्ह खडा हुनेछ । त्यसैले आफै सोच्नुहोस्–, मनन गर्नुहोस्, ; बुद्धि लगाउनुहोस्; र मात्र मीठो खोज्नुहोस् नत्र भन्छन् नि 'चोक्टा खान गएकी बूढी झोलमा डुबेर मरी', बाबा ! यो वाक्य पुनः नदोहोऱ्याऔं ।

मीठो, स्वादिलो र रूचेको मन परेको भन्नु सायद एउटै होला । कोमल हृदय भएकाहरूलाई साहित्यको 'रस' मीठो लाग्छ रे । मतलव साहित्यानुरागीहरूलाई साहित्य मीठो लाग्ला, साहित्य नबुझ्ने वा बुझ्न नचाहनेहरूलाई तरकारीको रस मीठो लाग्ला । तर पनि साहित्य मीठो, हुन्छ, साहित्य मीठो, हुनुमा पनि त्यसको रस अनुसार नर लिनेले पाउने स्वादमा भर पर्दछ । कुनै समयमा क्रन्दन, रोदन, आँशु र पीडाहरू पनि मीठा हुन्छन् । माधव घिमिरेको 'गौरी' मा आँशु छ तर पनि गौरी कर्णप्रिय र मीठो छ । यसैगरी देवकोटाको 'मुनामदन' मा पनि विछोडको पीडा उत्तिकै उर्लिएको छ तर त्यहाँ पनि लोक नै मीठो छ । यसैले त अरू समयमा मन नपर्ने पीडा साहित्यमा ज्यादै मीठो बन्दोरहेछ । सायद साहित्य नै मीठो–भित्रको महान् मीठो भएर होला ।

साहित्यकै फाँटमा कलम चलाउने एक कविले आफ्ना कवितामा मीठोका सम्बन्धमा भनेका छन्-"बोली हुन्छ मीठो तोते बालकको मैतालुको झन मीठो..........।" यसरी कविलाई मधुर वाँणीहरू मीठा लागेका छन् । यसैगरी महाकवि देवकोटाको प्रसिद्ध महाकाव्य 'शाकुन्तल'को सुरूमा नै भनिएको छ -'मीठो लाग्छ मलाई त प्रियकथा प्राचीन सम्झाउने, मीठा व्यञ्जन.............।' यसरी कविलाई महाकाव्य निर्माणमा व्यक्त भएका कुराहरू वा शव्दहरू मीठा लागे । ती शब्दहरू हामीले हमीले सुन्दा अझ मीठा लागे । यसैगरी एक

समालोचक भन्छन् .........'जिन्दगीको हरेक पल वा क्षणक्षणको यथार्थ भोगाइ नै वास्तत्वमा मीठो हुन्छ ।' त्यसैले त भन्न सकिन्छ- मीठो सुख, शान्ति र ऐश्वर्य मात्र हैन, दु:ख, क्रक्रन्दन, रोदन र चित्कार पनि हो ।

फरक छ यो संसार, अचम्म छ यो दुनियाँ अनि भिन्न छ यो संसार र मान्छेको मन । यसैले त कसैलाई तास मीठो लागेको होला, कसैलाई सास र अझ कसैलाई त लास र अझै नढाँटी भन्नु पर्दा अरूको भर परेर खान पल्केकाहरूलाई त पूर्व र पश्चिम दुवै हात फैलाएर दक्षिणतिर फर्की 'आँ'...........मुख बाउँदाको आश मीठो होला ।

चाहे तास मीठो होस् या आश र सासा मीठो होस्, भोकाएको समयमा गाँस मीठो होस्, यस्तै बाध्य भएर गर्मी मुलुकमा गएर पसिना काड्दै हजारौँ बुद्धका सन्तानहरूले सिमेन्टका बोराको बोक्ताको जिन्दगी मीठो होस् अथवा शान्ति भन्दै झोली–भरि गोली बोकेर क्रान्तिको आवाज घन्काउदाको जिन्दगी मीठो लागोस् । यस्तै गरेर सीता र भृकुटीजस्ता  का हजारौँ दिदीबहिनीहरूलाईको बाध्यताकाले छलिएर र ठगिएर पुगिएको कालोकोठरीको नारकीयि जीवन मीठो लागोस् तर मेरो त जिन्दगी पिँजडामा थुनिएको सुँगा हैन्, स्वच्छन्द आकाशमा स्वतन्त्र भएर उड्ने चरा हो अनि जीवन मेरो बन्धनको कालो कोठरी हैन नदीमा पौडने स्वतन्त्र माछाको हो । यसैले त मलाई पनि परिश्रमकै फल चाहिँ सबैभन्दा मीठो लाग्छ । यसैले म स्वतन्त्रताको नाममा परिबन्धको फलामे साङ्लोमा जकडिएर र विशाल महलमा बसाएर अनि थालभरि सजाएर महाराजलाई दिएको चौरासी व्यञ्जनभन्दा त स्वतन्त्त रूपमा हाँस्दै खेल्दै र पौड्दै माछाले खाने लेउ नै मन पराउँछु र मलाई लेउ नै मीठो लाग्छ । आफ्नै मिहिनेत र परिश्रम मीठो लाग्छ, सधैंभरि श्रम गरेर निस्केका आफ्नै पसिनाका थोपा-थोपा मीठो लाग्छ, धेरै मीठो........... अति मीठो...........ज्यादै मीठो..............मीठो अति मीठो...............।

## ~~४.९~~ ५.९ मुटु

मेरो विश्व, मेरो देश, मेरो राष्ट्र, मेरो मुटु सधैं ढुकढुकाई रहन्छ, मेरै छातीभित्र । छातीभित्रको सानो मुटु, मुटुभित्रको ठूलो माया, मायामा अडिएको विश्व ब्रह्माण्ड, यो सारा संसार दिन बित्छ उजेलीमा, रात बित्छ अँधेरीमा, सानो मुटु छातीभित्र चलिरहन्छ निरन्तर आफ्नै गतिमा । बनौट सानो तर काम ठूलो, यसैले मुटु अत्यन्त सुरक्षित ठाउँमा रहेको छ । मुटु सुरक्षित या मुटुले गर्दा हामी सुरक्षित, म यी दुवैको दोसाँधमा उभिएको छु अनि आफ्नै ढुकढुकाइरहेको सानो मुटुलाई ~~ह्छ~~छाम्छु र भन्छु - मुटु साँच्ची नै सुरक्षित छ त ?

मुटु सुरक्षित छैन, हामीले यसलाई सुरक्षित बनाएर राखेका छौं । मुटु सबैभन्दा कमलो चिज वा अङ्ग हो । हड्डीदेखि पनि भित्र मुटु उफ्रन्छ नथाकेरै लगातार-लगातार ।

सुरक्षित मुटु, म आफै छक्क परेको छु र आकाशमा हेर्छु, बम गोला, बारूद र बन्दुक ~~र~~बोकेर बिमानहरू हावामा तैरि~~रि~~रहेछन् । सुनसान शान्त वातावरणको मुटु नै चिर्ने गरी हुँकार छोडेर जेटहरू गर्जी रहेछन्, धर्ती हल्ली रहेछ, आकाश थर्कीरहेछ, बन्दुकहरू डुक्रिरहेछन् । उफ्र ! मेरो मुटु मभन्दा पनि अझ बढी आफै काँपि~~पी~~ रहेछ तर पनि म भन्छु मुटु मेरो सुरक्षित छ । सुरक्षित भन्छु यो एउटा सान्त्वना हो, झिनो र मक्काएको आशा हो । आशैआशामा बाँचेको मान्छे, आशैआशामा हिँडेको दुनियाँ । आशाहरूमा आशा बन्दै आशैको भारी आशामा लगाएर बोक्छ मान्छे, आफ्नै छ~~त~~ाती~~–~~भित्रको मुटुभरिभरि सँगाल्छ, अनि~~ज~~ आशाहरू । कयौं आशा कल्पना र आकांक्षाहरूलाई अटाउन सक्ने यो मुटु, यो सानो होइन बिशाल ब्रह्माण्ड हो । यहाँ जे पनि अटेको छ, जे पनि अटाएको छ तर पनि यसलाई फेर्न मिल्छ, छेड्न मिल्छ, टाल्न मिल्छ, गाल्न मिल्छ, पगाल्न मिल्छ, मुटु पग्लिएपछि मान्छे सिर्जनाको शिखरतिर चढ्न सक्छ, विश्वको मुहार नै पूर्ण रूपमा फेर्न सक्छ ।

मुटु पग्लिन्छ, पग्लिएर तप्त~~नप्त्त–~~पाउँछ मान्छे साँच्ची मान्छे बन्छ, मिल्टन बन्छ, सेक्सपियर बन्छ, देवकोटा बन्छ, ह्याम्लेट र शाकुन्तल बनेर अरू मुटुहरूलाई पगाल्छ । एउटा सानो कोठामा बसेर विश्व–विचरण गराई–दिन्छ । मुटु कसैको फोरिन्छ, मुटु कसैको जोडिन्छ, कसैको मुटु तोडिन्छ । अभ~~म्फ~~ भनौं भने कति मुटु भक्कानिन्छन्, कति चक्कानिन्छन् त कति अमिलिन्छन् पनि । त्यसैले त मुटुमा कसैका टाउका फोरिन्छन्, कतिका मित्रता र नाता तोडिन्छन् भने कतिका मित्रता जोडिन्छन्, मिलनलाई टुटाइदिन्छ, जस्तो सिकाउँछ मुटुले त्यस्तै गर्छ मान्छे, मुटु जस्तो छ त्यस्तै बन्छ मान्छे ।

मुटुले बनाउँछ मान्छे, कोमल मुटुका मान्छे दयालु बन्छन्, दयालु मान्छेको मुटु कोमल हुन्छ तर मुटु कठोर पनि हुँदोरहेछ अनि मानिसको मन र स्वभावै कठोर हुँदोरहेछ अनि बाध्य भएर भन्न कर लाग्छ-'मुटु पत्थरकै रहेछ ।'

मुटु पत्थरको होस् या नौनीको होस् तर पनि त्यसमा रगत भरिएको हुन्छ । रगत, अँ, रगत यो त पक्का रातो हुन्छ, रातै हुन्छ । म विश्वास गर्दिन यथार्थको महल ढल्न पुग्छ, कालो सर्प दुलाबाट चियाउन थाल्छ । कालो रगत यताउता सल्बलाउन थाल्छ, कालो रगतले मुटु भरिएकाहरू, छ्यासछ्यास्ती देखा पर्दै रातो रगतका मुटुलाई टोक्न थाल्छन् । रातो मुटु खानेहरूको मुटु कालो हुँदोरहेछ, कालो मुटुभित्रको रगत झन कालो, देख्नु भएन हरियाली जङ्गल रातो ज्वालाले चाटेपछिको कालो मरूभूमि बनेको । मरूभूमि उजाड भूमि ~~भूमि~~ बनाउने र देख्ने पनि यही मुटु बालुवाका कण-कणमा हीरा बनाउने र देख्ने पनि यही मुटु ।

देख्ने पनि यही मुटु, छेक्ने पनि मुटु, लेख्ने पनि मुटु, लुक्ने, भुक्ने, झुक्ने, ढुक्ने र दुख्ने पनि मुटु । दुख्ने मुटुभन्दा तपाईंहरूलाई लाग्न सक्छ, हरियाली वसन्तलाई सहजै निलेर उजाड शिशिर ओकल्ने यति दरो, यति कठोर मुटु कसरी दुख्छ, कसरी झुक्छ र कसरी लुक्छ? अझ गायकहरू गीत गाउँछन्: "पत्थर भए रसाउँदो होला निष्ठुरी तिम्रो मन .....।" नरसाउने मुटु, नपग्लिने मुटु र दयामाया नभएको मुटु, कति कडा छ, चट्टानभन्दा पनि

कडा । कडाहरूको मुटु कडा होला, कालो मुटु, निष्ठुरी होला, कालो रगत निर्दयी होला तर म त नेपाली हुँ, मैले मेरो मुटुमा मातृभूमि बाकेको छु, मेरो राष्ट्र बोकेको छु र सारा विश्व ब्रह्माण्ड नै अँगालेको छु । मेरो त रगत रातो छ, त्यसैले यहाँ नसानसामा विश्व-ब्रह्माण्ड नै सल्बलाएको छ । माया, पिरती र मित्रताको धड्कन धड्किएको छ सगरमाथाको उचाई समानताका लागि चुलिएको छ । आलो खुनले धर्तीको मुहार चट्टानमा पोतिदिएको छ । मुटु नै धर्तीलाई मायाले छपक्कै छोपेर घोप्टिएको छ । यसैले होला मेरो मुटु कमलो छ, ज्यादै कमलो अनि त सानो घटनाले पनि च्वास्स घोचेर दुख्छ मुटु । यो मेरो मुटु दुखेको, मेरो राष्ट्रको मुटु दुखेको, मेरो मातृभूमि र मेरो प्यारो धर्तीको मुटु दुखेको हो । यसैले त मेरो राष्ट्रको मुटु कहिले बाइसे र चौबीसे भएर दुख्यो, खलङ्गा र नालापानी भएर दुख्यो, मुटु दुख्दो छ र यसलाई ऐठन हुँदोछ । सात साल र सत्र साल दुख्यो, छत्तीस र छयालीस पनि दुख्यो, पचास सालमा त्रिशुली दुख्यो, यस्तै गरेर अन्ठाउन्न सालमा यही देशको राजसिंहासन

दुख्यो, जो यथावतै भएर दुःखिरहेछ । सायद देशको मुटुमा क्यान्सर लागेको हुनुपर्छ, मुटुको क्यान्सर हटाउन मुटु फेर्नुपर्छ । क्यान्सर लागेको मुटुको रगतमा बारूद र मदिराको गन्ध आइरहेछ, यसलाई हटाउनु पर्छ । अर्कै स्वच्छ, सफा र पवित्र रगत भएको मुटु राख्नुपर्छ । जुन रगतमा देशको माया उर्लिएको होस्, राष्ट्र प्रेममा छाती ढुक्कुकाएको होस्, स्वतन्त्र भएर मुटु–भित्रको रगतले शरीरका अङ्गप्रत्यङ्गहरूमा परिवहन गरिरहन सकोस् अनि एक नेपालले अर्को नेपालीको मुटुको धड्कन सुन्न सकोस् ।

धड्कन नै मुटुको माया हो, माया नै राष्ट्रको बफादार र कर्तव्य हो । यसैले तपाई हाम्रो मुटु आफ्ना छोराछोरीका लागि पग्लिएको मुटु राष्ट्रकै लागि पगाल्न सक्नुपर्छ । आखिर मुटु सबैको मुटु नै हो । यसैले यो मुटुमा सबैले सङ्लो माया र पिरती बोकेर एकैसाथ हातेमालो गरेर अगाडि बढ्नु—पर्छ । नथाकी निरन्तर ...——....निरन्तर.....मुटुको धड्कनसँगै ...——————————।

## ५.१० ५.१० हा ! हा !!

हा ! हा !! मेरो हा ! हा !! सुन्दा तपाईंहरूलाई सायद यसले त्यसै-त्यसै खिल्ली उडाउन लाग्यो भन्ने ठानी तर्सन खोज्नु–होला तर तपाईहरू नतर्सनुहोस् र नआत्तिनुहोस्, मैले हा ! हा !! भनेर न हाहाको न तपाईहरूको खिल्ली उडाउन खोजेको हुँ। म त खाली हा ! हा !! लाई तपाईहरूसमक्ष हा ! हा !! को परिचय मात्र गराउन आइरहेको छु ।

नेपाली भाषाविज्ञानको –अध्ययन–अनुसार ध्वनि विज्ञापनमा हलिगोडे 'ह'का साथमा 'आकार' आएर उच्चारण दुई पल्ट गर्दा हा ! हा !! ध्वनि भनौं या शब्ब्द –बन्दो रहेछ । हाहालाई प्रयत्नको आधारमा वर्गीकरण गर्दा संघर्षी र उच्चारण स्थानको आधारमा वर्गीकरण गर्दा स्वरयन्त्रमुखी हुने यो युगल जोडीलाई घोषत्वको संघोषीय र प्राणत्वको आधारमा महाम्प्राण वर्गमा पर्न आए तापनि यो युगलले विश्मयादि वा आश्चर्यजनक अन्भ्ययको समेत काम गरेको पाईन्छ ।

चाहे जुन वर्गमा परोस् हा ! हा !! शब्ब्दलाई प्रयोग नगर्ने मान्छे आजको जमानामा सायद कमै होलान् र त सानो बच्चालाई पनि हा–-हा गरी फकाउनलाई कसैले त्यति मिहिनेत गरिरहनु पर्दैन । यो आजको विश्व, यो आजको दुनियाँ र संसार म त युगैलाई कम्प्यूटर युग नै मान्थें र यो जमानामा मान्छेको सट्टा मेसिनलबे काम गर्छ र मान्छेले फुर्सद पाउँछ भनेर मख्ख ! तर कहाँ ? कम्प्यूटर त मान्छे नि रहेछ, मेसिन त यो सबै दुनिया रहेछ, अनि मान्छे मेसिन रहेछ । मान्छेलाई फुर्सद छैन एक —अर्कासँग भलाकुसारी गर्न; । मान्छे केवल कामको भिीडले कानो गोरू झैं भइरहेछ औंसी र पूर्णिमा छुट्याउन नसक्ने । मलाई त लाग्छ मान्छेले आफूलर्झे आफैलाईसम्म हेर्न भ्याएको छैन । फुर्सद छैन र केबल हेरिगए पनि आफूलाई आफैले नचिन्ने दुवै आँखा सद्दे छँदाँ-छँदैको अन्धो बत्तीनिरहेछ अनि अर्काको कुरा गरेर आफ्नो मानु पचाउने बानी परेको यो जमानाको मान्छे, तपाईलाई थाहा छ, होला ? उत्तरतिर काम भए दक्षिणतिर कुलेलाम ठोक्ने जस्तो । अनि त तपाईलाई पनि फिस्स हाँस्न मन लाग्छ होला, चाहे खित्का छोडेर हाँस्नुहोस् तर हाहा त पक्कै गर्नुहुन्छ । यस्तै छ दुनियाँको हालसालको आलो र ताजा खबबर तर यो हाहा त पुरानो होला है । यस्तै मान्छेका चर्तिकला र काम गराइका टेडा-मेडा कुराबाट त यो हा ! हा !! को जन्म भएको हैन कुन्नि है मलाई त शङ्कै लाग्छ किनभने एकजना ठूला विवेकी विद्वानले सबै जनावरको पुच्छर सोझो-सोझो तर यो कुकुरको किन बाङ्गो भनेर सोझ्याउनलाई ठूलो बुद्धि खियाएर बाँसको एउटा ढुङ्ग्रोमा लगाएर अब त सोझो भयो होला भनी ठीक १२ वर्षपछि हेर्दा त

कुकुरको पुच्छर ~~सर्~~-बाङ्गाको बाङ्गै । अनि त बिचरा ती विद्वान पनि के पो गरून र, अर्को उपाय केही नदेखि हाहा गरेर हाँस्न पुगेछन् । तपाई र मैले पनि यो उनको हाँसो सुनेर सोधेको त उनले आफ्नो यति ठूलो बुद्धि लगाएर गरेको वैज्ञानिक परीक्षण असफल भएको नाली-वेली सुनाएपछि तपाई र म पनि हा ! हा !! गर्न पुगेछौँ ।–अनि हामी सबै; सबै-सबै-सबै हा ! हा !! दुनियाँ नै हा ! हा !! संसार हा ! हा !! हैन ए मित्र ! यस दुनियाँमा हा ! हा !! भन्दा प्यारो वस्तु अरू कुनै छैन, नत्र किन हा ! हा !! को यत्रो गुन्जयमान । यी साँझका जम्बुहरूको पनि एकछत्र राज्यै रहेछ क्यार, यति शान्त साँझलाई पनि हुइया-हुइ -गर्दै आफ्ना पूर्खाको बिँडो थाम्ने हा ! हा !! नै त हैन ?!

हामीहरूका पूर्खाहरू कति वीर र कति बहादुर, छातीमा पराईको तातो गोली लाग्दा पनि हा ! हा !! गर्दै भुईमा लड्थे रे, बहादुरीको तक्मा लगाउँथे रे, विजय उत्सव मनाउँदै हर्षोल्लासमा हा ! हा !! गरेर । यो नै पुर्खाहरूको वंशानुगत गुण सरेर त होला नि, हामी पनि हिजो–आज प्रेमी-प्रेमीका भएर सानो कोठरीमा बसी अरूको खिल्ली उडाउँदै हा ! हा !! गर्छौं अनि पुर्खाको जस्तो तातो हैन बोतलको चीसो खाएर भए पनि विजय उत्सव मनाई–दिन्छौँ । लडाइं लड्न त हामी सक्तैनौँ तर डराउँदैनौँ पनि बरू भागी–दिन्छौँ । बसी-बसी हामी टाइ र कलरहरूमा हतियारले सझिन सक्छौँ तर उठ्न हामीलाई मन लाग्दैन, अल्छी नै लाग्छ त कसरी भनौँ तर जाँगरचाहि पटक्कै नचल्ने भइसकेका छौँन् । हामी त अरूको सुरमा र तालमा मात्र नाच्ने नर्तकी बनि सकेका छौँ । हामी अरूले भनेका कुरामा मख्ख पर्छौं र त्यहीँ भुलिएर आफूलाई विर्सिदिएका छौँ । त्यसैले त हामीले बूँढी आमैले घरमा बिस्कुन सुकाउँदा आँगनमा बसेर भँगेरालाई हा ! हा !! गरेको सुन्दा लठ्ठ भइदिएर निदाईदिन्छौँ अनि बालक रूँदा आमाले बालकलाई फकाएर भुल्याउनका लागि झोलुङ्गामा लगाएर नानी हा ! हा !! भनेको सुरीले स्वर सुन्दा पनि हामी मख्ख भएर टोलाई दिन्छौँ र आनन्दले थपडी बजाइदिन्छौँ । यसैले गर्दा होला नि यो नानीदेखि लागेको बानी आफ्नै आमाले घोकाएको पहिलो शिक्षा पाएर हिजो–आज पनि हामी मन्त्री आउँदा स्वागत गर्छौं हा ! हा !! गर्दै, थपडी मार्दै अनि भाषणका क्रममा पनि बीच-बीचमा ताली बजाएर । अब त मन्त्रीलाई पनि चित्त बुझेर स्वागतले घैँटोमा घाम लाग्दा मुसुक्क हाँसेर ~~२-४~~ दुई-चार शब्द कोशेली पस्किदिन पुग्छन् हा ! हा !! गर्दै मुस्कानका । अनि मन्त्रीलाई पनि हामी विदाइ गर्छौं हा ! हा !! गर्दै अघिकै उही चालामा । मन्त्री पनि विदा हुन्छन् कत्रो खुशीयाली छाएको हा ! हा !! चेहराले धपक्क बल्दै, तर यो हा ! हा !! कस्तो हुने हो ? या

त बुढी आमैले भँगेरा तर्साउने हा ! हा ‼ हुने हो या त आमाले बालकलाई फकाउने मीठो र सुरिलो हा ! हा ‼ हुने हो । यो हा ! हा ‼ जनताले मन्त्रीलाई तर्साउन गरेका हुन् या मन्त्रीले जनतालाई फकाउने –हा ! हा ‼ गरेका हुन् ? या जनताले भँगेरालाई बुढी आमैले तर्साएर भगाएजस्तो गरी विदा गरेका हुन् ? या त यो हा ! हा ‼ गरेर नानीलाई भुल्याउने मन्त्रीको विदाका बेलाको मीठो कोशेली मात्र हुने हो । यो त तपाईहरू आफै जान्नुहोस्, सोच्नुहोस् र आफै बुझ्नुहोस् किनभने मेरो काम त मन्त्रीको भाषण छाट्ने हैन केवल हा ! हा ‼ को परिचयसम्म गराएर हा ! हा ‼ लाई चिनाउने प्रयाससम्म गरेको छु, यो सानो हा ! हा ‼ तपाईसमक्ष ।

तपाईलाई त यो खाली हा ! हा ‼ भनेको सुन्दा यो हा ! हा ‼ त उसकोमात्र पेवा रहेछ कि ?! क्या हो भनी रिस उठ्यो होला तर त्यो तपाईको सोच बदल्नुहोस् र विचारलाई परिवर्तन गरिदिनुहोस् किनभने यो हा ! हा ‼ त मेरो मात्र कहाँ हुन्थ्यो र ! यो त मेरो पनि तपाईको पनि, यिनको पनि, उनको पनि, यसको पनि र उसको पनि अनि सबैको अधिकार बराबर भएको हुनाले त होला नि तपाई यो जमानामा आइपुग्दा पनि अझै तपाईकी आफ्नी श्रीमतीले छोरा पाइदिएकोमा मीठो हा ! हा ‼ को मुस्कानमा बधाइ दिनुहुन्छ अनि तपाईका आफ्नै श्रीमान्लेको परचक्रीको पाउ पखालेर खाएको पानीले ल्याएको गहना लगाउन पाउँदा मुसुक्क हाँसेर नै श्रीमान्लाई पहिलो सौगात हा ! हा ‼ को नै पस्कीदिनुहुन्छ, । खुशीयालीका सीमाहरूलाई नयनभरिभरि बोकेर । अनि युगलहरू पनि भेटको खुशीयालीमा सबैभन्दा पहिले हा ! हा ‼ को नै मुस्कान छर्न पुग्छन् भित्री हृदयदेखि, मनको गहिराई–देखि ।

यो हा ! हा ‼ सुन्दा-सुन्दा तपाईलाई लाग्यो होला यो हा ! हा ‼ खुशियाली र रमाईलो क्षणको प्रतीक हुन–सक्छ तर तपाई त्यति माम्त्र भनेर यसलाई पूरा गर्न भने पाउनु हुने छैन । किनकि यो हा ! हा ‼ भित्र त अचम्मका बिडम्बनाहरू पनि छन् । रोदनका चित्कार छन्, आँशु छन् , वेदना छन्, बिछोडका पीडा, खुश्इय सुस्केरा र दुखेसाहरू पनि छन्, जनम् जनम्का युगौं युगका । यहाँ त मान्छे एकछिन–मात्र एक अर्कामा बिबछोड हुनु पर्‍यो भने पनि हा ! हा ‼ गरेर आँशुको धारा खसाउनेहरू पनि छन्, अभफ सधैको लागि बिछोड भयो भने त हा ! हा ‼ दैव भन्दै छातीमा मुड्की ठोक्दै आँशुको भेल बगाउने त तपाई हामी नै हौं । आफ्नै मात्र दुखेसो हैन अरूको समेत बिजोग देख्दा तपाई हामी भन्न पुग्छौं हा ! हा ‼ विचरा ! यो हाम्रो हा ! हा ‼ कति दयालु छ, कति भावुक, कोमल र विह्वल पनि छ । यसैले हामी सबै प्राणीहरूका दुःख र पीडा अनि यिनै रोदन र

क्रफन्दनहरूमा मिसिएर आएका दुःखसुखको साथी बनेको छ यो हा ! हा !! । यसरी दुःखमा पनि, सुखमा पनि आँशु र हाँसोहरू सबैमा यो हा ! हा !! तपाई हाम्रो घनिष्ठ मित्र एवं साथी बनेको छ । हाँस्नु स्वास्थ्यको लागि राम्रो र फाइदाजनक भनी विज्ञहरूले समेत बताउँदै आइरहेका छन् । यसरी एकातिर स्वास्थ्यलाई पनि फाइदा हुने र अर्कोतिर शरीरलाई पनि ठूलो कष्ट, पीर एवं परिश्रम–समेत नपर्ने र कतिपय रोगहरूको सजिलै निदान–समेत हुनसक्ने हुनाले तपाईं हामी सबैले सधैंभरि यो हा ! हा !! लाई नगुन्जाएर अन्यलाई कहाँ र किन खोज्ने ? यसैकारण सबैले हा ! हा !! रोज्ने, एकैठाउँमा भेला हुने र स्वरमा स्वर मिलाएर हा ! हा !! गर्ने । हा ! हा !! का पनि विभिन्न प्रकारहरू छन् र ती सबै झल्किने गरी अथवा प्रथम मुस्कानदेखि अन्तिमरूप अट्टाहासम्म हा ! हा !! लाई घन्काएर गुन्जास्यमान गराई दिऔँ । विश्व नै जुरमुराउने छ, विश्व नै खुशीले खित्का छोड्नेछ, दुःख, पीडा, वेदना र आँशु भाग्नेछ । यसैले आउनुहोस् मनमा मन अनि तनमा तन मिलाएर साथै हाँसौं अनि अरूलाई पनि हँसाऔँ, चाहे चुट्किलाहरू नै पस्किएर किन नहोस हा.............हा..........हा.................।

यसरी यो हा ! हा !! ले यो धर्तीमा आफ्नो एकछत्र राज्य चलाए जस्तो भइरहेको छ । यी सारा मानिसका मुखारबिबन्दबाट खुसिशीयालीमा पनि, हर्षमा पनि, दुःख र पीडामा पनि वेदनामा पनि सबैभन्दा पहिले छिटो र फुर्तीसाथ हा ! हा !! नै निस्कदो रहेछ । यसैकारण मलाई त लाग्छ-मान्छेलाई यो हा ! हा !! को उच्चारण सजिलो एवं सहज एवं सहज परेर होला अनि उसको मुखभरिको जिब्रोलाई हल्लाउनु नपरी शब्द्द निस्कने भएर होला-तँ सबै चिजहरू जुटा म बसी-बसी सबै काम सिध्याउँछु, भनेजस्तो जिब्रो नै नचलाईकन सहजताका साथ बोल्न सक्ने ध्वनि भएर होला जतिखेर पनि हा ! हा !!, जहाँ पनि हा ! हा !!, सबैभन्दा पहिले कोक्रैमा सुनेको ध्वनि वा शब्द्द पनि हा ! हा !! अनि अन्तिममा घाटमा समेत सुन्न्न –सकिने वाणी हा ! हा !! । कति प्यारो छ हा ! हा !!, कति निजी र कति आफन्त छ हा ! हा !!, जताततै हा ! हा !!, हा ! हा !!, हा ! हा !! ।

Formatted: Centered

# ५. सन्दर्भग्रन्थहरूको सूची सामग्री


५.१ राजेन्द्र सुवेदी, स्नातकोत्तर निबन्ध संग्रह, २०५६, पाठ्य सामग्री पसल, काठमाण्डौं ।

५.२ राजेन्द्र सुवेदी, सिर्जनात्मक लेखन सिद्धान्त र विश्लेषण, पाठ्यसामग्री पसल, काठमाण्डौं ।

५.३ गोपी कृष्ण शर्मा, नेपाली निबन्ध परिचय, नवौं संस्करण २०५५, रत्नपुस्तक भण्डार, काठमाण्डौं ।

५.४ राजेन्द्र सुवेदी, स्रष्टा-सृष्टि, साझा प्रकाशन, २०४३, प्रथम संस्करण ।

५.५ डा हिमांशु थापा, साहित्य परिचय, साझा प्रकाशन २०४२, काठमाण्डौं ।

५.६ ज्योतिप्रसाद गौतम, श्रीमद्भागवत गीता, रत्नपुस्तक भण्डा, काठमाण्डौं ।

५.७ बालकृष्ण पोखरेल, कलेज स्तरका निबन्धै निबन्ध, सहयोगी प्रकाशन, २०२७ ।

५.८ लक्ष्मीप्रसाद देवकोटा, लक्ष्मी निबन्ध संग्रह, बाह्रौं संस्करण, साझा प्रकाशन, २०४७ ।

५.९ डा. वासुदेव त्रिपाठी, विचरण, भानु प्रकाशन २०४८ ।

५.१० दयाराम श्रेष्ठ, मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, दोस्रो संस्करण, साझा प्रकाशन, २०४० ।

५.११ डा. तारानाथ शर्मा, नेपाली निबन्धका पच्चीस वर्ष, नेपाल राजनकीय प्रज्ञाप्रतिष्ठान, २०३९ ।

५.१२ साझा निबन्ध, साझा प्रकाशन, २०३० ।

५.१३ ईश्वर बराल, सयपत्री, चौथो संस्करण, साझा प्रकाशन, २०४६ ।

५.१४ हृदयसिंह प्रधान, जुँगा, बाह्रौं संस्करण, २०४१, साझा प्रकाशन ।

- अच्युतशरण अर्ज्याल, **अफ्रेटाका बान्कीहरू**, त्रि.वि.वि., २०४१, काठमाडौं ।
- गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, रत्न पुस्तक भण्डार, २०५५,काठमाडौं ।
- ज्योतिप्रसाद गौतम, **श्रीमद्भगवत् गीता**, अध्याय - १६ श्लोक - ५, रत्नपुस्तक भण्डार, २०४८, काठमाडौं ।
- तारानाथ शर्मा, **नेपाली निबन्धका पच्चीस वर्ष**, नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान (प्रकाशकीय), २०३९, काठमाडौं ।
- दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, साझा प्रकाशन, २०४०, काठमाडौं ।


Formatted: Font: 24 pt
Formatted: Justified, Line spacing: 1.5 lines, Bulleted + Level: 1 + Aligned at: 0" + Tab after: 0.25" + Indent at: 0.25"
Formatted: Font: Bold
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt
Formatted: Font: 16 pt, Bold, Complex Script Font: 16 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt
Formatted: Justified, Line spacing: 1.5 lines
Formatted: Bullets and Numbering
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Bold

⇨ बालकृष्ण पोखरेल, **कलेजस्तरका निबन्धै निबन्ध,** सहयोगी प्रकाशन, २०२७, काठमाडौं ।

⇨ बासुदेव त्रिपाठी, विचरण, **भानु प्रकाशन,** २०२८, काठमाडौं ।

⇨ ____________, **साभ्का निबन्ध (भूमिका),** साभ्का प्रकाशन, २०३०, काठमाडौं ।

⇨ भैरव अर्याल, **जयभुँडी,** रत्नपुस्तक भण्डार, २०२२, काठमाडौं ।

⇨ ____________, **गलबन्दी,** कौवा प्रकाशन, २०२६, काठमाडौं ।

⇨ राजेन्द्र सुवेदी, **दाडिमको रूखनेर,** (सम्पादन), साभ्का प्रकाशनको छापाखाना, २०३९, पुल्चोक ललितपुर ।

⇨ ____________, **निबन्धको परिधिमा टेकेर हेर्दा** (गरिमा), गरिमा प्रकाशन (पूर्णाङ्क १३), २०४०, काठमाडौं ।

⇨ ____________, **स्रष्टा-सृष्टि,** साभ्का प्रकाशन, २०४३, काठमाडौं ।

⇨ ____________, **स्नातकोत्तर निबन्धसंङ्ग्रह,** पाठ्यसामग्री पसल, २०५६, काठमाडौं ।

⇨ ____________, **सिर्जनात्मक लेखन, सिद्धान्त र विश्लेषण** २०५७, पाठ्यसामग्री पसल, काठमाडौं ।

⇨ लक्ष्मीप्रसाद देवकोटा, **लक्ष्मी निबन्धसंङ्ग्रह,** साभ्का प्रकाशन, २००२, काठमाडौं ।

⇨ हिमांशु थापा, **साहित्य परिचय,** साभ्का प्रकाशन, २०४२, काठमाडौं ।



Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Times New Roman
Formatted: Justified
Formatted: Justified, Line spacing: 1.5 lines
Formatted: Font: Bold
Formatted: Justified
Formatted: Justified, Line spacing: 1.5 lines
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Times New Roman
Formatted: Justified
Formatted: Justified, Line spacing: 1.5 lines
Formatted: Font: Bold
Formatted: Font: Times New Roman
Formatted: Font: Bold
Formatted: Font: Bold
Formatted: Font: Times New Roman
Formatted: Font: Bold
Formatted: Font: 16 pt, Complex Script Font: 16 pt
Formatted: Complex Script Font: 16 pt
Formatted: Complex Script Font: 16 pt
Formatted: Font: Times New Roman, 12 pt